## अध्याय एक

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **विश्वामित्र उपन्यासको लैङ्गिक अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आठौँ पत्र (नेपा. शि. ५९८) को प्रयोजनको लागि तयार गरिएको छ ।

### १.३ समस्याकथन

अनुसन्धानका लागि छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्या कथन भनिन्छ । अनुसन्धान कार्यका सिलसिलामा समस्या शब्दको अर्थ अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तुलाई मानिन्छ । समस्याको पहिचानबिना त्यसको समाधान सम्भव हुँदैन । जुनसुकै विषयवस्तुका सम्बन्धमा हालसम्म प्रकाशमा नआएका कुराहरूलाई प्रकाश पार्नु मात्र नभई प्रकाशमा आएका कुराहरूलाई पुनर्मूल्याङ्कन गर्नु पनि अनुसन्धानका सन्दर्भमा समस्याको समाधान गर्नु मानिन्छ ।

प्रस्तुत शोधपत्रमा **विश्वामित्र** उपन्यासका लैङ्गिकताका सम्बन्धमा के-कस्ता आधारहरू प्रस्तुत गरिएको छ भने कुरा मूल समस्याको रूपमा रहेको छ । यसका अतिरिक्त लैङ्गिक दृष्टिले **विश्वामित्र** उपन्यासमा के-कस्तो मौलिकपन रहेको छ ? समाजमा अधिपत्य जमाइ राखेको पुरुषवादको जरो उखेल्नका निम्ति उपन्यासमा के कस्तो विषयवस्तु प्रस्तुत गरिएको छ त्यसको लैङ्गिक अध्ययन नै यस शोधको प्रमुख समस्या हो । यसै अवस्थालाई केन्द्रमा राखी निम्नलिखित समस्याहरूको विश्लेषण गरी शोधको समस्या समाधान गरिएको छ :

क) लैङ्गिक अध्ययनको सैद्धान्तिक स्वरूप के कस्तो रहेको छ ?

ख) **विश्वामित्र** उपन्यासमा लैङ्गिक स्थिति कस्तो छ ?

ग)	**विश्वामित्र** उपन्यासमा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ ?

घ)	**विश्वामित्र** उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले के कस्तो छ ?

## १.४ शोधकार्यको उद्देश्य

**विश्वामित्र** उपन्यासमा लैङ्गिक अवस्था, लैङ्गिक दृष्टिले के कति चेतना दिने प्रयास गरिएको छ ? सो बारे अध्ययन विश्लेषण गरी समस्या समाधान गर्न प्रस्तुत शोधको निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क)	लैङ्गिक अध्ययनको सैद्धान्तिक स्वरूपको परिचय दिनु ।

ख)	**विश्वामित्र** उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु ।

ग)	**विश्वामित्र** उपन्यासको लैङ्गिक चेतना प्रस्तुत गर्नु ।

घ)	लैङ्गिक दृष्टिले **विश्वामित्र** उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.५ अध्ययनको औचित्य

सृष्टिकै सुन्दर उपहार नारी र पुरुष एकै सिक्काका दुई पाटा मानिन्छन् । तर व्यवहारमा नारीहरू पुरुषभन्दा ज्यादै कमजोर, निरीह  र असहाय बन्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा पुरुष नै सर्वेसर्वा मानिने हाम्रो जस्तो विकासोन्मुख देशमा नारी समस्याहरू दिनानुदिन बढ्दै गइरहेको देखिन्छ । पुरुषले जे जस्तो नीच कार्य गरे पनि चुप बस्ने हाम्रो समाज महिलाले गरेका हरेक निर्णयहरूमा प्रश्न चिह्न खडा गरिदिन्छ । नारीहरू नै नारीका विरुद्धमा जुटिरहेका वर्तमान अवस्थामा नारीहरूको प्रगतिमा नारीहरू नै डाह गर्दै आफ्नै प्रतिनिधि नारीको खुट्टा तान्न पनि पछि नहट्ने नेपाली समाजमा पुरूषहरू झनै शोषक, पीडक भएर उभिएको देखिन्छ ।

साहित्य समाजको दर्पण हो । समाजका तीता, मीठा यथार्थहरूलाई भावनाका गुच्छाहरूले सजाएर शब्दहरूमार्फत आम पाठकहरूको मन, मुटु चुम्न सफल उपन्यासकार इन्दिरा प्रसाईंद्वारा लिखित यस **विश्वामित्र** उपन्यासले समाजमा रहेका विकृति, विसङ्गतिहरूको पर्दाफास गरेको छ । नारीलाई हेर्ने पुरुषका पापी आँखाहरूलाई आम पाठकमाझ चिरफार गर्न सफल यस उपन्यासमा नारी भोग्य वस्तु होइन, उसको आफ्नै अस्तित्व छ, लोभ र लालचमा फसाएर उसको जीवन बरबाद पार्ने यौन पिपासु पुरुषहरूको बीभत्स प्रवृत्तिप्रति

व्यङ्ग्य गरिएको यस उपन्यासमा नारीलाई खेलौना मात्र सम्झने पुरुषहरूको यथार्थ स्वरूप चिनेर उनीहरूबाट टाढै बस्नु पर्ने कुरालाई प्रष्ट पार्न खोजिएको छ । यस उपन्यासभित्र रहेको लैङ्गिक अध्ययनबाट नेपाली नारीहरूप्रति पुरुषहरूले हेर्ने दृष्टिकोण कस्तो रहेछ र नारीहरू आफ्नो अस्मिता रक्षाका लागि कसरी सजग हुनु पर्छ भन्ने चेतना र सन्देश दिन खोजिएको छ । तसर्थ यस अध्ययन आधा आकाश ओगटेका महिलाको अस्तित्व र हक अधिकारका बारेमा विवेचना गरिने हुनाले नारीवादी अध्येताहरूका लागि यो शोधकार्य औचित्यपूर्ण देखिन्छ ।

बुँदागत रूपमा यस शोधकार्यको औचित्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) लैङ्गिक समानताको अवस्थाका बारेमा जानकारी लिन ।

ख) लैङ्गिक समानता स्थापनार्थ सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको विश्लेषण गर्न सहयोग मिल्ने ।

ग) लैङ्गिक असमानता हटाउनमा आइ पर्ने समस्याहरू पहिचान हुने ।

घ) समस्या समाधानका उपायहरू पत्ता लगाउन सजिलो हुने ।

ङ) लैङ्गिक समानताको बारेमा जान्न चाहने व्यक्ति, संस्था, शोधकर्ता र सरकारी तथा गैरसरकारी क्षेत्रलाई सहयोग मिल्ने ।

च) लैङ्गिक शिक्षाले व्यक्ति, समाज, राष्ट्र र विश्वको चौतर्फी विकास गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने ।

छ) परम्परावादी पितृसत्तात्मक धारणामा परिवर्तन गरी सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गराउन सहयोग मिल्ने ।

ज) **विश्वामित्र** उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी दिनुका साथै लैङ्गिक विभेदबाट मुक्ति पाउन महिला जागरणको आवश्यकता र आफूमा सक्षमता बढाउनु पर्ने चेतना वृद्धि गर्ने छ ।

झ) लैङ्गिकता सम्बन्धी अन्य अध्ययन अनुसन्धान भए पनि **विश्वामित्र** उपन्यासको लैङ्गिक अध्ययन हालसम्म नभएकोले यो अध्ययनीय विषयको रूपमा रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

शोधकार्य आफैँमा जटिल र चुनौतिपूर्ण कार्य हो । जुनसुकै अध्ययन अनुसन्धानको क्षेत्र, परिवेश तथा सामग्री आदिका सम्भाव्यता व्यापक र विस्तृत हुन्छन् तर अध्ययनका क्रममा सम्पूर्ण पक्षलाई समेट्ने कठिनाइ हुने हुँदा अध्ययनको क्षेत्र र सीमालाई निश्चित रूपमा तोक्नु पर्ने हुन्छ । त्यसैले लैङ्गिकताको क्षेत्र पनि व्यापक भएको प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरी अध्ययन गरिएको छ ।

क) प्रस्तुत शोधकार्य **विश्वामित्र** उपन्यासमा रहेको लैङ्गिक चेतनाको प्रयोगमा मात्र केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोधकार्य लैङ्गिक समालोचना र दृष्टिकोणका सैद्धान्तिक आधार निर्धारण, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता र समता साँस्कृतिक चेतना, महिला शिक्षा आदिमा केन्द्रित रहेको छ ।

ग) **विश्वामित्र** उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा **विश्वामित्र** उपन्यासलाई मात्र आधार बनाइएको छ ।

घ) लैङ्गिक दृष्टिले **विश्वामित्र** उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक स्थिति पहिचानमा मात्र केन्द्रित रहने छ ।

ङ) यस अध्ययनमा सम्बन्धित शोधनायिकासँगको अन्तर्वार्ता समावेश गर्न सकिएको छैन ।

## १.७ शोधविधि

कुनै पनि शोधकार्यलाई नयाँ गति दिनका लागि क्रमिक रूपमा अगाडि बढाउन अनुसन्धान विधिको आवश्यकता पर्दछ । यसरी समस्याको उचित विश्लेषण गरी सार्थक निष्कर्षमा पुऱ्याउने प्रक्रियालाई अनुसन्धान विधि भनिन्छ । प्रस्तुत शोधकार्यको मुख्य समस्यासित सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन विधिबाट गरिएको छ । अनुसन्धानविधिमा सामग्रीहरूको स्रोत दुई किसिमका हुने छन् ।

**क) प्राथमिक स्रोत**

यसअन्तर्गत प्राथमिक स्रोतको सामग्रीको रूपमा **विश्वामित्र** उपन्यासलाई लिइएको छ ।

**ख) द्वितीयक स्रोत**

यसअन्तर्गत नेपाली उपन्यासमा लैङ्गिक चेतना र लैङ्गिक दृष्टिकोणबारे गरिएका अनुसन्धानात्मक ग्रन्थ, विभिन्न अनुसन्धान र पत्रपत्रिकाहरूमा प्रकाशित लेख रचनाहरूबाट सामग्री सङ्कलन गरी शोधकार्य सम्पन्न गरिएको छ । यसका साथै विषयगत समस्याहरूको निराकरणका लागि सम्बद्ध विषयका विशिष्ट विद्वान र विशेषज्ञहरूसँग पनि आवश्यक परामर्श लिइएको छ ।

**१.८ अध्ययनको रूपरेखा**

प्रस्तुत अध्ययनलाई निम्नलिखित अध्यायमा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तिन : लैङ्गिकताको सैद्धान्तिक अवधारणा

अध्याय चार : **विश्वामित्र** उपन्यासको विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझावहरू

सन्दर्भसामग्री सूची

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन

## २.१ परिचय

कुनै पनि अनुसन्धेय विषयवस्तु सम्बन्धी त्यसभन्दा पहिले गरेका सम्पूर्ण कार्यहरू नै पूर्वकार्य हुन् । अनुसन्धान गर्नु भन्दा पहिले सम्बन्धित विषयम लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्य-दृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु आवश्यक हुन्छ । यसबाट सम्बन्धित विषय क्षेत्रमा त्यसपूर्व के कति अध्ययन भएका छन् ? के कति हुन बाँकी छन् भ न्ने कुराको सही जानकारी पाउन सकिन्छ । पूर्वकार्यको समीक्षाले आफूले अध्ययन अनुसन्धान गर्न बाँकी चुनौतीपूर्ण कार्यहरू के कति छन् र सम्बन्धित क्षेत्रमा अब कुन कुन समस्याहरू रहेका छन् भन्ने कुराको निर्क्यौल गर्न सकिन्छ । यसरी यसले अनुसन्धानलाई पुनरावृत्तिबाट जोगाउन र अनुसन्धानलाई सही बाटोमा डोऱ्याउन सहयोग पुग्दछ । यसले सम्भावित त्रुटिबाट बँचाइ नयाँ एवम् उपयुक्त प्रविधि अपनाई समस्याको चुरो पत्ता लगाउन तथा समस्याको औचित्य स्थापित गर्न र शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउँछ । यस अध्ययनका क्रममा पनि लैङ्गिक अध्ययनसँगै सम्बन्धित भई गरिएका नारीवादी अध्ययन अनुसन्धानसँग सम्बन्धित लेख, रचना, समालोचनात्मक ग्रन्थ तथा पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूलाई पूर्वकार्यको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.२ शोधकार्यसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन

स्नातकोत्तर तहको उपाधिका लागि मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रहेर काफ्ले (२०६८) द्वारा **उपन्यासकार इन्दिरा प्रसाईं** शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा उपन्यासकार इन्दिरा प्रसाईंको **विश्वामित्र** उपन्यासलाई पनि समेटेर कृतिपरक अध्ययन र विश्लेषण गरिएको छ । इन्दिरा प्रसाईंको औपचारिक यात्राको अध्ययन गर्नु, इन्दिरा प्रसाईंको उपन्यासकारिताको अध्ययन गर्नु आदि उद्देश्य राखेर उक्त शोधपत्र तयार गरिएको छ । आफ्नो अविवेकी निर्णय र पुरुषको लापरवाहीपूर्ण क्रियाकलापले कतिपय नारीहरू मृत्युको सिकार भएका छन् भन्ने मुख्य सार रहेको छ

उक्त शोधपत्रको । त्यसैगरी मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह अन्तर्गत रहेर भट्टराई (२०५५) द्वारा **इन्दिरा प्रसाईंको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । इन्दिरा प्रसाईंको सम्पूर्ण चिनारीसहित साहित्यिक यात्रा उल्लेख गरिएको यस शोधपत्रमा साहित्यकार प्रसाईंको **विश्वामित्र** उपन्यासको पनि कृतिपरक अध्ययन गरिएको छ ।

कुँवर (२०६५) द्वारा **कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकको लैङ्गिक स्थिति** शीर्षकमा एक अध्ययन भएको पाइन्छ । उक्त अध्ययन नि. मा. वि. तहको कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक समानता र विभेदको अवस्था पत्ता लगाउनु, पाठ्यपुस्तकमा लैङ्गिक आधारमा भएका कमी कमजोरी पत्ता लगाउनु जस्ता उद्देश्य लिएर अध्ययन गरिएको छ । उक्त अध्ययन काठमाडौं जिल्ला भित्रबाट छनोटमा परेका चार ओटा सामुदायिक विद्यालयलाई लिइ सम्बन्धित पक्षहरूको फोटो, तस्विर, चित्र, कार्यव्यवहार, संवाद, शब्दावली, उदाहरण, अनुच्छेदमा केन्द्रित रही अध्ययनको औजारको रूपमा खुल्ला प्रश्नावली, समूहमाथि छलफल र दस्तावेजलाई सीमाङ्कन गरिएको पाइन्छ । पाठ्यपुस्तकभित्र रहेका बाह्रओटा पाठमा लैङ्गिक विभेद र सातओटा पाठमा लैङ्गिक समानता रहेको कुरा उल्लेख गरिएको छ । साथै उक्त पाठ्यपुस्तकमा चित्र, भाषा, शब्दावली, उदाहरण अनुच्छेदमा लैङ्गिक समावेशी प्रतिनिधित्व गराउनुपर्ने सुझाव दिइएको छ ।

जोशी (२०६६) द्वारा पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभागबाट **प्राथमिक तहको शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक समानताको अवस्था** शीर्षकमा शोधकार्य सम्पन्न भएको पाइन्छ । जसमा के कक्षाकोठामा हुने सबै क्रियाकलापमा छात्र/छात्राको समान सहभागिता छ ? प्रशासनमा अन्य क्रियाकलापमा समान सहभागिता छ ? महिला शिक्षक नियुक्तिले छात्र/छात्रामा कस्तो प्रभाव पारेको छ ? आदि समस्याहरू राखेको पाइन्छ । उक्त अध्ययनले शिक्षणमा शिक्षक शिक्षिकाले समानताको रूपमा विद्यार्थीलाई हेर्ने, नहेर्ने, महिला शिक्षकको उपस्थितिबाट विद्यार्थीमा परेको प्रभावबारे थाहा हुने, विद्यालयको प्रशासनिक क्षेत्रमा रहेको लैङ्गिक समानताको अवस्थाको जानकारी पाउने जस्ता उद्देश्य राखिएको छ । निष्कर्षमा अझै पनि विद्यालयको नेतृत्व तहमा महिलाको पहुँच कम रहेको, सङ्ख्यात्मक रूपमा निर्णय प्रक्रिया र नेतृत्व लिन महिलाहरू अग्रसर नभएका, प्रश्न सोध्ने

कार्यमा बढीजस्तो छात्रलाई सोधेको पाइयो । उक्त अध्ययनले कक्षा व्यवस्थापनमा लैङ्गिक मैत्री बनाइ छात्राको सहभागिता वृद्धि गर्नु, छात्र छात्रालाई बराबर प्रश्न सोध्ने, सुरक्षित पर्खाल, पानी सहितका शौचालय हुनु पर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकमा लैङ्गिक चेतना बढाउने सान्दर्भिक विषयवस्तु राखिनु पर्ने, लैङ्गिक समता कायम गर्न शिक्षक, विद्यालय प्रशासन, अभिभावक, विद्यार्थी सबैले आवश्यक सहयोग पुऱ्याउनु पर्ने सुझावहरू राखेको छ ।

लैङ्गिकता सम्बन्धी अध्ययन गर्ने क्रममा श्रेष्ठ (२०६७) द्वारा **तीनघुम्ती उपन्यासको लैङ्गिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । तीन घुम्ती उपन्यासमा पुरुषलाई भन्दा बढी महिलालाई स्वतन्त्रता र प्रोत्साहन दिइएको, लैङ्गिक भाषामा समानता रहेको, सशक्तीकरणका हिसाबले महिलालाई राजनीतिक, आर्थिक भूमिकामा प्रोत्साहन दिइ समावेश गर्नु पर्ने, महिलाका चाहना आवश्यकता र अधिकारलाई हरेक पुरुषले बुझ्नु पर्ने, परम्परावादी सोचबाट महिलालाई हेर्न नहुने आदि सुझावहरू दिइएको छ ।

लैङ्गिकतासम्बन्धी अध्ययन गर्ने क्रममा केसी. (२०६७) द्वारा **प्राथमिक तहका नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त अनुसन्धानात्मक शोधमा प्राथमिक तहका नेपाली भाषाका पाठ्यपुस्तकहरूमा समाविष्ट चित्रहरूको लैङ्गिक समानताको अध्ययन गर्ने, उक्त पाठ्यपुस्तकका चित्रहरूमा महिलाको भूमिका पत्ता लगाउने, लैङ्गिक समानताका दृष्टिले उक्त पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको उपयुक्तता पहिल्याउने आदि उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनले पुरुषहरू बढी मात्रामा उत्पादक सामुदायिक भूमिकामा संलग्न रहेको ४० ओटा चित्रहरूमध्ये २४ ओटा चित्रहरूमा लैङ्गिक समानता विभेद रहेका र १६ ओटा चित्रहरूमा लैङ्गिक समानता रहेको, पुरुषलाई बढी भूमिका निर्वाह गर्न लगाइएको आदि निष्कर्ष निकालिएको छ । जसमा महिलाहरूले कार्यालय, पसल र सङ्घ संस्थामा कार्य सम्पादन गरेका चित्रहरू समावेश गरिनु पर्ने, विद्यमान महिलाप्रतिको सोचमा परिवर्तन ल्याउन सहयोग गर्ने खालका चित्रहरू राख्नु पर्ने आदि सुझावहरू प्रस्तुत भएको पाइन्छ ।

पौडेल (२०६८) द्वारा **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन** शोधकार्य सम्पन्न भएको छ । उक्त अध्ययनले निर्दिष्ट पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा कुनै पनि सामाजिक कार्य, समाज सेवा आदिमा महिलाको सहभागितामा कमी रहेको साथै महिलाहरू घरायसी काममा मात्रै बढी सक्रिय रहेको देखाएको छ । आर्थिक रूपमा पनि विपन्न नारी पात्रको प्रयोग नै बढी भएको देखिनुका साथै धार्मिक दृष्टिले पनि महिलाहरू नै पीडित भएको कुरा निष्कर्षका रूपमा रहेको उक्त अध्ययनमा महिलाले नै धर्म, व्रत, पूजा आदि कार्यमा संलग्न रही आफ्ना छोरा र पतिका लागि दिनभर भोकै बस्नु पर्ने तीतो यथार्थ प्रस्तुत गरिएको छ । यसरी उक्त अध्ययनमा महिला तथा पुरुषबीच आपसी समझदारी बढाउने र लैङ्गिक समानताको सुनिश्चितता गरिने भाषिक सम्बोधन सम्मानपूर्वक हुनु पर्ने, महिलालाई परम्परावादी रुढिग्रस्त, पति परायण, निरीह मात्र नदेखाएर प्रगतिवादी, आधुनिक र पुरुष समान भएका नारी पात्रहरू समावेश भएका कथाहरू पाठ्यपुस्तकले समेट्नु पर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग अन्तर्गत पौडेल (२०६८) द्वारा **समानान्तर आकाश उपन्यासको लैङ्गिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । समानान्तर आकाश उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक र राजनीतिक भूमिकामा पुरुष र महिलाको समान सहभागिता रहेको, पुनर्उत्पादक भूमिकामा पुरुष सहभागिता कम रहेको देखिन्छ । महिला स्वाभिमानको रक्षा गरेको उक्त उपन्यासले नारी जातिको उत्थान, उनीहरूलाई आत्मनिर्भर बनाउने काम, स्वस्थ समाज, नारी जातिको समानान्तर आकाश निर्माण गर्नका लागि सङ्घर्षको आवश्यकता पर्छ भन्ने सन्देश दिएको छ । पुरुषहरूले नारीलाई उपभोग्य वस्तु वा यन्त्र बनाउने प्रवृत्तिप्रति खरो रूपमा उत्रँदै विद्रोह गरिएको उक्त उपन्यासमा घर बाहिरका काम, कार्यालयका काम, समाजसुधार, राजनीतिक नेतृत्वका क्षेत्रमा नारीहरू पनि पुरुष जत्तिकै सक्षम छन् भन्ने कुराको चित्रण पाइन्छ ।

पौडेल (२०६८) द्वारा **एक चिहान उपन्यासको लैङ्गिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला वर्गलाई उच्च पुरुष वर्गका व्यक्तिले हेर्ने व्यवहारमा ठूलो असमानता रहेको उक्त अध्ययनले लैङ्गिक दृष्टिले महिलाले

पुरुष र पुरुषले महिलालाई हेर्ने दृष्टिमा परिवर्तन गर्नु पर्ने साथै महिला र पुरुष एक अर्काका परिपूरक हुन् भन्ने भावना सबैलाई हुनु पर्ने निष्कर्ष निकालेको छ ।

## २.३ पुस्तक तथा पत्रपत्रिकाको पूर्वकार्यको पुनरावलोकन

शर्मा (२०५५) द्वारा **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** ग्रन्थमा लिङ्ग प्राकृतिक कुरा नभएर समाज र संस्कृतिबाट पोषित स्वभाव र व्यवहारको रूपमा पाइने कुरा उल्लेख गर्दै पुरुष र महिलाका गुणहरू खासगरी पुरुषमा निर्भयता, असङ्कोच तथा दृढता जस्ता कुराहरू रहने हुनाले उसलाई पुलिङ्ग र महिलामा सरलता, अप्रतिरोध तथा सङ्कोच हुने हुनाले स्त्रीलिङ्ग भनिएको कुरा व्यक्त गरिएको छ ।

खनाल (२०६६) ले शिक्षाशास्त्र केन्द्रीय विभाग नेपाली भाषा शिक्षा विभागद्वारा प्रकाशित वार्षिक पत्रिका **सम्प्रेषण** अङ्क ६ मा प्रकाशित **पँहेलो गुलाफ कथामा लैङ्गिक चेतना** शीर्षकको लेखमा लैङ्गिक समालोचनाको परिचय दिँदै समाजमा महिलालाई असहाय, उपेक्षित, कमजोर र दोस्रो दर्जाको रूपमा राखी शोषण, दमन गरेको कुरालाई उल्लेख गरेका छन् । उक्त अध्ययनमा आफ्नो कामना पूरा गर्नका लागि कुनै लाज, घिन, डर र संवेदना पुरुषमा नभएको साथै पुरुषले नारीलाई आफ्नो गोजीमा राखेको वस्तु सम्झने र जतिबेला, जसरी मन लाग्यो त्यसरी नै प्रयोग गर्ने कुरा उल्लेख गरिएको छ । नारी अशक्त र असहाय भएको बेलामा समेत नारीको अस्मिता लुट्न आतुर पुरुषलाई उक्त अध्ययनमा नारीलाई भोग्य वस्तुको रूपमा हेरेको कुरा दर्शाउँदै गोही, स्याल, झुसिलकिरा, बिरालो, चील आदिका प्रतीकका रूपमा प्रयोग गरिएको छ । पितृसत्तात्मक समाजमा महिलालाई भोग्य वस्तुको रूपमा लिई यौन शोषणको पराकाष्टा महिलाले भोग्नु परेको कुरा दर्शाउँदै त्यसको प्रतिवाद गर्न जागरुक हुनु पर्ने साथै पुरुषको बदला लिन अघि सर्नु पर्ने निष्कर्ष उक्त अध्ययनमा प्रस्तुत गरिएको छ ।

रिमाल (२०१६) ले **यो प्रेम** नाटकमा परम्पराको जाँतोमा पिल्सिँदै आएका नारीहरू र भोगवादी संस्कारमा हुर्किएका पुरुषहरू बीचको द्वन्द्व प्रबल रूपमा देखाएका छन् । नारीहरूले परम्पराप्रति ठाडो विद्रोह गर्न सक्दैनन् यदि प्रेम गर्ने पुरुषले विवाहका निम्ति प्रयास गर्दैन भने त्यस्तो प्रेमीलाई धोकेवाजको रूपमा लिइएको उक्त पुस्तकमा आफ्नी पत्नीलाई प्रेम नगरी अर्को युवतीसँग प्रेम सम्बन्ध गाँसेको पीडाले पत्नी मरेकी छ भने

अर्कोतिर आफ्नी पत्नीले अर्को युवकसँग प्रेम गरेको पीडाका कारण पति मरेको छ । तसर्थ यस पुस्तकमा एक आपसमा आफ्ना इच्छा, चाहना पूरा गर्न पुरुष र महिलाले आफ्नो-आफ्नो चाहना अनुसार अगाडि बढेको देखिन्छ ।

शर्माको **आइमाई साथी** निबन्धमा पनि विशेष गरी पुरुष र महिला बीचमा भएका सम्पूर्ण विभेदलाई निर्मूल पार्दै पुरुषबिना महिला र महिलाबिना पुरूष एक आपसमा कहिल्यै पनि पूर्ण हुन नसक्ने भन्ने कुरालाई स्पष्ट पार्ने जमर्को गरिएको छ । खास खास संरचना विशेषता बाहेक विज्ञानले पनि मानवीय क्षमता, बुद्धि, विवेक र मष्तिष्कमा पुरुष र महिलामा भेदभाव प्रमाणित गर्न सकेको छैन । महिलाहरूकै साथ र सहयोगका कारण देशको विकास गर्ने कार्यमा सहयोग मिल्ने कुरा उल्लेख भएको उक्त निबन्धमा नारी र पुरुष एकै सिक्काका दुई पाटाका रूपमा रहेकाले सधैँ हातेमालो गरेर अघि बढ्नु पर्ने कुरा उल्लेख गरिएको छ ।

यसरी लैङ्गिकता सम्बन्धी विभिन्न किसिमका शोधपत्र, ग्रन्थ, लेख आदि प्राप्त भएता पनि **विश्वामित्र उपन्यासको लैङ्गिक अध्ययन** यस भन्दा पहिले भएको पाइँदैन । तसर्थ उपन्यास विधामा लैङ्गिकता प्रति चसो हुने अध्ययनकर्ताहरूबीच यस अध्ययन कार्यले आगामी दिनहरूमा एउटा मार्गदर्शकको रूपमा प्रयोग भई सम्बन्धित समस्या समाधानका लागि सहयोग पुऱ्याउने कुरामा दुई मत देखिँदैन । अत : यो अध्ययन कार्य निकै महत्त्वपूर्ण रहने देखिन्छ ।

## अध्याय तिन

# लैङ्गिकताको सैद्धान्तिक अवधारणा

### ३.१ लैङ्गिकताको परिचय

लिङ्गका आधारमा महिला र पुरुषमा सामाजिक मूल्य र मान्यताहरूको सिर्जना गर्नु नै लैङ्गिकता (Gender) हो । लिङ्गका आधारमा पुरुष र महिलाको भूमिकामा के कस्तो भिन्नता रहन्छ र रहनु पर्छ भन्ने सामाजिक मूल्यमान्यताको समष्टि रूपलाई लैङ्गिकता भनिन्छ । प्राकृतिक भिन्नता नभई समाजले सिर्जना गरेको भिन्नता नै लैङ्गिकता हो । लैङ्गिकतालाई अङ्ग्रेजीमा 'जेन्डर' भनिन्छ । अङ्ग्रेजी भाषामा 'जेन्डर' शब्द फ्रेन्च भाषाबाट आएको हो । लिङ्ग (Sex) र लैङ्गिकता (Gender) बीच फरक पाइन्छ । लिङ्ग (Sex) ले नारी र पुरुषको प्राकृतिक रूपमा प्राप्त शरीरको भौतिक भिन्नतालाई जनाउँछ भने लैङ्गिकता (Gender) ले महिला र पुरुषबीच समाजले सिर्जना गरेका कृत्रिम भिन्नतालाई जनाउँछ । यसरी प्राकृतिक रूपमा नै महिला र पुरुषबीच हुने भिन्नता लिङ्ग (Sex) हो भने सामाजिक, सांस्कृतिक, आर्थिक रूपमा मानिस स्वयम्ले सिर्जना गरेको भिन्नता लैङ्गिकता (Gender) हो । जस्तैः पुरुषमा दाह्री, जुँगा आउनु, लिङ्ग फरक हुनु, पुरुषको विशेषता हो भने स्तन हुनु, लिङ्ग फरक हुनु, सन्तान जन्माउनु जस्ता पुरुषका भन्दा भिन्न विशेषताले स्त्रीका विशेषता बुझाउँछ । यसरी प्राकृतिक रूपमा भिन्न हुनु लिङ्ग हो भने मानिसले सिर्जना गरेका भिन्नता लैङ्गिकता हुन् । जस्तै : खाना पकाउने, लुगा धुने, सरसफाइ गर्ने जस्ता घरायसी कामको जिम्मा महिलालाई दिनु र घरव्यवहार चलाउने, विदेश जाने, कमाइ गर्ने, घर बाहिरका काम गर्ने जस्ता जिम्मेवारी पुरुषलाई दिनु लैङ्गिक भिन्नता हो । यसरी समाजले सिर्जना गरेका महिला पुरुषबीचको भिन्नतालाई लैङ्गिकता भनिन्छ । प्राकृतिक रूपमा महिला र पुरुषबीच हुने फरक बाहेक धर्म, संस्कृति, रीतिरिवाज आदिका आधारमा महिला र पुरुषबीचको भूमिका निर्धारण गरिनु नै लैङ्गिक भिन्नता हो ।

लिङ्ग (Sex) र लैङ्गिकता (Gender) शब्दहरूको प्रतिपादन गर्ने कार्य एन्ने ओकलपाइले गरेका हुन् । लिङ्ग (Sex) र लैङ्गिकता (Gender) शब्दका बीचमा भिन्नता छ भन्ने अवधारणा मनोवैज्ञानिक रोबर्ट स्टोलरले आफ्नो पुस्तक **सेक्स एण्ड जेन्डर** मा गरेका

छन् । लिङ्ग (Sex) र लैङ्गिकता (Gender) लाई क्रमश : प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गका रूपमा पृथक पृथक तरिकाले बुझ्नु पर्दछ भन्ने मान्यताको विकास १९ औं शताब्दीको अन्यतिरबाट भएको हो (आचार्य, २०६८ : १) । लामो समयसम्म महिला र पुरुषका बीचको फरक अवस्था रहनुमा प्राकृतिक लिङ्गको कारण जिम्मेवार मानिन्थ्यो तर अहिले प्राकृतिक मात्र नभई सामाजिक कारण मुख्य रहेको देखिन्छ । यसमा सामाजिक लिङ्गभेदलाई सामाजिक, सांस्कृतिक दृष्टिकोणबाट हेरिने मान्यता रही आएको पाइन्छ । यहाँ प्राकृतिक लिङ्ग (Sex) र सामाजिक लैङ्गिकता (Gender) लाई छुट्टा छुट्टै रूपमा अध्ययन गरी प्रष्ट पार्ने जमर्को गरिएको छ ।

### ३.१.१ प्राकृतिक लिङ्ग (सेक्स)

सृष्टिकै सुन्दर उपहार स्वरूप प्रकृतिले यस धरतीमा नारी र पुरुष गरी दुई जातलाई जन्म दिएकी छिन् । नारी र पुरुष बीचको शारीरिक भिन्नताकै कारणले होला नारीलाई पुरुष नभनिएको साथै पुरुषलाई नारी नभनिएको । यदि नारी र पुरुषका शारीरिक संरचनामा भिन्नता नहुँदो हो त सायद संसारका सबै व्यक्तिलाई मानिस भनेर मात्र चिनिन्थ्यो । तर नारी र पुरुषबीचको भिन्न शारीरिक संरचनाकै कारण नारी र पुरुष भनेर वर्गीकरण गरिएको पाइन्छ । पुरुषमा भएका शारीरिक संरचना र नारीमा भएका शारीरिक संरचना एक आपसमा नमिलेकै कारण प्रकृतिले नारी र पुरुषको उपमा दिएकी हुन् मानिसलाई । यसरी व्यक्तिमा भएका मौलिक जैविक विभिन्नताका आधारमा व्यक्तिलाई छुट्याउने आधारलाई हामी प्राकृतिक लिङ्गका रूपमा बुझ्छौं । लिङ्ग जन्मजात रूपमा हुने अपरिवर्तनशील सामाजिक विशेषता हो । जन्मसिद्ध अधिकारका रूपमा लिङ्गलाई लिइन्छ । मानवमा निहित स्त्री जनेन्द्रीय र पुरुष जनेन्द्रीयलाई लिङ्गका रूपम लिई महिला र पुरुषमा भेद गरिएको हुन्छ । लिङ्गका आधारमा नै महिला र पुरुषका बीच प्राकृतिक कार्यको विभाजन भएको पाइन्छ । जस्तै : महिलाले बच्चा जन्माउन सक्छन् भने पुरुषले गर्भधारण गर्न नसके पनि शुक्रकिटको उत्पादनद्वारा गर्भधारणमा अनिवार्य सहभागिता रहन्छ । यसरी मानिस वा प्राणीमा रहने जैविक भिन्नताका आधारमा लिङ्गभेद गरिन्छ भने त्यसलाई प्राकृतिक लिङ्गभेद भनिन्छ । जसमा लिङ्ग छुट्याउने आधार नै शारीरिक विशेषता रहेका हुन्छन् । यस्तो लिङ्ग भेद गर्ने आधार मानव संसारमा एउटै रहेको हुन्छ । यो स्थिर, प्राकृतिक र नैसर्गिक रहेको हुन्छ । यसले शारीरिक

विशेषतालाई प्रतिनिधित्व गर्दछ । जसलाई प्रत्येक समुदायका व्यक्तिहरूले सहर्ष स्वीकार गर्दछन् । तसर्थ प्राकृतिक लिङ्गभेद शिक्षित अशिक्षित सबैले सजिलै छुट्याउन सक्ने विश्वव्यापी आधार हो । यो जन्मसिद्ध, अपरिवर्तनशील, सर्वव्यापी, जैविक र विश्वव्यापी रहेको हुन्छ ।

### ३.१.२ सामाजिक लिङ्ग (जेन्डर)

नारी र पुरुषका शारीरिक संरचनाका आधारमा नभई समाजले नारी र पुरुषबाट अपेक्षा गरेको भूमिका नै सामाजिक लिङ्ग (जेन्डर) हो । त्यसो त नारी र पुरुषलाई एकै सिक्काका दुई पाटा मानिएतापनि व्यवहारमा यो कुरा लागू भएको देखिँदैन । पुरुष नै सर्वेसर्वा मानिने हाम्रो जस्तो गरिब मुलुकमा पुरुषहरूले नारीहरूलाई परम्परादेखि नै दासको रूपमा प्रयोग गर्दै आएको देखिन्छ । महिलाको काम त केवल घरभित्रको काम गर्ने, घर परिवारलाई रिझाउने, बच्चा जन्माउने मेसिनको रूपमा मात्र प्रयोग हुने परम्परा अझै पनि यथावत् नै रहेको देखिन्छ । घरबाहिरको काम त पुरुषको मात्र हो भन्ने सोच राखेर अझै पनि नेपाली महिलाहरू घर भित्रै कैद भएर जीवनयापन गर्न विवश छन् । घर बाहिर पुरुषले जतिसुकै घृणित काम गरेर आएपनि उक्त पुरुषलाई महिलाले हाँसी हाँसी स्वीकार गर्नु पर्दछ तर एक दिन कुनै महिला घर फर्कन ढिला भयो भने शङ्काको दृष्टिले हेर्ने गरिन्छ । पुरुषले गरेका हरेक कार्य राम्रो मान्ने हाम्रो समाज नारीले गरेका हरेक कार्य प्रति प्रश्न चिह्न खडा गरिदिन्छ । महिलाले केही काम गर्न सक्दैनन् कमजोर हुन्छन् भन्ने सोचाइ नेपाली समाजमा अझै पनि विद्यमान छ ।

यसरी सामाजिक, सांस्कृतिक जीवनका अनेकौं पक्षमा महिला र पुरुषको भूमिका समाज, भौगोलिक अवस्था, देश अनुसार फरक फरक रहेको हुन्छ । यो स्थिर नभई समाजको परिवर्तनसँगै परिवर्तन हुन्छ । सामाजिक मूल्य र मान्यता, धर्म र संस्कृतिका आधारमा समाजमा महिला र पुरुषका भूमिकालाई सामाजिक लिङ्ग (जेन्डर) भनिन्छ । विभिन्न देश, समाजका महिला तथा पुरुषले परिवार, समाज, अर्थात निजी र सार्वजनिक क्षेत्रमा एउटै काम गर्दैनन् । कुनै ठाउँका महिला घर भित्रको काममा मात्र सीमित हुन्छन् भने कुनै ठाउँका महिला कार्यालय, उद्योग आदिमा व्यस्त हुने गर्दछन् । त्यसै गरी कुनै ठाउँका महिलाले आफ्नो शरीर नदेखियोस् भनेर बुर्का लगाउँछन् भने कुनै ठाउँका महिलाले आधा

शरीर मात्र ढाकेर पनि हिँड्ने गरेको देखिन्छ । त्यसै गरी कुनै ठाउँका पुरुषहरू महिलालाई घरबाहिरका काममा पठाएर आफू बालबच्चा हेर्ने तथा घरायसी कामकाजमा व्यस्त भएको पनि देख्न सकिन्छ । तसर्थ सामाजिक लिङ्ग (जेन्डर) समाज स्वयम्ले निर्माण गरेको लिङ्ग हो जसलाई जसरी प्रयोग गर्न चाह्यो त्यसरी नै प्रयोग गर्न सकिन्छ सामाजिक लिङ्ग सर्वव्यापी नभई देश, काल, परिस्थिति र समय अनुसार फरक हुने गर्दछ ।

यसरी मानव समाजमा लैङ्गिकताको जरो जतासुकै फैलिएको छ । यो समाजले प्रदान गरको मान्यता हो । यस मान्यतालाई परिवर्तनशील समाजले परिवर्तित मान्यता अनुसार ग्रहण गर्दै गइरहेको पाइन्छ । यो समाज विकासको प्रक्रियासँगै निरन्तर अगाडि बढिरहेको छ र बढिरहने छ । समाजमा आएको परिवर्तनले समाजमा ल्याएका चेतना वृद्धिका कारण मानिसहरूमा लैङ्गिक विभेदको विकराल स्थितिमा केही सुधार भइरहेको देखिन्छ ।

## ३.२ लैङ्गिकताको परिभाषा

लैङ्गिकता के हो भन्ने सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न समयमा अध्ययन गरेका छन् । यस क्रममा उनीहरूले लैङ्गिकता सम्बन्धमा आफ्ना विचारहरू व्यक्त गरेका छन् । यसरी विद्वानहरूले व्यक्त गरेका विचारहरूलाई आचार्य र अर्याल (२०६८) ले आफ्ना पुस्तकमा उल्लेख गरेका छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

'समाजमा लिङ्गका आधारमा सामाजिक व्यवस्था निर्धारण गरे अनुरूप महिला र पुरुषबाट समाजले अपेक्षित गरेका भूमिका सामाजिक लिङ्ग हो ।' -आचार्य, २०६८ : ३

'लैङ्गिक भनेको समाज, समुदाय तथा सामाजिक, सांस्कृतिक एकाइद्वारा महिला र पुरुषले सम्पादन गर्ने भनी निर्धारण गरेका काम, कर्तव्य र जिम्मेवारीहरू हुन् ।' -अर्याल, २०६८ : ३

'समाजले दिएको महिला र पुरुषको परिभाषालाई सामाजिक लिङ्ग वा जेन्डर भनिन्छ ।'

-कमला भाषिन, २०००

'महिला र पुरुष बीचका व्यवहारहरूलाई बुझाउन लैङ्गिक वा जेन्डर शब्दको प्रयोग गरिन्छ जुन व्यवहारहरू सांस्कृतिक पक्षमा आधारित र सामाजिक रूपले सिकिएका हुन्छन् । शारीरिक रूपले उत्पन्न यौन (लिङ्ग) जन्य भिन्नतालाई बुझाउन महिला र पुरुष शब्दको

प्रयोग गरिन्छ भने सामाजिक रूपले उत्पन्न सांस्कृतिक फरकपनालाई जनाउन स्त्रीत्व र पुरुषत्व शब्दको प्रयोग गरिन्छ।' -रिचर्डस पि. एपलवाउम र विलियम वे. चाम्लिस

'जेन्डर (सामाजिक लिङ्ग) ले महिला र पुरुषसँग सम्बन्धित सामाजिक रूपमा संरचित भूमिकाहरू सामाजिक रूपमा सिकिने व्यवहार र अपेक्षाहरूलाई बुझाउँछ।' -विश्व बैंक

माथिका विभिन्न परिभाषाहरूलाई समेटेर भन्नुपर्दा लैङ्गिकता भनेको महिला वा पुरुषको शारीरिक भूमिका तथा विशेषताहरूको सट्टा सामाजिक तथा सांस्कृतिक भूमिका र विशेषता जनाउने शब्द हो । समाजमा महिला र पुरुषले अवलम्बन गर्नुपर्ने मूल्य, मान्यता, व्यवहार तथा भूमिका आदिको समग्रता झल्काउने शब्द नै लैङ्गिकता हो । यसले नारीत्व र पुरुषत्वको प्रतिनिधित्व गर्दछ।

## ३.३ लैङ्गिक अवधारणाको विकास

नेपाल विभिन्न जाति, धर्म, संस्कृति, लिङ्ग पेसा, संस्कृति आदि रूपले विविधता भएको देश हो । यहाँका हरेक व्यक्ति, समाज भिन्न भिन्नै सोच र विचार बोकेर अगाडि बढिरहेछन् । यसरी व्यक्ति-व्यक्ति बीचमा रहेका विभिन्नताहरूमध्ये लैङ्गिक विभेद पनि एक हो । प्राकृतिक रूपमा त हरेक नारीहरू तथा पुरुषहरूमा समान किसिमका विविधता सर्वत्र भेटिन्छन् नै । तर सामाजिक लिङ्गका आधारमा पुरुष र नारीबीच रहने विविधता हरेक समाज, संस्कृति, भौगोलिक क्षेत्र तथा देश अनुसार एकै किसिमको नरहेको पाइन्छ। हाम्रो समाजमा महिलाहरू पुरुषको भोग्य वस्तु तथा खेलौनाका रूपमा मात्र प्रयोग हुँदै आएको पाइन्छ। आफ्ना इच्छा, चाहना र रहरलाई एकातिर मिल्काएर पुरुषकै चाहना पूरा गर्नका लागि नारीले आफ्नो जीवन समर्पण गरिरहेकी हुन्छिन् । आफ्नी श्रीमतीसँग यौवन र रूप रहुन्जेलसम्म मात्र प्रेम र सम्मानको माला पहिऱ्याउँछन् कतिपय पुरुषहरू । जब श्रीमती कुरूप, बूढी अनि यौवनहीन हुँदै जान्छे तब श्रीमान् फेरि अर्को नारीको अस्तित्व लुट्न अघि सर्छ। बच्चा जन्माउनु पर्ने कारण, घरायसी काममा चौवीसै घन्टा व्यस्त रहनु पर्ने, परिवार खुसी पार्न मनमा सधैँ चिन्ता रहने, आफ्ना लागि खाना, व्यायाम, सुन्दरता आदिमा समयमै ध्यान दिन नपाएकै कारण महिलाहरू कम उमेरमै बूढी देखिन थाल्छन् । परिवारका सबै सदस्यलाई खाना खुवाइसकेपछि मात्र आफूले अन्तिममा बचेको खाना खाएर आधा पेट भरिए पनि खुसी हुने नेपाली गृहिणी नारीहरू परिवारका सदस्यले मीठो

मानी मानी खाएको खाना मै सन्तुष्टि मान्छन् । आफ्नो भोक, प्यासको कुनै पर्वाह नगरी भोको पेटमै विभिन्न कामहरू गर्छन् अनि धर्मका नाउँमा पूजाआजा, व्रत बसेर परिवारलाई खुसी राख्नमै व्यस्त नेपाली नारीहरू बिस्तारै रोगहरूबाट ग्रसित हुन्छन् अनि आफ्नो लोग्नेको मायाबाट टाढा हुँदै जान्छन् बिस्तारै । बिरामी स्वास्नीलाई लत्याएर परस्त्रीसँगको निकटता प्यारो लाग्न थाल्दछ श्रीमान्लाई अनि सुरु हुन्छन् महिला हिंसाका घटनाहरू दिनानुदिन ।

त्यसो त, देशमा आधा आकाश ओगटेका महिलाको अत्यन्त दयनीय र कठिन अवस्थालाई सुधार नगरिएसम्म अग्रगामी परिवर्तन सम्भव छैन भन्ने कुरामा आज विश्व समुदाय एकमत रहेको छ । अधिकांश मुलुकहरू विशेषत : विकासोन्मुख मुलुकहरूमा पुरुषभन्दा महिला वर्गको सङ्ख्या बढी छ तर राजनीतिक, आर्थिक र सामाजिक विकासमा यस वर्गको सहभागिता अत्यन्त न्यून रहेको पाइन्छ । प्राय सबै मुलुकहरूले कानुनतः लैङ्गिक समानता कायम रहेको घोषण गरे तापनि वास्तविक महिला वर्गको स्थिति पुरुष सरह हुन नसकेको तथ्य विभिन्न अनुसन्धानहरूबाट पनि देखिएको छ ।

महिला मुक्ति तथा सशक्तीकरणका लागि गरिएको पहिलो प्रयासका रूपमा ८ मार्च १९१० लाई लिने गरिन्छ । यस दिन फ्रान्स, जर्मन, चीन तथा अमेरिका जस्ता विश्वका ठूला देशहरूमा सङ्गठित रूपमा महिलाहरूबाट सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्न सशक्त आवाज उठाइएको थियो । यसको नेतृत्व गर्ने साहसिक महिलाहरूमा क्लारा जेट्किन र लारसिम ट्राट आदि थिए ।

सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको घोषणा पत्रमा महिला र पुरुषबीच समानता ल्याउने कुरा उल्लेख गरिएको छ । यसले महिला वर्गको राजनीतिक, आर्थिक र सामाजिक अधिकार प्रवर्धन गर्न सन् १९४६ मा **कमिसन अफ स्टाटस अफ वुमन** गठन गऱ्यो । सन् १९४९ मा देह व्यापार विरुद्ध महासन्धि पारित गरेर महिलाहरूलाई समानताको हक स्थापित गर्ने उल्लेखनीय प्रयास मान्न सकिन्छ । त्यस्तै सन् १९४८ डिसेम्बर १० मा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रले महिला र पुरुषलाई समान अधिकारको प्रत्याभूति प्रदान गऱ्यो (शर्मा, २०६६ : ३४५-३४६) । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको समान ज्यालासम्बन्धी महासन्धि १९५१ ले महिलाहरूलाई समान काममा कम ज्याला दिने

परम्पराको अन्त्य गर्ने प्रयास गरेको छ । सन् १९५२ मा महिलाको मताधिकारसम्बन्धी महासन्धि राष्ट्रसङ्घबाट पारित भयो । जसले गर्दा महिलाहरूले आफ्नो राजनैतिक अधिकार पनि प्राप्त गरेपछि लैङ्गिक अवधारणाको विकासले तीव्रता प्राप्त गर्न थाल्यो । सन् १९६० मा विश्व श्रम सङ्गठनको महिला उपर रोजगारी र पेशागत भेदभाव हटाउन र सन् १९६२ मा विवाहका लागि न्यूनतम उमेर सम्बन्धी महासन्धि पारित गरिएबाट महिला आन्दोलन र सशक्तीकरणलाई थप योगदान पुगेको छ । लैङ्गिक सवालका सन्दर्भमा सन् १९७५ को प्रथम विश्व महिला सम्मेलनले महिला र विकास सामाजिक रूपान्तरणको एउटा प्रभावकारी शक्ति हो भन्ने भनाइका साथ सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्षका रूपमा मनाइयो र सन् १९७६ देखि १९८५ को दशकलाई अन्तर्राष्ट्रिय नारी दशकका रूपमा मनाइयो । यसले उपलब्ध स्रोत र साधनमा पुरुषसरह महिलाको पहुँच हुनु पर्दछ भन्ने सोचको विकास भयो । संयुक्त राष्ट्रसङ्घबाट सन् १९७९ मा पारित महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको अनुमोदन पश्चात विभिन्न राष्ट्रहरूमा महिला र पुरुषबीच समानताका लागि थुप्रै कानुनी र व्यवस्थापकीय संशोधन, सुधार र कार्यान्वयन गरिएको पाइन्छ ।

यसै क्रममा पश्चिमेली जगतमा प्रजातन्त्र र स्वतन्त्रताको लागि सत्रौं शताब्दीमा क्रान्तिले उत्कर्षता प्राप्त गर्‍यो । यसै समयमा फ्रान्सेली राज्यक्रान्ति पनि सम्पन्न भयो । यस क्रान्तिले मानिसहरूमा समानता, स्वतन्त्रता र भातृत्वको भावना जागृत गरायो । यसको प्रभाव विश्वका विभिन्न मुलुकहरूमा पर्‍यो । महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिकस्तर दिनानुदिन खस्कँदै गएको अवस्थामा पुरुषसरह राज्यका जुनसुकै क्षेत्रमा पनि समान अवसर प्राप्त गर्न नसकेको हुनाले महिलाहरूको लैङ्गिक विभेदको विरुद्धमा आवाज बुलन्द पार्न थाले । यसै क्रममा सन् १९९५ को सेप्टेम्बरमा चीनको राजधानी बेइजिङमा चौथो अन्तराष्ट्रिय सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले महिलासँग सम्बन्धित नाजुक क्षेत्र पहिचान गर्ने प्रत्येक तहका महिला विरुद्धको भेदभावको समीक्षा गरी कार्ययोजना तयार पारेको छ । सन् १९९० पछि लैङ्गिक र विकास सम्बन्धी अवधारणाको विकास भयो । यस अवधारणाले महिला र पुरुषको समान विकासमा जोड दिएको पाइन्छ ।

यसरी विकसित राष्ट्रहरूमा क्रमिक रूपमा लैङ्गिक अवधारणाले मान्यता पाए पनि अल्पविकसित एवम् अविकसित राष्ट्रका महिलाको स्थिति कुनै पनि दृष्टिबाट सन्तोषजनक छैन । हिन्दू धर्ममा महिलालाई देवीको रूपमा पुज्दै आएको पाइन्छ । काली, लक्ष्मी, सरस्वतीलाई क्रमशः शक्ति, सम्पत्ति र ज्ञानको प्रतीकको रूपमा पुज्दै आएको पाइन्छ । त्यस्तै सती, सावित्री र पार्वतीलाई पनि देवीको प्रतीक मानिन्छ । तर आज त्यही समाजले नारीलाई दोस्रो दर्जाको नागरिकसरह व्यवहार गरेको पाइन्छ । आफ्नै घरभित्र नारीको अस्मिता लुटिएको छ, आफ्नै घरमा असुरक्षित महसुस गरिरहेछन् नेपाली नारीहरू । जसका विरुद्ध नेपाली महिलाहरू सङ्गठित बन्दै जागृत भएर अगाडि बढेको देखिन्छ । जसमा विश्व महिला आन्दोलनले सहयोग पुऱ्याएको पाइन्छ ।

संस्थागत रूपमा नेपाली महिला आन्दोलनको सुरुवात सन् १९१७ देखि भएको हो । त्यस समयमा योगमाया देवीको अध्यक्षतामा **महिला समिति** गठन गरिएको थियो । सन् १९४८ मा **नेपाल महिला सङ्घ** को गठन भयो । सन् १९५० मै काठमाडौँमा पूण्यप्रभादेवीको नेतृत्वमा **अखिल नेपाल महिला सङ्घ**को गठन भयो । यी सङ्गठनले वि. स. २००७ को आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याए (अर्याल, २०६८ : ५९) । सन् १९५६ मा त्रि. वि. को सेडाबाट मिना आचार्यद्वारा नेपाली महिलाहरूको अवस्थिति अध्ययन गरियो । वि.सं. २०१५ सालको आम निर्वाचनमा १०९ सिटमध्ये जम्मा १ सिट द्वारिकादेवी ठकुरानीले जितिन् । २०४६ सालको जनआन्दोलनमा महिलाहरूको नेतृत्वदायी सहभागिता रह्यो । स्थानीय स्वायत्त शासन ऐन २०५६ ले स्थानीय निकायका वडाहरूमा एक जना महिला सदस्य तथा परिषद्मा पनि महिला सदस्य हुनु पर्ने अनिवार्य व्यवस्था गऱ्यो । २०६२/६३ को जनआन्दोलनलाई पनि महिला नेतृत्व अग्रपङ्क्तिमा बसेर आन्दोलनलाई उत्कर्ष र निष्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे । अन्तरिम संविधान २०६३ ले महिला भेदभाव विरुद्धको हक, प्रजनन स्वास्थ्य सम्बन्धी हक, पैतृक सम्पत्तिको हक आदिको व्यवस्था गरेको छ । लैङ्गिक समानता कायम गर्ने ऐन २०६३, घरेलु हिंसा, कसुर, सजाय ऐन २०६३ जारी भएको छ । २०६४ सालको संविधान सभामा ३३ प्रतिशत महिला विधायकहरू प्रत्यक्ष तथा समानुपातिक प्रणालीबाट निर्वाचित तथा मनोनित भएका थिए । वि.सं. २०५० मा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो । वि.सं. २०५३ देखि त्रि.वि. अन्तर्गत पद्मकन्या कयाम्पसमा **पोस्ट ग्र्याजुएट डिप्लोमा अन वुमन स्टडिज**

नामक विभागको स्थापना भई लैङ्गिक विषयमा अध्ययन अध्यापन सुरु भयो । यसै गरी वि. सं. २०५७ मा राष्ट्रिय महिला विकास विभागको गठन गरियो । यसै गरी मानवशास्त्र विभागले १०० पूर्णाङ्कको लैङ्गिक अध्ययन गराउन थाल्यो । २०५८/०५९ देखि नै ग्रामीण विकास अन्तर्गत ५० पूर्णाङ्कको लैङ्गिक अध्ययन, अध्यापन हुन थाल्यो । यसरी विश्वका विकसित राष्ट्रहरू युरोप, अमेरिका जस्ता मुलुकको प्रभाव नेपालमा पर्दै आएपछि नेपालमा पनि लैङ्गिक अवधारणाको विकासले महत्त्व पाउन थाल्यो (स्रोत : पौडेल, २०६८) ।

## ३.४ लैङ्गिक अध्ययनको क्षेत्र

सामान्यतः लैङ्गिक अध्ययन भन्नाले महिला तथा पुरुषको सामाजिक तथा सांस्कृतिक भूमिकाको अध्ययन गर्ने सामाजिक विज्ञानलाई बुझिन्छ । यो सामाजिक विज्ञानमा देखा परेको नयाँ विषय हो । लैङ्गिक अध्ययन एक सर्वाङ्गीण विषय हो । यो सामाजिक तथा सांस्कृतिक क्षेत्रका विविध पक्षहरूसँग सम्बन्धित छ । यसले मानव अस्तित्वका हरेक क्षेत्रमा लैङ्गिक स्थितिको अध्ययन गर्दछ । सामान्यतः लैङ्गिक अध्ययनको क्षेत्र सीमाङ्कन गर्न कठिनाइ भए पनि यसको प्रकृति, सिद्धान्त, पृष्ठभूमि र प्रवृत्तिलाई विश्लेषण गर्दा निम्नलिखित क्षेत्रमा लैङ्गिक अध्ययन केन्द्रित रहेको देखिन्छ :

- सामाजिक सांस्कृतिक संरचना, एकाइ, अन्तरक्रिया, मूल्य, मान्यता, पहुँच, हैसियत, इज्जत, प्रथा, दृष्टिकोण र लैङ्गिक सम्बन्ध ।
- आर्थिक तथा शैक्षिक संरचना, एकाइ, पहुँच, स्थिति, प्रतिफल, कार्यभार र लैङ्गिक सम्बन्ध ।
- पितृसत्तात्मक व्यवस्था, यसको प्रभाव र लैङ्गिक सम्बन्ध ।
- लिङ्ग तथा लैङ्गिक अवधारणा र विश्लेषण ।
- राजनीतिक संरचना, निर्णायक तहमा पहुँच, स्थिति र लैङ्गिक सम्बन्ध ।
- परिवार, विवाह, पारिवारिक तथा वैवाहिक सम्बन्ध, संस्कार, प्राथमिकता, निर्णय प्रकिया, अन्तरक्रिया ।
- जाति, जातीयता र नातामा लैङ्गिक सम्बन्ध ।

- कानुनी संरचना, पहुँच, विभेद, संरक्षण प्रक्रिया, निर्णयात्मक पद र लैङ्गिक सम्बन्ध ।
- धर्म, धार्मिक मूल्य, मान्यता, नीति र लैङ्गिक सम्बन्ध ।
- महिलावादी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, मुद्दा र समसामयिक मुद्दा ।
- विकासका मुद्दाहरू र लैङ्गिक सम्बन्ध (अर्याल, २०६८: १२ -१३) ।

## ३.५ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू

लैङ्गिक अध्ययन एक व्यवस्थित सामाजिक अध्ययन हो । यसले महिला र पुरुषको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि अवस्था र स्थितिको अध्ययन गर्दछ । महिला र पुरुषको बीचमा रहेका असमानता एवम् विभेदका आयामहरू, जटिलताहरू पत्ता लगाउँदै निराकरणको खोजी गर्दछ । समाजमा महिला र पुरुषका आफ्ना आफ्ना भूमिकाहरू भए पनि कार्य सम्पादनबाट प्राप्त फाइदा असमान हुन्छ । खास गरी महिला सुविधाविहीन समूहमा रहेका छन् र त्यसको उचित ढङ्गले कार्य मूल्याङ्कन हुनु पर्दछ भन्ने मान्यता छ । पितृसत्तात्मक समाजमा महिला र पुरुष बीचको शक्ति सम्बन्धलाई समानान्तर अवस्थामा रूपान्तरण गर्न महिलाहरूको संरक्षण गर्नु पर्दछ । यसका लागि सशत्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । महिलाको पहुँच वृद्धि र सामाजिकीकरण प्रक्रियामा जोड दिनु पर्दछ । महिला र पुरुषको सामाजिकीरण प्रक्रिया असमान भएकाले उनीहरूले फरक ढङ्गले कार्य गर्दछन् । समाजले महिला र पुरुषलाई फरक ढङ्गले हेर्दछ (अर्याल, २०६८ : १३) ।

लैङ्गिक अध्ययनका विभिन्न मान्यताहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- लिङ्ग जैविकीय र जेन्डर सामाजिक रूपमा संरचित हुन्छ ।
- जेन्डर सामाजिक सम्बन्ध र समस्याहरूसँग सम्बन्धित हुन्छ ।
- महिला दमनको स्रोत पितृसत्ता ।
- जेन्डर मानव इतिहासदेखि संरचित हुन्छ ।
- समय र स्थान अनुसार जेन्डर फरक हुन्छ ।

- जेन्डरका कारण सामाजिक अवसरहरू असमान हुन्छ ।
- यो अध्ययन महिला र पुरुषको भेदभाव, शोषण र दमनको विरुद्ध छ ।
- जेन्डर भूमिका महिला र पुरुषको सहमति अनुसार परिवर्तन हुन्छ ।

यसरी लैङ्गिक अध्ययनले महिला र पुरुषबीच समानान्तर समता हुनु पर्दछ भन्ने कुरालाई जोड दिन्छ । यसले महिलाको मात्र वकालत नगरी पुरुषको पक्षमा पनि आवाज उठाउँछ । यस संसारमा महिला र पुरुषको समान महत्त्व हुन्छ भन्ने यथार्थतालाई प्रकाश पार्दछ साथै महिला र महिलासँग सम्बन्धित पक्षहरूमा मात्र केन्द्रित नभई महिला र पुरुषसँग सम्बन्धित हरेक पक्षमा यो अध्ययन केन्द्रित रहेकाले यो अध्ययन बृहत् अवधारणाको रूपमा देखा परेको छ ।

### ३.६ लैङ्गिक समानता र समता

लैङ्गिक समानता र समता लैङ्गिक अध्ययनका क्षेत्रमा अधिक प्रयोग हुने शब्दावली हुन् । सामान्यतया लैङ्गिक समानता र समतालाई समान अर्थमा लिने गरेको पाइए पनि वास्तविक रूपमा यी दुई अवधारणाले फरक फरक अर्थ बहन गरेको पाइन्छ । कानुनी रूपमा समान अवसर प्राप्त भए पनि प्राकृतिक रूपमा महिला र पुरुषबीच हुने भिन्नताले गर्दा पुरुषसरह महिलाले आफ्नो काम गर्न कठिनाइ उत्पन्न हुने र परम्परागत रूपमा महिलालाई घरभित्र सीमित गरिएको परिवेशमा कानुनी रूपमा समानता दिँदैमा त्यो अधिकार उपयोग र प्रयोगमा समानता नआउने हुन्छ । महिला र पुरुषबीच भएको असमानता कम गर्न वा महिला र पुरुषबीच समानता कायम गर्ने एउटा उपाय समता हो । समानता भनेको नारी पुरुष दुवैलाई बराबर अधिकार दिनु हो भने समता भनेको कमजोर पक्षलाई अरूसरह क्षमता बढाउनका लागि गरिने विशेष पहल हो अर्थात् असमान अवस्थामा रहेका दुई पक्षबीच कमजोर पक्षलाई केही थप अवसर सिर्जना गरेर दुई पक्षका बीचमा समानता ल्याउने प्रयत्नलाई समता भनिन्छ ।

लैङ्गिक विकासका लागि लैङ्गिक समानता हुनु पर्ने मान्यता सुरु सुरुमा देखा पर्‍यो । तर यो मान्यता समतामूलक लैङ्गिक विकासमा लागि पर्याप्त देखिएन । परिवारका विभिन्न कार्यभार, बालबच्चा स्याहार सुसार गर्नु पर्ने बाध्यता आदिले गर्दा महिलाहरूलाई पुरुष सरहको स्थितिमा पुर्‍याउन संरक्षण, तालिम, सशक्तीकरण, विशेष प्याकेज कार्यक्रमहरू

सञ्चालन गर्नु पर्ने कुरा अगाडि सार्दै लैङ्गिक समतालाई जोड दिए । लैङ्गिक समता पश्चातमात्र लैङ्गिक समानता प्राप्त हुने कुरा उल्लेख गरे । लैङ्गिक समानता र समतालाई छुट्टाछुट्टै निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ३.६.१ लैङ्गिक समानता

मानव जन्मदा पुरुष अथवा महिलाको स्वरूप लिएर आएको हुन्छ । महिला र पुरुष छुट्याउने आधार उसको 'Sex organ' हो । महिला र पुरुषबीचको शारीरिक भिन्नता जन्मजात भिन्नता हो । समाजद्वारा निर्मित सामाजिक लिङ्गभेद परिर्वतन गर्न सकिन्छ । महिला र पुरुषबीचको शारीरिक भिन्नता जन्मजात भिन्नता हो । समाजद्वारा निर्मित सामाजिक लिङ्गभेद परिवर्तन गर्न सकिन्छ । साथै देश, काल, परिस्थिति, जातजाति, आर्थिक एवम् भौगोलिक अवस्था अनुसार फरक फरक हुन्छ । महिला र पुरुष भएकै नाताबाट समुदायले निर्धारित कामहरूको वर्गीकरणलाई हटाइ आर्थिक, सामाजिक एवम् राजनीतिक लगायत सम्पूर्ण क्षेत्रमा पुरुषसमान हैसियत स्थापित गर्न अवलम्बन गरिने सामाजिक मूल्य, मान्यता, मनोवृत्ति, दृष्टिकोण र व्यवहार नै लैङ्गिक समानता हो ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग -३ मा मौलिक हक अन्तगत समानताको हक धारा १३ मा व्यवस्था गरिएको छ । जसमा “सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।” त्यस्तै “समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।” (नेपालको अन्तरिम संविधान, २०६३) भन्ने उल्लेख गरिएको छ । यसरी संविधानमा समानताको हकमार्फत लैङ्गिक समानतालाई प्रतिबिम्बित गरेको पाइन्छ । यसले समान शैक्षिक अवसर, समान सामाजिक सांस्कृतिक अवसर, समान आर्थिक अवस्था तथा पहुँच, राजनीतिक एवम् निर्णय प्रक्रियामा समान अवसरलाई बुझाउँछ । यसरी राज्यले कानुनी तथा संवैधानिक व्यवस्थामार्फत महिला र पुरुषका बीचमा समान दृष्टिकोण राखेको भए पनि व्यावहारिक रूपमा महिला र पुरुषबीच आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक समानता कायम हुन नसकेको अवस्था देखिन्छ ।

समग्रमा भन्नुपर्दा लैङ्गिक समानता भन्नाले महिला र पुरुष समान हुनुपर्छ भन्ने बुझ्न सकिन्छ । महिला र पुरुषबीच जैविक लैङ्गिक विभेद जुन अपरिवर्तनीय छ त्यस बाहेक समाजले निर्धारण गरेका भूमिकामा बराबर हैसियत कायम गर्न अवलम्बन गरिने मूल्य, मान्यता र दृष्टिकोणलाई लैङ्गिक समानताले बुझाउँछ ।

### ३.६.२ लैङ्गिक समता

लैङ्गिक समताले न्याय, निष्पक्षता र उचित व्यवहारलाई जनाउँछ । लैङ्गिक समता महिला र पुरुषबीच न्याय, निष्पक्षता र उचित व्यवहार हुनु हो । महिला र पुरुषका बीचमा नैसर्गिक न्याय कायम गर्नु हो । लैङ्गिक समता लैङ्गिक समानता प्राप्त गर्ने माध्यम हो । महिला र पुरुष दुवैको क्षमता अनुसार व्यवहार गर्नु, दुवैको अवस्था अनुसार अवसर उपलब्ध गराउनु, कार्यभार अनुसार विवेकशील व्यवहार गर्नु, प्राकृतिक संरचना, क्षमता, स्वभाव, अनुसार समान व्यवहार गर्नु, अवसर प्रदान गर्नु नै लैङ्गिक समता हो (अर्याल, २०६८ : ३८) ।

लैङ्गिक समता भन्नाले महिला र पुरुषलाई समान रूपबाट हेर्ने विशेषतालाई बुझाउँछ । समता समानतालाई व्यक्त गर्ने प्राकृतिक अवस्था हो । समता भनेको त्यस्तो समानता हो जसलाई नैसर्गिक रूपमा प्राप्त गर्न सकिन्छ र गरिएको छ । प्राकृतिक संरचना एवम् विवेकशील व्यवहार कायम हुनु नै लैङ्गिक समता हो । लैङ्गिक समताको अर्थ महिला र पुरुष बीचमा उचित न्याय हुन्छ भने लैङ्गिक समानताको नैसर्गिक अधिकार र अवसर हुन्छ । लैङ्गिक समता भनेको लैङ्गिक समानताको माध्यम हो जसको अनुपस्थिति र लैङ्गिक समानताको उपस्थितिमा विकास क्षणिक अल्पकालीन मात्र हुने गर्दछ । यसरी महिला र पुरुषका आ- आफ्ना आवश्यकताहरूका आधारमा प्रदान गरिएको विवेकपूर्ण समानताले नै नारी र पुरुषको समता सम्भव छ ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा मौलिक हक अन्तर्गत धारा २० मा महिलाको हक भनेर छुटै व्यवस्था गरिएको छ । राज्यको निर्देशक सिद्धान्तको बुँदा ८ मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी गराउने नीति लिएको छ । त्यस्तै सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्ष र सन् १९७६-१९८५ को दशकलाई अन्तर्राष्ट्रिय नारी दशकका रूपमा पनि मनाइसकिएको छ ।

यसरी नारी हकहितका लागि पुरुषसरह नारीलाई पनि राज्यको मूलधारमा समाहित गर्नका लागि गरिएका विभिन्न कार्यहरू समताभित्र पर्दछन् । त्यसो त कुनै देशमा महिला भन्दा पुरुष वर्ग पिछडिएका पनि हुन सक्छन् । उक्त पिछडिएका पुरुषवर्गलाई नारीसरह अगाडि बढाउनका लागि गरिएका विभिन्न सेवा, सुविधा तथा योजना, कार्यहरू नै समताको अवधारणाको रूपमा लिन सकिन्छ । तसर्थ निष्कर्ष स्वरूप भन्न सकिन्छ कि, असमान अवस्थामा रहेका दुई पक्षबीच कमजोर पक्षलाई केही थप अवसर सिर्जना गरेर दुई पक्षका बीच समानता ल्याउने कार्य समता हो तसर्थ नारी पुरुष दुवै वर्गमध्ये असक्षम वर्ग छनोट गरी कमजोर पक्षलाई केही थप अवसर प्रदान गरी दुवै वर्गका बीच समानता ल्याउने कार्य लैङ्गिक समताभित्र पर्दछ ।

## ३.७ लैङ्गिक भूमिका

लिङ्गका आधारमा नारी र पुरुषका बीचमा भएको भूमिका लैङ्गिक भूमिका हो । त्यसो त प्राकृतिक रूपमा नारी र पुरुषको भूमिका सर्वत्र एकैनास रहन्छ जुन कहिल्यै परिवर्तन गर्न सकिँदैन तर सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक आदि आधारमा गरिने लिङ्गको वर्गीकरण देश, काल, परिस्थिति अनुसार भिन्न भिन्न पाइन्छ जसलाई समाजले जसरी चाह्यो त्यसरी नै निर्धारण गर्न सक्दछ । जस्तै : महिलाले बच्चा जन्माउने, दूध खुवाउने तथा पुरुषले महिलालाई गर्भधारण गराउने कार्य संसारभर कहिलै भिन्न हुन सक्दैन यो प्राकृतिक लिङ्ग हो अर्थात प्राकृतिक रूपमा महिला र पुरुषले गर्नु पर्ने भूमिका हो । मानिस एक सामाजिक प्राणी भएकाले समाजले निर्धारण गरेका नीति, नियम विपरीत कुनै पनि व्यक्ति बाहिर जान सक्दैन । तसर्थ समाज जस्तो छ सोही अनुरूप नारी र पुरुषले बहन गर्नु पर्ने भूमिका निर्धारण गरिएको हुन्छ । कुनै समाजमा नारीले घरभित्रका कामहरू मात्र गर्नु पर्ने अवस्था रहेको हुन्छ भने कुनै समाजमा नारीले पुरुषसरह हरेक कार्यमा सरिक हुन पाउने अवसर पाएका हुन्छन् । तसर्थ सामाजिक तथा सांस्कृतिक एकाइहरूले यी कार्य पुरुषले गर्ने र यी कार्य महिलाले गर्ने भनी निर्धारण गरेका कार्य तथा भूमिका नै लैङ्गिक भूमिका हुन् । लैङ्गिक भूमिका व्यक्ति विशेषको इच्छा, आवश्यकताबाट भन्दा पनि सामाजिक मूल्य, मान्यता, परम्परा तथा संस्कार आदिबाट प्रभावित भएको हुन्छ । समाजबाट निर्दिष्ट विभिन्न लैङ्गिक भूमिकाहरू यस प्रकार रहेका छन् :

### ३.७.१ उत्पादक भूमिका

उत्पादक भूमिकाअन्तर्गत आय आर्जनका लागि गरिने भूमिका पर्दछन् । यस अन्तर्गत खेती, पशुपालन, जागिर, मजदुर, बेचबिखन, व्यवसाय आदि पर्दछन् । यस्ता भूमिकाले आर्थिक महत्त्वमा जोड दिन्छन् । यसरी उत्पादनशील भूमिका निर्वाह गर्दा आय उपार्जन हुने हुँदा यो भूमिकालाई राम्रो मानिन्छ । उत्पादक भूमिकाअन्तर्गत महिला र पुरुषबीच समान सहभागिताको अवस्था नरहेको पाइन्छ । पुरुषको ज्याला बढी, रोजगारी, आय आर्जनमा पहुँच हावी छ भने महिलालाई समान काममा पनि निम्न ज्याला हुने क्षेत्रमा सीमित गर्दछन् (अर्याल, २०६८ : १८) ।

### ३.७.२ पुनर्उत्पादक भूमिका

पुनउत्पादक भूमिकालाई अनुत्पादक भूमिका भनिए पनि यी भूमिकाले उत्पादन भूमिकामा सहयोग पुऱ्याउँछन् । प्राकृतिक पुनर्उत्पादन भूमिकाअन्तर्गत गर्भधारण गराउने, गर्भधारण गर्ने, बच्चा जन्माउने, स्तनपान गराउने आदि भूमिका पर्दछन् । सामाजिक पुनर्उत्पादक भूमिकाअन्तर्गत खाना बनाउने, बालबच्चा स्याहार सुसार गर्ने, परिवारका सदस्यहरूको हेरचाह, सरसफाई गर्ने, खाद्यान्न तथा इन्धन सङ्कलन गर्ने, घाँस, दाउरा आदि पर्दछन् । मानव जीवनका लागि अपरिहार्य यस्ता भूमिका महिलाद्वारा सम्पन्न हुँदै आएको देखिन्छ । यस्ता भूमिकाबाट आर्थिक स्रोत जुटाउनमा प्रत्यक्ष सहयोग नगर्ने भएकोले अनुत्पादनमूलक मानिन्छ (अर्याल, २०६८ : १८) ।

### ३.७.३ सामुदायिक भूमिका

सामुदायिक भूमिका भन्नाले समुदायका आवश्यकता परिपूर्ति गर्नको लागि गरिने भूमिका पर्दछन् । यस्ता भूमिका विभिन्न किसिमका छन् । पहिलो हो सामुदायिक सेवा व्यवस्थापन । यो समुदायको प्रगति र भलाइका लागि स्वयम्सेवकको रूपमा गरिने कार्य हो । यसअन्तर्गत समुदायको स्रोत र साधनको संरक्षण, सम्बर्धन गर्ने कार्य पर्दछन् । बाटो निर्माण, कुलो निर्माण, वन जङ्गल संरक्षण जस्तो भूमिका प्रायजसो महिलाहरूले गर्ने गरेको पाइन्छ । त्यस्तै दोस्रो हो सामुदायिक सामाजिकीकरण । यसअन्तर्गत समुदायका संस्कार, चाडपर्व, पूजाआजामा गरिने कार्य, विवाह, भोजभतेर, दशैं, तिहार आदिमा गर्ने कार्य पर्दछ । तेस्रो हो सामुदायिक राजनीतिक भूमिका । यस अन्तर्गत स्थानीय तथा राष्ट्रिय

निर्वाचनमा भाग लिने, चुनाव लड्ने आदि कार्य पर्दछन् । शक्ति र पहुँचको उपयोग गरिने भूमिकाहरू यसअन्तर्गत पर्दछन् । यस्ता भूमिकाहरू सम्मानित र उच्च मानिन्छ । यस्ता भूमिकामा महिलाको पहुँच कमी छ (अर्याल, २०६८: १९) ।

## ३.८ सशक्तीकरण

शाब्दिक रूपमा सशक्तीकरण शब्दभित्र शक्ति पनि अन्तर्निहित रहेकाले यसले शक्ति एवम् शक्तिगत प्रक्रियालाई जनाउँछ । मानिसमा हुने गुणमा शक्ति सम्पन्न हुने गुण निहित भएको हुँदा शक्ति सम्पन्न बनाउने विभिन्न बाधा तथा अड्चन र नियन्त्रणका कारण सशक्त बन्ने अवसरबाट वञ्चित भएका र तुल्याइएकाहरूलाई विभिन्न शक्तिमा पहुँच वृद्धि गर्ने अर्थात् असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तरण गर्ने प्रक्रिया हो (अर्याल, २०६८ : ४८) ।

विभिन्न सामाजिक शोषण र कुसंस्कारले ग्रसित महिलाहरूलाई मुक्ति दिलाउने उद्देश्यले सशक्तीकरण शब्दको प्रयोग भएको देखिन्छ । त्यसैले सशक्तीकरण कार्यक्रममा महिलाहरूभित्र रहेका हीन भावनाहरू हटाउने खालका गतिविधिहरू समावेश भएका देखिन्छन् । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तीकरण हो ।

निष्कर्षमा भन्नुपर्दा, महिला सशक्तीकरण भन्नाले महिलाहरूमा अन्तर्निहित सामर्थ्यको बोध हुन गई उनीहरूभित्र लुकेको ज्ञान, सीप र क्षमतालाई आफ्नो हक, हित र अधिकारका लागि समाजमा विद्यमान कुरीति र भेदभाव विरुद्ध लड्न सक्ने क्षमताको विकास हुनु नै महिला सशक्तीकरण हो ।

## ३.९ यौनिकता

यौनिकता भन्नाले महिला र पुरुषको यौन अङ्गहरूको संरचना तथा बनावट, यौन सम्बन्ध, यौन व्यवहार, यौन क्रियाकलाप, प्रवृत्ति, अभिव्यक्ति आदिको समष्टिलाई बुझिन्छ । यसमा मानिसले यौन, यौन अन्तरक्रियालाई कसरी बुझ्दछ र कसरी व्यक्त गर्दछ भन्ने कुराहरू पर्दछन् । मानव यौनिकतामा विभिन्न पक्षहरू समावेश भएका हुन्छन् । जैविकीय रूपमा यौनप्रतिको धारणा, उत्प्रेरणा, रुची, पुनर्उत्दान तथा संवेगात्मक पक्षहरू पर्दछन् । यसमा मानिसमा यौन व्यवहार तथा क्रियाकलाप आदिका शारीरिक तथा मनोवैज्ञानिक

पक्षहरू पनि समेटिएका हुन्छन् । त्यसै गरी सामाजिक, सांस्कृतिक, राजनीतिक, कानुनी, नैतिक, आध्यात्मिक, धार्मिक आदि पक्षहरू पनि रहन्छन् । मानव यौनिकताका सम्बन्धमा गरिएका अध्ययन अनुसार मानिसको व्यक्तित्व निर्माण तथा व्यक्तिको सामाजिक विकासमा यौनिक पक्षले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा उल्लेख गरिएको छ । मानव यौनिकतालाई मानिसको सामाजिक जीवनको महत्त्वपूर्ण पक्षका रूपमा बुझ्न सकिन्छ । जसमा विभिन्न मूल्य मान्यता, व्यवहार पनि समावेश भएका हुन्छन् । यस अन्तर्गत यौन शिक्षाका कुराहरू, यौन व्यवहारका शारीरिक, मानसिक, सामाजिक पक्षहरू पनि समावेश हुन्छन् । मानव यौनिकतालाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

**क) पुरुष यौनिकता**

- यौन र पुरुषबीचको सम्बन्धलाई बुझाउँछ ।
- पुरुषको शारीरिक संरचना, यौन, चाहना, इच्छा, व्यवहार आदि समावेश हुन्छ ।
- पुरुषको यौन व्यवहारमा सामाजिक, सांस्कृतिक पक्षहरू, प्रचलन संस्कारगत पक्षहरू समावेश भएका हुन्छन् ।
- पुरुषत्वका गुणहरू, यौन व्यवहारको परिवर्तन, भूमिका तथा सामाजिक संस्थाको प्रभावको बारेमा अध्ययन गरिन्छ ।
- पुरुष यौन स्वतन्त्रता, अवसर र निषेधका बारेमा अध्ययन गरिन्छ ।

**ख) महिला यौनिकता**

- महिलाको शारीरिक संरचना, हाउभाउ, प्रस्तुति, यौन चाहना, इच्छा, व्यवहार, सम्बन्ध समावेश हुन्छन् ।
- महिलाको यौन व्यवहारका साथसाथै सामाजिक, सांस्कृतिक पक्षहरूको सम्बन्धको अध्ययन गरिन्छ ।
- समाज अनुसार महिलाको यौन अधिकार, नैतिकता, बन्देज तथा सामाजिक सांस्कृतिक दृष्टिकोणको बारेमा अध्ययन गरिन्छ ।
- स्त्रीत्वका गुणहरू समावेश भएका हुन्छन् ।
- महिला यौन अवसर, स्वतन्त्रता र निषेधका प्रावधान समावेश भएका हुन्छन् ।

### ३.१० पितृसत्ता

शाब्दिक रूपमा पितृसत्ताले पुरुषको सर्वोच्चता, पुरुषको प्रभुत्वलाई जनाउँछ वा परिवारमा पुरुष वा पिताको शासनलाई जनाउँछ । परिवार वा समाजमा बाबुको सर्वेसर्वा चल्ने बाबुको नियन्त्रण र आदेशमा परिवारका सदस्य रहने, बाबुको वंश चल्ने व्यवस्था नै पितृसत्ता हो । परिवारमा बाबुको वा पुरुषको बोलवाला चल्दछ (अर्याल, २०६८ : २९) ।

आफ्नी छोरी रजस्वला भएर अपवित्र भई, उसको मुख हेर्न हुँदैन भन्दै घर भन्दा पर गोठमा लगेर राख्ने एउटा विवेकहीन बाबु आफ्नो छोरोले गाउँमा कुनै एउटी नारीलाई बलत्कार गरेर आएको छ भने उक्त छोरोलाई पवित्र नै देख्दछ । संस्कार र धर्मका नाउँमा महिलामाथि गरिएका यस्ता कुकृत्यहरूले धर्म त के झन् समाज अनि देशलाई नै नर्कतिर धकेलेको पाइन्छ । घरमा कुनै विपत्ति आइपऱ्यो भने पूजापाठ, व्रत नगरेर यस्तो भएको भनेर पुरुषले आफ्नी श्रीमती, छोरी, बुहारी आदिमाथि दोषारोपण गरेको कुरा पनि नेपाली समाजमा देख्न, सुन्न पाइन्छ । पुरुषले गरेका व्यभिचारप्रति कुनै आपत्ति हुँदैन तर नारीले कुनै परपुरुषसँग एक शब्द बोल्दैमा किन नराम्रो दृष्टिले हेरिन्छ नारीलाई ? एकरात माइत जानको लागि श्रीमान्सँग अनुमति लिनुपर्छ नारीले । तर रातदिन भट्टीमा बिताएर आफ्नो सारा सम्पत्ति अनि जिन्दगी नै रित्याएको एउटा पुरुषले कुनै दिन होला र म भट्टीमा जाऊँ भनेर श्रीमतीसँग अनुमति लिएको ? यहाँ पुरुषले गरेका हरेक निर्णयहरू नै उत्तम मानिन्छन् किनकि हाम्रो देश पितृसत्तात्मक देश हो ।

आफ्नी पत्नीको यौवन लुटेर उनीबाट टाढा भई अर्कै सुन्दर युवतीसँग छुट्टै संसार बनाएर रम्ने कतिपय यौनपिपासु पुरुषहरूका कारण नेपाली नारीहरूको जीवन दिनानुदिन उजाड र उदास बन्दै गइरहेको छ । श्रीमान्ले छाडेपछि आफू र सन्तानको सुन्दर भविष्यका लागि विवश भएर सटक पेटीमा नाङ्लो पसल राखेरै भएपनि जीवन धान्न बाध्य छन् नारीहरू । त्यस्ता नारीहरूको पीडा बुझ्नु त परको कुरा उल्टै त्यस्ता नारीहरूलाई तिनै सभ्य भनाउँदा पुरुषहरूले समेत हेप्ने गरेको देखिन्छ । "दिनभर दुनिया छोरा मान्छेसँग जिस्कियो बस्यो । के कमाइ हुन्छ र नाङ्लो पसल राखेर ? दुनियासँग गिजोलिएका आइमाईहरू ! घरमा लोग्नेसँग मिल्न नसकेर आएका स्वतन्त्रता खोज्न ।" नारीहरूप्रति समाजका सभ्य, शिक्षित पुरुष अनि आफूलाई नारीवादी साहित्यकार भन्न रुचाउने

विशिष्ट व्यक्तित्वले व्यक्त गरेका विचारहरू हुन् यी । आफ्नो श्रीमतीलाई धोका दिएर अर्की श्रीमतीलाई अँगाल्ने यौन पिपाषु पुरुषप्रति किन औँला उठाउन सक्दैनन् ती सभ्य, नारीवादी साहित्यकारहरू जसले नारीलाई मात्र दोषारोपण गरिरहेछन् ।

श्रीमतीलाई बन्द कोठामा कैद गरेर नारी अस्मिता र स्वतन्त्रताको भाषण गर्न खप्पिस पुरुषहरूकै बाहूल्यता रहेको हाम्रो जस्तो पितृसत्तात्मक देशमा अधिकांश घर परिवारमा पुरुष वर्गकै एकलौटी शासन चलिरहेको देखिन्छ । नारीलाई भोग्य वस्तुका रूपमा मात्र हेर्ने कतिपय त्यस्ता पुरुषहरूका कारण आफ्नै घरमा पनि नारी पीडित भएर बाँचेकी छ । बाबुद्वारा छोरी बलात्कृत भएकी छ आफ्नै घरमा । के नारीको जन्म पुरुषद्वारा लुटिनकै लागि भएको हो ? नारी र पुरुष त एक रथका दुई पाङ्ग्रा हुन् । तसर्थ नारी र पुरुष दुवै जना मिलेर आफ्नो घरलाई स्वर्ग जस्तै सुन्दर बनाउन हातेमालो गर्दै अघि बढ्नु पर्ने देखिन्छ । नारी पनि हामी जस्तै व्यक्ति हुन् । उनीहरूलाई सम्मान गर्न सिक्नुपर्छ, नारीहरू अन्धकार घरमा पनि प्रकाश छर्ने उज्याला ज्योति हुन् भन्ने भावनाको विकास हरेक पुरुषमा हुन सक्नु पर्छ । आफूलाई नारीको स्थानमा राखेर हेर्न सक्नुपर्छ हरेक पुरुषले । नारीका पीडालाई आफ्नो सम्झन सक्यो भने हाम्रो देशमा पुरुष र नारीबीच कहिल्यै विभेद आउने थिएन अनि देश पनि प्रगतिको पथतिर लम्कने थियो ।

## ३.११ नारीवाद

मानव सभ्यताको प्रारम्भमा महिला र पुरुषबीच विभेद र असमानता ज्यादै सीमित भएको पाइन्छ । समाज दास युग हुँदै अगाडि बढ्यो । पितृसत्तात्मक व्यवस्था संस्थागत रूपमा विकसित हुँदै आयो । समाजका हरेक क्रियाकलापमा महिलाले भन्दा पुरुषले बढी अवसर पाउँदै महिला विभिन्न हक अधिकारबाट वञ्चित हुँदै गए । यस्तो अवस्थाले महिलामा चेतना र जागृतिका सूक्ष्म सङ्केतहरू देखा पर्न थाले । बिस्तारै महिला हक, अधिकारका आवाज उठ्न थाले । महिलाहरू एकीकृत हुँदै सङ्गठित बन्न पुगे र महिला आवाज तथा दर्शनले समाजका विभिन्न क्षेत्रमा प्रभाव पर्दै गएको छ ।

नारीवाद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक दर्शन/सिद्धान्त हो । साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हक, हित, अधिकार र समानतालाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट समाजका हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ

(अर्याल, २०६८ : ३४) । यो आन्दोलनले महिलामाथि गरिएको भेदभावलाई प्रस्ट्याउँदै समानतालाई जोड दिन्छ । यसको परिणामस्वरूप विस्तारै महिलावादी लेख, पत्रिका प्रकाशन हुन थाले । अन्याय, अत्याचार र शोषणका विरुद्धमा नारीहरूले सशक्त रूपमा आवाजहरू उठाउँदै जान थाले । फलस्वरूप महिलाको सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा समेत सकरात्मक परिवर्तन देखिन थाल्यो ।

समग्रमा महिलावादी अध्ययनले महिलाका हक, हित र अधिकारमा जोड दिँदै नारीको अस्मिताको रक्षा गर्नमा जोड दिँदै विभिन्न शोषण, दमनको विरोध गर्दै सामाजिक रूपान्तरणको प्रक्रियामा पाइला चाल्न सहयोग पुऱ्याउँछ । उत्पादन, पुनर्उत्पादन, यौनिकता, गतिशीलता, कार्यभार, सम्पत्तिमा अधिकार, प्रजनन अधिकार, संरक्षण, पितृसत्ता, पुँजीवादी शोषण आदि विषयमा महिलावाद केन्द्रित रहेको छ । प्रजातान्त्रिक तथा शैक्षिक अधिकार, मताधिकार, कानुनी सुधार, समान ज्याला, विनिर्माणवाद आदि सम्बन्धी आवाजहरू महिलावादले विभिन्न समयमा उठाउँदै आएको छ । हरेक कुराहरू सीमामा बाँधिएका हुन्छन् । जब सीमा भन्दा पर कुनै पनि व्यक्ति, समाज जानथाल्छ त्यसको विरुद्धमा आवाज उठिहाल्छ नै । नारी शोषण, दमनका क्रममा पनि जब सीमाभन्दा पर कुनै पुरुष तथा पुरुषवर्गहरू जान्छन् त्यसपछि नारीहरू आफ्नो अस्मिता रक्षाका लागि रणचण्डी भएर उग्र रूप लिन पनि पछि पर्दैनन् । नारीहरूमा एकताको, चेतनाको लहर उठ्न थाल्दछ अनि एक आपसमा हातेमालो गर्दै अन्यायका विरुद्धमा आवाज उठाउन सुरु गर्दछन् । आफ्नो अधिकार प्राप्त गर्नका लागि महिलावादले सबै नारीहरूलाई सजग र सचेत गराउने प्रयास गर्दछ । पुरुषसरह नारीको अधिकार भूमिका सुनिश्चित गर्न नारीवादी आन्दोलन सधैं सचेत र प्रयासरत देखिन्छ ।

## ३.१२ लैङ्गिक दृष्टिकोण

लैङ्गिक विकासको परम्परादेखि विभिन्न किसिमका दृष्टिकोणहरू देखा परे । मानव विकासको सुरुवातदेखि केही कालखण्डहरूमा महिलाको स्थान उच्च रह्यो, समाजले त्यही अनुसार हेऱ्यो । केही कालखण्डहरूमा समाजले महिलाको भूमिकालाई कुनै स्थान दिएन । संसारका विकसित मुलुकहरूमा महिलाको स्थान उच्च रहेको छ । उनीहरूले आफूलाई सशक्तीकरण गरे । कतिपय मुलुकहरूमा महिलालाई हेर्ने दृष्टिकोण नकरात्मक छ । त्यस्ता मुलुकहरूमा लैङ्गिक विकासका क्रममा महिलाहरू पछाडि परेका छन् (सुवेदी, २०६७ : ५५) ।

लैङ्गिकता समाजले बनाउने दृष्टिकोण हो । समाजमा महिला र पुरुषलाई दिएको सामाजिक क्रियाकलाप बयान गर्न प्रयोग गरिने पदावली हो लैङ्गिकता । त्यसो त कुनै पनि शिशु जब आमाको गर्भमा बास बस्छ त्यसबेला देखि नै लिङ्गको भेद हुन्छ हाम्रो नेपाली समाजमा । गर्भमा छोरो रहेछ भने उचित लालन, पालन र पोषणसहित हुर्काइन्छ तर छोरी रहिछन् भने गर्भमा नै मारिदिन्छन् निर्दोष ती छोरीलाई । यस्तै कुकृत्यहरू दिनानुदिन बढिरहेछन् नेपाली समाजमा । जन्मन नपाउँदै भेद गरिन्छ नारी र पुरुषमा यहाँ । छोरी मान्छे कमजोर हुन्छन् तसर्थ उनीहरू केही गर्न सक्दैनन् भनेर नारीलाई हेप्ने चलन समाजमा अझैं पनि उस्तै छ । भनिन्छ नि, जो व्यक्ति बिरामी छ उसलाई झन् बिचरा ! भनिदियो भने ऊ झन् कमजोर बन्दछ तर उक्त बिरामीलाई झन् धेरै माया गर्ने साथै तिमीलाई केही भएको छैन चिन्ता नगर भनेर हौसला प्रदान गर्ने हो भने ऊ छिटो स्वस्थ बन्न सक्छ । त्यस्तै नारीहरूलाई पनि पुरुषले तिमीहरू कमजोर छौ, केही गर्न सक्दैनौ भनी दिनानुदिन हतोत्साही बनाउँदै लगिरहेछन् ।

त्यसो त, समाजको विकासक्रमलाई धार्मिक दृष्टिकोणबाट केलाउने हो भने सत्य युगमा महिलाको स्थान उच्च थियो । त्यसैले धनकी देवी लक्ष्मी, विद्याकी देवी सरस्वती र शक्तिकी देवीका रूपमा भगवतीलाई लिइन्थ्यो । त्रेता युगमा राजा जनककी छोरी सीताको स्थान उच्च रह्यो । द्वापर युगमा महाभारतको कथालाई केलाउँदा पनि द्रौपदीलाई स-सम्मान पाण्डव दाजुभाइहरूले अपनाउनु, अर्जुनले युद्ध त्याग गर्ने इच्छा प्रकट गर्दा पनि द्रौपदीले खुलेको केश देखाई अर्जुनलाई युद्ध लड्न उत्साहित गर्नु, दुर्योधनद्वारा गरिएको अत्याचारको निन्दा गरिनु महिलाप्रति समाजले बनाएको सकारात्मक दृष्टिकोण हो (सुवेदी, २०६७ : ५६) ।

समाज परिवर्तनशील छ, परिवर्तित समाजसँगै समाजमा नारीप्रतिको दृष्टिकोणमा पनि परिवर्तन हुँदै आएको देखिन्छ । विधवा नारीले पुनर्विवाह गर्ने चलन पनि दिनानुदिन बढिरहेको पाइन्छ । विधवा नारीले विवाह नगरे तापनि राता पहिरनमा सजिएको देख्न सकिन्छ । विधवा नारीलाई देख्नसाथ साइत बिग्रन्छ भन्ने सोचाइ राख्ने समाजको सामु राता पहिरनमा सजिन पाउनु विधवा नारीको सौभाग्य मानिन्छ । आफ्नी छोरी प्रथम पटक रजस्वला भएका बेला तेह्र दिनसम्म घर भन्दा पर गोठमा अथवा टाढा कसैको घरमा लुकाउने प्रचलन रहेकोमा आजभोलि शिक्षित घरपरिवाले पाँचदिनसम्म मात्र लुकाउने

चलन राखेको देखिन्छ । अझ कतिपय घर परिवारले त आफ्नै घरको कोठामा लुकाएर राखेको समेत देख्न, सुन्न पाइन्छ । साथै कतिपय चेतनशील घर परिवारले त रजस्वलालाई प्राकृतिक प्रक्रियाको रूपमा स्वीकारी रजस्वला हुँदा लुकाउनु पर्ने परम्परावादी सोचको अन्त्य गरेको पाइन्छ । रजस्वला भएको भनेर विद्यालयका छात्रा तथा शिक्षिकाहरूलाई नै विद्यालय प्रवेशमा निषेध गर्ने सु.प का त्यस्ता विद्यालयका सम्बन्धित पक्षका लागि उपर्युक्त कुराहरू अनुसरणीय देखिन्छ । त्यसै गरी छोरी, बुहारी, नातिनी आदिलाई वैदेशिक रोजगारीका लागि घर परिवारबाट स्वीकृति दिने गरेको पनि देख्न, सुन्न पाउँछौं हामी । त्यसै गरी घर तथा जग्गा जमिन लयायत चल, अचल सम्पत्ति महिलाका नामबाट राखिदिनु तथा आमाको नाउँमा समेत सन्तानले नागरिकता लिन पाउने व्यवस्था हुनु आदि महिलाप्रतिको समाजले बनाएको सकरात्मक दृष्टिकोण हो ।

### ३.१३ जेन्डरको भाषा

जेन्डर प्राकृतिक नभएर समाजद्वारा नियोजित भूमिका, मूल्य, मान्यता, जिम्मेवारीको समुच्च रूप हो । जेन्डरको भाषा भन्नाले जेन्डरको अध्ययन गर्दा प्रयोग हुने अथवा महिला पुरुषलाई सम्बोधन गर्दा प्रयोग गरिने भाषा हो । महिला र पुरुषले प्रयोग गर्ने भाषाका क्रियामा पृथकता पाइन्छ र केही मात्रामा शाब्दिक रूपमा पनि फरक भेटिन्छ । महिलाले पुरुषलाई सम्बोधन गर्दा हजूर, तपाईँ जस्ता शब्द प्रयोग गरिन्छ तर पुरुषले महिलालाई तँ, तिमी जस्ता शब्दहरूले सम्बोधन गरेको पाइन्छ । त्यस्तै घर परिवारमा पनि छोरालाई तिमी र छोरीलाई तँ प्रयोग गरेको देखिन्छ । लैङ्गिक दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा समानता हुनु पर्छ भन्ने मान्यता रहेको पाइन्छ । परम्परागत रूपमा समाजमा महिला र पुरुषलाई जनाउन प्रयोग गरिने भाषा निम्नानुसार रहेको पाइन्छ । जस्तै :

| महिलालाई प्रयोग गरिने भाषा | पुरुषलाई प्रयोग गरिने भाषा |
|---|---|
| पढेकी छे, खाएकी छे, गइछे, सुन्दरी, रूपवती च्वाँक, व्युटि, रण्डी, वेश्या, भालु, झकास रहिछे, बबाल गरी, राक्षस्नी, चण्डाल्नी आदि । | पढेको छ, खाएको छ, गयो, भद्र, ह्यान्डसम, सुन्दर, मुर्दार, रन्डो, साँढे, ब्वाँसो, साले, बोको, राक्षस, चण्डाल आदि । |

यसै गरी घर परिवार, इष्टमित्र आदिमा सम्बोधन गर्दा पनि महिला र पुरुषका लागि प्रयोग गरिने शब्द फरक हुन्छन् । जस्तै :

| महिलाका लागि प्रयोग गरिने शब्द | पुरुषलाई प्रयोग गरिने शब्द |
| --- | --- |
| हजुरआमा, आमा, माता, ममी, दिदी, बहिनी, काकी, छोरी, सानीआमा, बुहारी भाउजू, केटी, श्रीमती, माइजू, सौता, देउरानी, जेठानी, आइमाई, स्वास्नी, बूढी, प्रेमिका अर्धाङ्गिनी आदि । | हजुरबुबा, बुबा,बा, पिता, ड्याडी, ठूलाबा, दाइ, भाइ, काका, छोरो, श्रीमान्, प्रेमी, मामा, जेठाजु, लोग्ने, सालो, जेठान, ससुरा, बुढो, जार, साडु, पुरुष आदि । |

जेन्डरसँग सम्बन्धित परम्परागत शब्दहरू माथि उल्लेखित शब्द हुने गरेका भए पनि हाल शब्द सम्बोधनमा निम्न अनुसारका शब्द प्रयोग गर्नु उपयुक्त मानिने लैङ्गिक समविकास शिक्षा २०६५ मा उल्लेख गरिएको छ :

- सभा, सम्मेलनमा सम्बोधन गर्दा महिला तथा सज्जनवृन्दको सट्टा दिदीबहिनी तथा दाजुभाइ सम्बोधन गर्ने,
- पत्राचारमा श्रीमान्, श्रीमती र सुश्रीको सट्टा ‘श्री’ प्रयोग गर्ने,
- किसानको सट्टा ‘महिला किसान’, ‘पुरुष किसान’ प्रयोग गर्ने,
- आइमाईको सट्टा ‘महिला’ प्रयोग गर्ने,
- सहकर्मीबीच सर, मेडम, मिसको सट्टा ‘दिदीबहिनी’, ‘दाजुभाइ’ वा नामसँगै ‘जी’ जोडेर प्रयोग गर्ने,
- महिला शिक्षिकाको सट्टा ‘महिला शिक्षक’ शब्दको प्रयोग गर्ने ।

## अध्याय चार

# विश्वामित्र उपन्यासको विश्लेषण

### ४.१ उपन्यासको परिचय

साहित्यमा कथा, कविता, नाटक, उपन्यास जस्ता विविध विधाहरूमध्ये उपन्यासले विशेष लोकप्रियता प्राप्त गरेको छ । साहित्यमा विशेषतः गद्य विधाहरूले पाठकहरूको मन जित्न सफल हुँदै गइरहेको छ । उपन्यास गद्य विधाहरूमध्ये एक सफल र उत्कृष्ट विधाका रूपमा पछिल्लो समयमा देखा परेको छ । उपन्यासमा जीवनको समग्रता वा व्यापकताको प्रस्तुति भएको पाइन्छ । उपन्यास बन्धनमुक्त साहित्यिक विधा हो जसलाई पाठकद्वारा पढेर आस्वादन गर्न सकिन्छ । पाश्चात्य साहित्यमा अत्यन्तै मौलाएको उपन्यास विधा नेपाली साहित्यमा पनि पाठकहरूको मन जित्न सफल भएको विधा हो । यो बृहत् आयाममा संरचित हुने भएकाले जीवन र जगतको समग्रतालाई समेटेको हुन्छ ।

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास एक नवीन तथा सशक्त विधा हो । ‘उप+नि+अस्+अ’ बाट उपन्यास शब्दको व्युत्पत्ति भएको मानिन्छ । यसको अर्थ नजिक राख्नु भन्ने हुन्छ । अङ्गेजीमा उपन्यासलाई नोवेल (Novel) भनिन्छ । ल्याटिन भाषाको नोवस (Novews) शब्दको रूपान्तरित शब्द नै (Novelle) नोवेले हो । फ्रान्सेली भाषामा यस्ता रचनालाई (Novella) भन्ने गरियो । त्यसैगरी इटालेली शब्द (Novella) नोवेलाको व्युत्पत्ति पनि त्यसैबाट भएको हो । यसलाई मराठी भाषामा ‘नवलिका’ र गुजराती भाषामा ‘नवलकथा’ भनिएको पाइन्छ (स्रोत : भण्डारी, पारस र अन्य, २०६६) ।

साहित्यको एक सशक्त विधाका रूपमा विकसित उपन्यासलाई पाश्चात्य साहित्यको देन मानिन्छ । पूर्वीय साहित्यमा भरतमुनिदेखि विश्वनाथसम्मका विद्वानहरूले उपन्यासका बारेमा चर्चा गरेका भए पनि कुनै खास महत्त्वपूर्ण औपन्यासिक कृति सृजना भएको पाइँदैन । पाश्चात्य साहित्यमा पनि उपन्यासको जन्म अठारौँ शताब्दीमा मात्र भएको पाइन्छ तर नेपाली साहित्यमा चाहिँ उपन्यास भन्न सकिने कृतिको जन्म बिसौँ शताब्दीको अन्त्यतिर भएको पाइन्छ । नेपाली उपन्यासको प्रारम्भ गर्ने कृति शक्ति बल्लभ अर्यालको **महाभारत विराटपर्व** (वि.सं. १८२७) हो । तर यो संस्कृतबाट अनुदित कृति भएकोले

यसले आधुनिक उपन्यास लेखन सुरु हुनुभन्दा अगाडिको पृष्ठभूमि मात्र निर्माण गरेको पाइन्छ । महाभारत विराटपर्वपछि पनि विभिन्न किसिमका आख्यानात्मक कृतिहरू प्रकाशित भए । हरिकृष्णरचित र शिवदत्त शर्मानुवादित **वीरसिक्का** (१९४६) पनि निकै महत्त्वपूर्ण कृति हो । नेपाली उपन्यासको माध्यमिक कालको पूर्वार्द्ध कालमा जासुसी, तिलस्मी, ऐयारी, रोमन्सपूर्ण तथा अद्भूतिक प्रवृत्तिका औपन्यासिक कृतिहरू जन्मिए भने उत्तरार्द्धमा सामाजिक सुधारका भावना राखिएका विविध उपन्यासहरू रचिन थालिएको पाइन्छ । मनोरञ्जन, समाज सुधार तथा नीति चेतनाले पनि माध्यमिक कालका उपन्यासमा स्थान पाएको देखिन्छ । सदाशिव शर्मा (अधिकारी) को वि.सं. १९५९ सालमा **महेन्द्रप्रभा** मौलिकताको आभाष हुने पहिलो उपन्यास मानिन्छ । यो उपन्यास पहिलो मौलिक- तिलस्मी उपन्यास भए पनि यसमा देवकीनन्दन खत्रीको प्रभाव रहेको मानिन्छ । वि.सं. १९६० मा प्रकाशित पण्डित गिरीशबल्लभ जोशीको 'वीरचरित्र' माध्यमिक कालको मौलिक उपन्यास हो । मौलिक उपन्यास लेखनको यो परम्परा एक शताब्दी पार गरिसकेको छ । यस क्रममा उपन्यासले जीवन जगतका तीता, मीठा अनुभव, यथार्थ, सामाजिक, राजनैतिक, आर्थिक पक्षहरूलाई आफूमा समावेश गर्दै अगाडि बढिरहेको छ ।

आधुनिक नेपाली उपन्यासको सुरुवात वि.सं. १९९१ मा प्रकाशित सरदार रुद्रराज पाण्डेको **रूपमती** उपन्यासबाट भएको पाइन्छ । रूपमती उपन्यासमा अभिव्यक्त सामाजिक यथार्थवाद नै वास्तवमा आधुनिकताको लक्षण हो भन्ने मान्यतालाई धेरै विद्वानहरूले स्वीकारेका छन् । आधुनिक उपन्यास आदर्शोन्मुख यथार्थवाद, स्वच्छन्दतावाद जस्ता विविध वादहरूमा विकसित हुँदै समसामयिक समयमा प्रयोगवादतर्फ पाइला अगाडि बढिरहेको छ ।

## ४.२ उपन्यासको परिभाषा

साहित्यका अन्य विधाका तुलनामा उपन्यास विधा बढी लोकप्रिय बनेको छ । उपन्यास बन्धनमुक्त साहित्यिक विधा भएकाले जसले जहाँ पनि र जसरी पनि पढ्न सक्दछ । सामाजिक यथार्थको सीमामा रहेर लेखिने भएकाले यसप्रति पाठकहरूको रुची बढ्दै गएको छ । पाश्चात्य साहित्यमा लामो इतिहास बोकेको उपन्यासले पश्चिममा जस्तो व्यापकता पाउन नसके पनि पूर्वीय साहित्यको फाँटमा अन्य विधाको तुलनामा कमजोर

रहेको अवस्था भने देखिँदैन । पूर्वीय तथा पाश्चात्य साहित्यका विद्वान्हरूले उपन्यासलाई विभिन्न ढङ्गबाट चिनाउने प्रयास गरेका छन् । जसलाई भण्डारी र अन्य (२०६६) ले **नेपाली गद्य र नाटक** पुस्तकमा निम्नानुसार उल्लेख गरेका छन् :

**पश्चिमेली विद्वान्हरूका दृष्टिमा उपन्यास**

'उपन्यास मानव अनुभवको निरूपण हो, त्यो पदार्थ वा आदर्श तर त्यसमा जीवनको आलोचना रहन्छ ।' - मूलर

'उपन्यास कोरा कथात्मक लेखन होइन यो त मानव जीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्दछ ।' - राल्फ फक्स

'उपन्यास भनेको सुखान्त गद्य महाकाव्य हो ।' - हेनरी फिल्डिङ

'उपन्यास एक यस्तो कल्पित, विशालकाय तथा गद्यमय आख्यान हो जसमा एउटै कथानकअन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्रहरू एवम् तिनका क्रियाकलापको वर्णन रहन्छ ।' - बेवस्टर

'वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्बिर हो उपन्यास ।' - क्लारा रिब्स

'उपन्यासले मानव जीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहित्यभन्दा स्वाभाविक रूपले बढी छ ।' - डी.एच. लरेन्स

**पूर्वेली विद्वान्हरूका दृष्टिमा उपन्यास**

'युक्तिपूर्ण ढङ्गले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो ।' - भरतमुनि

'म उपन्यासलाई मानव चरित्रको चित्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश गर्नु, त्यसको रहस्य खोल्नु नै उपन्यासको मूल तत्त्व हो ।' - प्रेमचन्द

'उपन्यास गद्यमा लेखिएको त्यो विधा हो, जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति हुन्छ ।' - हिमांशु थापा

'पूर्वापर तारतम्य सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।'

- राजेन्द्र सुवेदी

'उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।' - कृष्णचन्द्रसिंह प्रधान

'यथार्थसँग परिचय साथको सन्धान, मूल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवन शिक्षण, व्यक्तित्वको पुनरवेन्षण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व हुन् ।'

- इन्द्रबहादुर राई

उपन्यासका सम्बन्धमा पूर्वीय र पाश्चात्य विद्वानहरूले व्यक्त गरेका अभिव्यक्तिबाट के स्पष्ट हुन्छ भने मानव जीवनका विविध कारुणिक, मार्मिक तथा विविध पक्षसँग सम्बन्धित भावहरू उद्घाटन गर्ने क्रममा मूल कथाका अतिरिक्त अन्य उपकथाहरू समेत संयोजन गरिएको आख्यानात्मक कृति हो भन्ने बुझिन्छ । यो परम्परामा विभिन्न परिच्छेद तथा खण्डहरूमा विभाजित भए पनि शृङ्खलित रूपमा अघि बढेको हुन्छ । कुनै खास जीवन दर्शन बोकेर अघि बढेको लामो कथात्मक अभिव्यक्तिबाट समाजका लागि केही न केही नैतिक सन्देश वा जीवनदृष्टि दिएको हुन्छ (भण्डारी र अन्य, २०६६ : १६९)

## ४.३ उपन्यासकार इन्दिरा प्रसाईंको परिचय

### ४.३.१ जन्म

वि.सं. २०१४ साल फागुन ३ गते शुक्रवारका दिन दार्जिलिङको भिक्टोरिया अस्पतालमा पिता गणेशप्रसाद शर्मा नेपाल र माता दुर्गादेवी नेपालको कोखबाट जन्मिएकी उपन्यासकार इन्दिरा प्रसाईंको न्वारनको नाम भवानीपुष्प नेपाल हो । तिन महिनाकी हुँदा भिक्टोरिया अस्पतालबाट इन्दिरा प्रसाईंलाई पुर्ख्यौली थलो धनकुटामा ल्याइएको थियो । उनका पिता शिक्षित, सामजसेवी साथै बुद्धिजिवी प्राध्यापक थिए । त्यस्तै राजनीतिमा समेत रुची राख्ने उनका पिता पण्डित समेत थिए साथै प्राध्यापन पेसा समेत अपनाउने भएकाले गणेश गुरुका नामले उनी समाजमा प्रतिष्ठित थिए । पैतृक सम्पत्ति प्रशस्त भएर पनि पिता नेत्रप्रसाद नेपालले इन्दिराका पिता गणेशप्रसाद शर्मालाई नदिएकाले इन्दिराको बाल्यकालको समयमा आर्थिक अवस्था अलि कमजोर भएको देखिन्छ । तर उनका पिता विवेकी र परिश्रमी भएकाले पुरोहित काम गरेर भए पनि इन्दिराको पालनपोषणमा ध्यान दिन्थे । पछि प्राध्यापन पेसामा संलग्न भएर प्रशस्त सम्पत्ति कमाएपछि पिता गणेशप्रसाद शर्माले इन्दिराका नाउँमा विराटनगर, धनकुटा तथा सुनसरी जिल्लाका विभिन्न ठाउँमा जग्गा किनिदिएकाले इन्दिरालाई सुखपूर्वक हुर्काउने काम गरे । प्रथम सन्तानका रूपमा जन्मिएकी इन्दिराका कल्पना शर्मा र अल्पना शर्मा गरी दुई बहिनी छन् । त्यस्तै भाइ

शोभन नेपाल तथा माता पिताले धर्मपुत्र बनाएका, भाइ स्वस्तिक नेपाल पनि छन् । उनका गीताञ्जली, निकेतिका र अनुकृतिका गरी तीन छोरीहरू छन् । हाल उनी काठमाडौँको घट्टेकुलोमा बसोबास गर्दै आएकी छन् (शोधनायिकाबाट प्राप्त जानकारी) ।

### ४.३.२ शिक्षा

त्यसो त पाँच वर्षकै उमेरमा पिता गणेशप्रसाद शर्मा नेपाल (गणेश गुरु) बाट अनौपचारिक शिक्षा आरम्भ गरेकी इन्दिरा प्रसाईंले विद्यालयीय शिक्षाको थालनी विराटनगरको तिनटोलिया प्रा.वि.बाट सुरु गरेकी हुन् । कक्षा दुईमा पढ्दा पढ्दै माता दुर्गादेवी नेपाल बिरामी भएर अस्पतालमा भर्ना गर्नुपर्ने भएकाले पढाइलाई निरन्तरता दिन नसकेर उनले भाइबहिनीहरूको हेरचाह गर्नु पर्‍यो । छोरीको भविष्यप्रति चिन्तित इन्दिराका पिताले केही समयपछि विराटनगरकै सरस्वती मा.वि.मा एकैचोटि कक्षा ६ मा भर्ना गरिदिए । त्यही विद्यालयबाट २०२८ सालमा तेस्रो श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि विराटनगरकै महेन्द्र मोरङ क्याम्पसमा आई.ए. पढ्न थालिन् । त्यसैगरी बी.ए. पनि त्यही क्याम्पसमा अध्ययन गरेकी इन्दिराले त्रि.वि.कीर्तिपुर बाट एम.बी.ए. पूरा गरेकी छन् । त्यसैगरी भारतको चण्डिगढ विश्वविद्यालयबाट होमियोपेथी उपचारसम्बन्धी ज्ञान तथा उपाधि प्राप्त गरेकी छन् ।

### ४.३.३ रुचि र स्वभाव

दाल, भात र तरकारी भएको साधारण नेपाली खाना मन पराउने प्रसाईं शाकाहारी नभएपनि शाकाहारी खाना स्वास्थ्यका लागि राम्रो हुन्छ भन्ने धारणा राख्दछिन् । सङ्गीत सुन्नमा उनको रुची छ । एकान्तमा बसेर सुन्दा विशेष गरी हिन्दी तथा नेपाली गजलहरू मन पराउँछिन । जगजित सिंह, पङ्कज उदास, उदित नारायण झा, नारायण गोपाल जस्ता गायकका गीतहरू मन पराउने इन्दिरा सरल स्वभावकी नारी हुन् । माता दुर्गादेवी नेपालसँग भुसुना जति पनि नडराउने प्रसाईं पितासँग भने असाध्यै डराउने गर्थिन् । बाल्यवस्थामा विद्रोही तथा उत्सुक स्वभावकी इन्दिरा हाल निर्भीक र स्वतन्त्र नारीवादी उपन्यासकारका रूपमा आम पाठकमाझ परिचित छन् ।

### ४.३.४ पेसा

त्यसो त घर परिवारको आर्थिक अवस्था राम्रै भएको कारण इन्दिरा प्रसाईंलाई खास कुनै घरायसी समस्याले पिरोलेन । पिताले प्राध्यापन तथा पुरोहित काम गरेर उनलाई सुखपूर्वक पालनपोषण गर्ने काम भएकोले आर्थिक समस्याले नपिरोले पनि आफूभित्रको क्षमता र योग्यता प्रदर्शन गरी उनले विभिन्न सङ्घसंस्थामा काम गर्दै आएको पाइन्छ । पिताले डाक्टर बनाउने इच्छा राखे पनि एस.एल.सी मा थोरै अङ्क प्राप्त भएर पिताको रहर पूरा नभएपछि उनले 'इन्दिरा मेडिकल हल' खोलेकी थिइन् तर अरू मानिस बिरामी हुँदा पनि खुसी हुनै पर्ने पेसा भएकाले एक वर्ष पछि नै उनले त्यो औषधि पसल बेचिन् । त्यसै गरी २०३५- २०३९ सालसम्म उनी सुनसरी मोरङ सिँचाइ आयोजनामा ना.सु. पदमा जागिरे भइन् । त्यस्तै २०४६ सालको ऐतिहासिक आन्दोलन भन्दा ठीक पाँच महिना अगाडि उनले नेपाल टेलिभिजनमा समाचार वाचिकाको काम गरिन् । त्यसै गरी २०४० सालमा विराटनगरमा एउटा 'अस्वस्थ शिशु सेवा समिति' नामको संस्थामा सदस्य सचिव भएर काम गरिन् । त्यसैगरी वि.सं. २०४७ - २०५१ सालसम्म महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनगरमा प्राध्यापकको रूपमा सेवा गरिन् । यसरी विभिन्न सङ्घसंस्थामा सक्रियताका साथ लागि पर्ने प्रसाईं हाल .(वि.सं. २०५६ देखि) पशुपति बहुमुखी क्याम्पस काठमाडौंमा प्राध्यापकको रूपमा सेवारत छन् ।

### ४.३.५ लेखनको प्रारम्भ, प्रेरणा र प्रभाव

इन्दिरा प्रसाईंलाई साहित्यप्रतिको चासो पिता (गणेश गुरु) कै प्रेरणाले भएको हो । गणेश गुरुले साहित्यकार देवकुमारी थापालाई दिदी बनाएका थिए । गणेश गुरुले देवकुमारी थापालाई गरेको सम्मान देखेर नै उनलाई पनि साहित्यकार हुन मन लाग्यो । पिताले गरेको एउटी साहित्यकार नारीप्रतिको सम्मानले उनको बालमनमा डेरा जमायो । नौ कक्षाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट देवकुमारी थापाको 'भविष्य निर्माण' कथालाई पनि आफ्नो प्रेरणाको स्रोत बनाएकी इन्दिराले आठ-नौ कक्षामा पढ्दा नै अङ्ग्रेजी नाटककार शेक्सपियरका **भेनिसको व्यापारी, बाह्रौं रात, हेमलेट** जस्ता नाटकहरू पढिन् । त्यसबाट पनि उनमा साहित्य लेखनप्रतिको प्रेरणा जाग्यो । शिक्षित परिवारमा हुर्किएकी इन्दिराको घरमा पिता गणेशप्रसाद नेपाल र काका मेदिनीप्रसाद नेपालले दार्जिलिङबाट प्रकाशित हुने **कुमुदिनी, हाम्रो संसार** जस्ता विभिन्न नेपाली पत्रिका घरमै ल्याउँदथे ।

त्यस्ता पत्रिकाहरू पढेर पनि साहित्यप्रति झुकाव राखेकी इन्दिराले सुरुसुरुमा आफ्ना रचनाहरू लुकाउने गर्थिन् । गणेश गुरुले सजाय दिनुहुन्छ भनेर आफ्ना रचना लुकाउने इन्दिराले जब आफ्ना सृजना पितालाई देखाइन् तब कहिल्यै खुसी नहुने गणेश गुरु उनका सृजनासँग खुसी हुनु भयो । जसको कारण इन्दिरालाई साहित्य लेखन प्रति झनै रुची बढ्न थाल्यो । घरमा कोही मानिस आउँदा इन्दिराका रचनाहरू उनका पिताले पटकपटक पढ्न लगाउँथे । जसको कारण उनलाई साहित्य लेखनप्रति प्रेरणा मिल्दै गयो । विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिन उनकी माता दुर्गादेवीले पनि हौसला प्रदान गर्थिन् । सुरुसुरुमा उनका रचनाहरूको शुद्धाशुद्धि हेर्ने काम गणेश गुरुका साथी पण्डित ठाकुरप्रसाद कोइरालाले गरिदिन्थे र प्रेरणा दिन्थे (शोध नायिकबाट प्राप्त जानकारी) । नेपाली साहित्यकारहरू विशेष गरी भीमनिधि तिवारी, बी. पी कोइराला तथा गुरूप्रसाद मैनालीका सृजनाहरू पढेर पनि प्रेरित इन्दिराले गुरूप्रसाद मैनालीको **बिदा** कथा पढेर **बिदा ! बिदा ! ! बिदा ! ! !** शीर्षकको कथा लेखेको भए पनि यो कथा भने प्रकाशित भएन । यसै क्रममा सम्पादक विजयदेव खनालको सम्पादकत्वमा प्रकाशित हुने 'प्रेरणा' पत्रिकामा २०३० सालमा **अस्वीकृत पत्र** कथा छापियो । यो कथा नै उनको पहिलो प्रकाशित रचना हो ।

### ४.३.६ समाजसेवी व्यक्तित्व

सानैदेखि समाजसेवामा रुची राख्ने इन्दिरा प्रसाईंका पिता गणेशप्रसाद शर्मा नेपाल विराटनगरेहरूका लागि अग्रपङ्क्तिमा आउने समाजसेवी थिए । पिताले गरेका समाजसेवाका कामहरूबाट प्रभावित इन्दिरा समाजसेवी हुनुमा गणेशप्रसाद नै प्रेरणाको स्रोत भएको प्रष्ट देखिन्छ । पिताले डाक्टर बनाउने इच्छा राखे पनि डाक्टरको पेसा इन्दिराले अपनाउन सकिनन् । तर औषधि विज्ञानमा रुची भएकै कारण उनले भारतको चण्डीगढ विश्वविद्यालयबाट होमियोपेथी मेडीकल सम्बन्धी ज्ञान तथा डिग्री हासिल गरिन् । उनले त्यसबखत डा. के.डी मिश्रको क्लिनिकमा उक्त ज्ञान हासिल गरेपछि गाउँगाउँमा औषधि गर्दै हिँड्न थालिन् । खासगरी अशिक्षित , गरिब तराईबासी नेपाली दाजुभाइहरूको घर दैलोमा पुगी उनीहरूलाई औषधि उपचार गरी जीवन बचाउन पाएकोमा उनलाई सन्तुष्टि मिल्दथ्यो । यस क्रियाकलापबाट उनमा भएको समाजसेवाको भावना प्रष्ट देखिन्छ ।

उनको माता दुर्गादेवी नेपाल समय समयमा बिरामी परिरहने हुनाले उनले आमालाई लिएर नर्सकोमा सुई लगाउन लैजानु पर्दथ्यो । यसरी सुई लगाउन लैजाँदा कहिले नर्सलाई नभेटिने, कहिले नर्सले झर्को फर्को गर्ने जस्ता क्रियाकलापले उनलाई यस तर्फ चासो राख्न लगायो । उनको समाजसेवी भावना चानचुने बाधा अड्चनले हटाउने खालको थिएन । उनले क्लिनिकमा बिरामीहरूको घाउपीप धोएको थाहा पाएपछि घरमा आमाले भान्साकोठामा पस्न नदिँदा पनि उनको लगनशीलता मोडिएर अर्कोतिर लागेन । यसैक्रममा उनले विराटनगर तीनटोलियामा विशेषगरी तराईबासी मूलका ती गरिब, दु:खीहरूको घर दैलोमा बिना पैसा र आवश्यक भएमा आफ्नो पेवा समेत सकाएर औषधि किनेर उनीहरूको सेवा गरिन् (शोधनायिकाबाट प्राप्त जानकारी) । विराटनगर छोडेर काठमाडौंलाई आफ्नो कर्मथलो बनाएपछि उनको ध्यान समाजसेवाका अन्य क्षेत्रमा भन्दा भाषा र साहित्यका क्षेत्रमा बढी केन्द्रित भएको देखिन्छ । तर समाज सेवाका अन्य क्षेत्रबाट पनि उनले पूर्ण रूपमा विसर्जन लिएको भने मान्न सकिँदैन (स्रोत : भट्टराई, २०५५) ।

### ४.३.७ राजनैतिक व्यक्तित्व

प्रजातान्त्रिक पद्धतिमा विश्वास राख्ने इन्दिराका बुबा गणेशप्रसाद शर्माको प्रभाव इन्दिराको राजनीतिक सोचाइमा पनि नगरी छोडेन । गणेशप्रसादको पञ्चायतीइतर पक्षसँग बढी नै सम्पर्क थियो । ती मानिसहरूको जीवनशैली र विद्रोही स्वभावको छाप इन्दिरामा पनि पऱ्यो र उनी पञ्चायत विरोधी बन्न पुगिन् । वि.सं. २०२९ सालमा आई. ए. पढ्दा उनी ने. वि. सङ्घकी सक्रिय कार्यकर्ता थिइन् । त्यस समय श्री महेश आचार्य र श्री हरि न्यौपानेको राजनैतिक ख्याति देखेर ने. वि. सङ्घको चुनाव प्रचारमा लागेकी हुन् । त्यस बखत महेन्द्र मोरङ क्याम्पस विराटनगरमा ने.वि.सङ्घलाई जिताउन उनले गरेको सहयोग निकै उल्लेखनीय रह्यो ।

जब-जब पञ्चायती शासकहरू आफ्ना विरोधीहरूलाई निरङ्कुश पाराबाट पेल्न खोज्दथे तब-तब निरीह नेपाली जनताको चाउरिएको अनुहार इन्दिराको मानसपटलमा आउने गर्दथ्यो र अझ उनी आफूलाई पञ्चायती शासनको विरोधमा लगाउँथिन् । त्यसैले उनी बी. ए. पढ्दा ने. वि. सङ्घको तर्फबाट महेन्द्र मोरङ क्याम्पसमा उम्मेदवार बनिन् ।

यसरी तिखारिँदै गएको उनको राजनैतिक व्यक्तित्व २०४६ सालको ऐतिहासिक जनआन्दोलनको पूर्वसन्ध्यामा आएर साँच्चै नै विद्रोही बन्यो । आफूले नेपाल टेलिभिजनको समाचार वाचिकाबाट राजीनामा दिनु यसको प्रमाण हो । यो जागिरको हैसियतले उनले पञ्चायतले गरेका नराम्रा कुरालाई पनि बटारेर राम्रो बनाई भन्नुपर्ने बाध्यता उनलाई ठीक लागेन । यही आत्मग्लानीबाट बच्नका लागि उनले वक्तव्य निकालेर त्यहाँबाट आफूलाई स्वतन्त्र बनाइन् ।

वि. सं. २०४६ चैत्र २४ गतेका दिन पञ्चायती सरकारको विरोधमा निकालिएको जुलुसमा सहभागी हुँदा उनलाई प्रहरीले पक्रिएर हिरासतमा राख्यो । तर प्रहरीका कब्जामा परेका मानिसहरूको वीरतापूर्ण अभिव्यक्ति सुनेर उनीहरूलाई तुरुन्त रिहाइ पनि गरियो । जनआन्दोलन पश्चात् विभिन्न सेवा र पेसामा लागेका मानिसहरूले आफ्नो सङ्गठनको आवश्यकता महसुस गर्नु स्वभाविक थियो । यो धारणाले नेपालका प्राध्यापकहरूलाई पनि छोयो । प्राध्यापकहरू आफ्नो वर्ग र पेसाको हितको निम्ति र प्राप्त भएको प्रजातन्त्रको टिकाउ तथा विकासको लागि जुर्मुराएर उठे । यसै क्रममा २०४८ सालमा प्राध्यापकहरूले उपर्युक्त लक्ष्य प्राप्तिका लागि आफूभित्र नेतृत्वको चयन गर्ने निधो गरे । प्राध्यापकहरू मूलतः दुई खेमामा विभाजित भए । नेपालका अधिकांश क्याम्पसहरूमा प्रगतिशील र प्रजातान्त्रिक खेमामा लगेर प्राध्यापकहरू चुनावमा उत्रिए ।

यसै क्रममा महेन्द्र मोरङ क्याम्पसमा भएको चुनावमा इन्दिरा प्रसाईं प्रजातान्त्रिक खेमाबाट कोषाध्यक्षमा उम्मेदवार बनिन् । कपिल घिमिरेले अध्यक्ष पदमा जितेको उक्त चुनावमा सम्पूर्ण प्रजातान्त्रिक खेमाका प्राध्यापकहरू नै विजयी बने । यसमा सबैभन्दा बढी भोट (मत) प्राप्त गर्ने इन्दिरा प्रसाईं नै थिइन् । विद्यार्थी जीवनद्खि नै प्रजातान्त्रिक गतिविधिमा सक्रिय भूमिका निर्वाह गर्दै आएकी इन्दिराको यो चुनावपछि राजनैतिक ख्याति निकै माथि पुग्यो । उनलाई प्रजातन्त्रप्राप्तिका बखत देखाइएको वीरतापूर्ण कदमको स्वागत गरी सम्मान पनि गर्न थालियो । उनले आफ्नो पदभार ग्रहण गरेपछि नेपाली साहित्य र राजनैतिक क्षेत्रका विराट व्यक्तित्व स्व. बी.पी कोइरालाको सम्मानका लागि क्याम्पसको हाताभित्र उनको एउटा सालिक निर्माण गर्ने कुरा प्राध्यापक सङ्घमा चलाइन् तर विभिन्न कठिनाइका कारण उनको यो सपना पूरा हुन सकेन । यो घटनाले उनमा राजनीतिप्रति अलिक नैराश्य आउन थाल्यो ।

बहुदल प्राप्तिपछि पनि जनताका गाँस, बास र कपासका समस्या जस्ताको तस्तै रहेको, राष्ट्रको उन्नति तथा मुलुक निर्माणको काम केवल नेताका भाषणमा मात्र केन्द्रित रहेको र नेताको बोलाइ र गराइमा एकरूपता नदेखिएकाले उनमा साँच्चै नै राजनीतिप्रति पूर्ण रूपमा नैराश्य आयो । हाल आएर उनी राजनीतिबाट पूर्ण रूपमा अलग छिन् र चुनावमा मत दिनसमेत जाने गर्दिनन् । बरु पञ्चायती शासनमा भएका नराम्रा कुरालाई फ्याँक्न सकेको भए राम्रो हुने थियो कि भनी गुनासो व्यक्त गर्दछिन् (स्रोत : भट्टराई, २०५५)

### ४.३.८ साहित्यिक सङ्घ संस्थामा संलग्नता

संस्थापक तथा अध्यक्ष

- नइ प्रकाशन (२०५२ देखि)
- त्रिमूर्ति निकेतन (२०६३ देखि)
- बालकृष्ण सम फाउन्डेशन (२०५२-२०६५)

उपकुलपति

- सीताराम प्रज्ञा प्रतिष्ठान (२०५१ देखि)

संस्थापक तथा उपाध्यक्ष

- लक्ष्मी प्रसाद देवकोटा प्रतिष्ठान (२०५३-२०६८)
- त्रिमूर्ति निकेतन (२०६१-२०६२)
- लेखनाथ पौड्याल काव्यसभा (२०६३-२०६५)

संस्थापक तथा सदस्य सचिव

- कोइलीदेवी सङ्गीत कोष (२०५७-२०६५)
- चन्द्रधन प्रज्ञा मन्दिर (२०६१-२०६७)

अनुभव

- गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष (२०६२)
- श्री ५ को सरकारको सल्लाहकार (२०६२-२०६३)

### ४.३.९ पुरस्कार र सम्मान

- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५२)
- युवावर्ष मोती पुरस्कार (२०५१)
- मैनाली कथा पुरस्कार (२०५२)
- राष्ट्रिय गौरव युवा सम्मान (२०५३)
- भानु साहित्य सम्मान (२०६२)
- भद्रकुमारी घले सम्मान (२०६४)
- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)

### ४.३.१० विभूषण र अलङ्कार

- प्रवल गोरखादक्षिणबाहु (२०५८)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)
- गद्दीआरोहण रजतपदक (२०५३)

### ४.३.११ इन्दिरा प्रसाईंका साहित्यिक लेख रचना तथा कृतिहरू

साहित्यका विविध विधामा कलम चलाएकी प्रतिभावान् नारी सर्जक इन्दिरा प्रसाईंले हरेक विधामा सफलता प्राप्त गरेकी छन् । बहुप्रतिभाकी धनी प्रसाईंद्वारा प्राप्त जानकारी अनुसार उनका विविध विधाका साहित्यिक कृतिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**अस्वीकृत पत्र** शीर्षकको कथा २०३० सालमा प्रेरणा पत्रिकामा प्रकाशित गरेर साहित्यिक लेखनको आरम्भ

कथा सङ्ग्रहः

'मन सायद उघ्रँदैन' (२०५१), 'बयान (२०५५), 'दोस्रो सत्ता' (२०६२)

कविता सङ्ग्रहः

'बाईपङ्खी घोडा' (२०५७), 'तिमी हुनुको' (लामो कविता : २०५७), 'नेपाल न्यूज डट कम' (?), 'माल्दाइलाई चिठी' (२०६१), 'ए समुद्र !' (लामो कविता : २०६३), 'शारदा' (लामो कविता : २०६९)

उपन्यास :

**विश्वामित्र** (२०५५), 'रनमाया' (२०५८), 'शिखा' (२०५९), 'उसको लोग्ने र बिरालो' (२०६०)

समीक्षात्मक पत्र निबन्ध :

'प्रिय नरेन्द्र' (२०६१)

जीवनीमूलक निबन्ध :

'मेरी सासू' (?) (२०६५)

अनुवाद

'मेरा जीवन : मेरी कहानी (नेपाली भाषाबाट हिन्दी भाषामा : २०५४)

सम्पादन :

भारती खरेल 'सृजना र समीक्षा' (२०५२), पौरखी पुरुष (२०५२), एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४), रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४), गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४), भूपाल अर्चना (२०५५), उकाली ओरालीहरूमा तारादेवी (२०५६), ईश्वर बराल : कृति र कीर्ति (२०५७), श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७), सङ्गीत शिरोभूषण : नातिकाजी ( २०५८), कलम दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०), मिश्रका कृति : कविता दृष्टि (२०६०), त्रिमूर्ति निकेतन (२०६०), शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२), देवकोटा शताब्दी कविता (?), देवकोटा राष्ट्रिय चिन्तन (२०६०)

पत्रिका सम्पादन

कथाक्रम त्रैमासिक (२०४१- २०४३), प्रज्ञापत्र मासिक (२०५२- २०५५), भानुमोती वार्षिक (२०५५- २०६३),

## ४.४ उपन्यासकार इन्दिरा प्रसाईंका उपन्यास

साहित्यका विविध विधामा कलम चलाउने इन्दिरा प्रसाईंका उपन्यासहरू सङ्ख्यात्यक रूपमा थोरै भए पनि गुणात्मक दृष्टिले सफलता प्राप्त गरेका छन् । वि.सं. २०५५ सालमा **विश्वामित्र** उपन्यास प्रकाशित गरी उपन्यासकारका रूपमा ख्याति कमाएकी प्रसाईंका हालसम्म चार ओटा उपन्यास प्रकाशित छन् । विशेषतः नारी समस्यालाई उद्घाटन गरी लेखिएका प्रसाईंका उपन्यासमा नारीलाई पुरुष वर्गले गर्ने शोषण, अन्याय र अत्याचारको पदार्फास गरिएको पाइन्छ । छोटकरीमा उनका चार ओटै उपन्यासबारे तल उल्लेख गरिएको छ :

साहित्य लेखनको प्रारम्भदेखि नै उपन्यास लेख्न थाले पनि प्रसाईंको औपचारिक उपन्यास यात्राको सुरुवात २०५५ मा 'विश्वाभित्र उपन्यासको प्रकाशन पछि भएको हो । **विश्वामित्र** उपन्यासपछि प्रकाशनका दृष्टिले दोस्रो उपन्यासका रूपमा **रनमाया** (२०५८) उपन्यास भए पनि लेखनका हिसाबले तेस्रो उपन्यास हो । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यस उपन्यासमा भूटानबासी नेपाली मूलका भूटानीहरूले भोटेहरूबाट भोग्नु परेको सास्ती र उनीहरूले शरणार्थी जीवन बिताउनु परेको कटु यथार्थको चित्रण गरिएको छ । दक्षिण भूटानको चिराङकी स्थायी बासिन्दा रनमाया नियतीले ठगिएर सन्तानको वियोगमा शरणार्थी जीवन बिताउन बाध्य भएकी छ । सुरक्षाको लागि आफ्नो घर देश छोडेर भागेकी र अन्तिममा एक्लै भएर पनि जीवनदेखि हरेस नखाई जिन्दगी चलाइरहेकी साहसी नारी पात्रका रूपमा रनमायालाई यस उपन्यासमा उपस्थित गराइएको छ । त्यस्तै सुरक्षाकर्मीको बर्दी लगाएर पनि चोरी, डकैती र लुटपाट गर्ने भारतीय प्रहरीहरूको मानसिकताको चित्रण पनि गरिएको छ (काफ्ले, २०६८ : ४८) ।

त्यसै गरी प्रकाशनका दृष्टिले तेस्रो तर लेखनका हिसाबले प्रसाईंको **शिखा** (२०५९) उपन्यास पहिलो उपन्यासका रूपमा देखा पर्दछ । तेइस अध्याय तथा एक सय तेह्र पृष्ठमा संरचित यस उपन्यासमा पतिको आत्मीय प्रेम नपाई भोग्य वस्तु मात्र बनेकी एउटी नारीको चित्रण गरिएको छ । पतिको शारीरिक र व्यावहारिक आवश्यकता पूर्तिको साधनमात्र बनेकी प्रमुख नारीपात्र शिखालाई सुरुसुरुमा त घर छोडेर हिँड्न पनि मन लागेको हुन्छ तर छोरी सानुको जन्मपछि भने सन्तानको मायाले बाँध्दछ । पतिले आफ्नो

चाहना बुझ्दैन । यसै क्रममा शिखा आफ्नै घरमा भाडामा बस्ने रविसँग नजिक हुन्छे तर छोरीको भविष्य र समाजको डरका कारण विवाह गर्न सक्दिन । तर रविले शिखालाई शारीरिक सम्बन्धका लागि अनुरोध गरे पनि पतिपरायण शिखाले उसको प्रस्ताव अस्वीकार गर्दछे । समय बित्दै जाँदा छोरी ठूली हुन्छे अनि बुबातर्फ आकर्षित हुन्छे । आमासँग बिस्तारै टाढा हुँदै जान्छे । बुबाले पनि हरेक कुरा छोरीसँग व्यक्त गर्दछ । घुमफिर गर्ने, नयाँ नयाँ कुराहरू आदान प्रदान गर्ने काम बाबु-छोरीका बीच मात्र हुन थाल्छ अनि शिखा एक्ली हुन्छे । यसैक्रममा पतिबाट पनि प्रेम नपाएकी, छोरी पनि आफूबाट टाढा भएको महसुस गरी जोगिनी भएर हरिद्वारको रामघाटमा पुग्छे । साधु बाबा नन्दिकेश्वरबाट बलात्कृत हुन्छे । जहाँ पनि पुरुषको शोषण हुने रहेछ भनेर गङ्गा नदीमा प्राण त्याग गर्ने योजना बनाउँछे तर आत्माहत्या गर्ने व्यक्तिको आत्माले कहिल्यै शान्ति नपाउने ठानेर बिना गन्तव्य यात्रा तय गर्छे (काफ्ले, २०६८ : ५१) ।

त्यसै गरी छयासी पृष्ठमा संरचित प्रसाईंको वि.सं. २०६० मा प्रकाशित **उसको लोग्ने र बिरालो** उपन्यास पनि अत्यन्त सफल र चर्चित उपन्यास देखिन्छ । पति पत्नीका बीचमा आएको तेस्रो अस्तित्व (बिरालो) ले गर्दा उनीहरूको जीवनमा कसरी तुषारापात हुन्छ भन्ने कुराको चित्रण यस उपन्यासमा नीला र आभासका बीचमा आएको बिरालोको उपस्थितिले प्रकाश पारेको छ । अध्यायलाई एक दुई आदि नभनेर पहिलो दिन, दोस्रो दिन, तेस्रो दिन आदि भनेर प्रस्तुत गरिएको यस उपन्यासको कथावस्तुको सुरुवात अन्त्यबाट भएको पाइन्छ । आभाससँगको सात दिने दाम्पत्य जीवनलाई अन्त्य गरी नीला आफूले नै किनेको घरमा आएर बसेकी हुन्छे । त्यही घरमा बसेर आफ्नो दोस्रो तर छोटो दाम्पत्य जीवनलाई सम्झन्छे । यस उपन्यासको सुरुवात यहीँबाट हुन्छ । आभास पनि पत्नीसँग पारपाचुके भएको व्यक्ति हो । नारीलाई विवाह नगरी उसलाई भोग गर्न खप्पिस आभास नीलाकै दबाबका कारण विवाह बन्धनमा गाँसिन पुग्छ तर उसको सम्पूर्ण प्रेम बिरालोप्रति समर्पित हुन थाल्छ । उसको यस्तो व्यवहारको कारण नीलाले आभाससँग सम्बन्धविच्छेद गर्दछे । नारीहरू आफ्नो हक, अधिकार र स्वतन्त्रताका लागि आफै अघि सर्नुपर्छ भन्ने सन्देश यस उपन्यासकी नायिका नीलाले दिएकी छ । नारी भनेका पुरुषका गोजीका वस्तु होइनन् जतिखेर, जसरी मन लाग्यो त्यसरी प्रयोग गर्न मिल्ने भन्दै पुरुषको स्वार्थ पूरा गर्न मात्र विवाह गरिने होइन । विवाह त एक आपसमा पति-पत्नीबीच दु:ख सुख साँट्न गरिने

पवित्र नाता हो भन्ने सन्देश दिँदै वैवाहिक जीवनप्रति बेवास्ता गर्ने पुरुषप्रति तीखो प्रहार गरिएको यस उपन्यासकी नायिका स्वतन्त्र र सचेत नारीका रूपमा उभिएकी छ ।

**विश्वामित्र उपन्यास**

विशेषत : सहरिया परिवेशको चित्रण गरिएको यस उपन्यासको मुख्य सार वस्तु आफ्नो अविवेकी निर्णय र पुरुषको लापरवाहीपूर्ण क्रियाकलापले कतिपय नारीहरू मृत्युको सिकार भएका छन् भन्ने देखाउनु हो । नारीलाई भोग गर्नु मात्र उनीहरूप्रति गरिएको सम्पूर्ण प्रेम हो भन्ने पुरुषप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको यस उपन्यासमा नारीका रुची, आवश्यकता र चाहनालाई बेवास्ता गरी पुरुषहरू आफ्नो स्वार्थ पूरा गर्नका लागि मात्र अघि बढ्दछन् भन्ने तीतो यथार्थ उद्घाटन गरिएको छ । स्वास्नीले आफूभित्रका सीपहरू सदुपयोग गरी आफूलाई सक्रिय बनाउन खोज्दा पनि नदिने पुरुषवर्ग बरु घरायसी कामका लागि समेत नोकर राख्न तयार हुन्छ तर आफ्नी स्वास्नीको शरीर भोग गर्नबाट एक सेकेन्ड पनि टाढा हुन नसक्ने रहेछ भन्दै विश्वामित्रको उपस्थितिमार्फत पुरुषको वासनात्मक प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ यस उपन्यासले । आफ्नो हक अधिकारप्रति मौन बस्ने नारी पात्रहरूको उपस्थिति बढी मात्रामा देखिन्छ यस उपन्यासमा । पतिलाई देवतासरह ठान्ने हाम्रो समाजका नारीहरूको दयनीय अवस्थाको चित्रण गरिएको यस उपन्यासमा पुरुषहरू आफ्नो स्वार्थ पूरा गर्न जस्तो सुकै नीच र घृणित कार्य गर्न पनि पछि पर्दैनन् तर नारीहरू तिनै पुरुषहरूको अन्याय र अत्याचारको विरोध गर्न नसकी भित्र भित्रै जलेर आत्महत्या गर्न विवश भएको कारुणिक पक्षको उद्घाटन गरिएको छ । धनसम्पत्ति, रूप र यौवनका लागि पुरुषजाति कुलतमा फसेकी नारीसँग समेत विवाह गर्न राजी हुने रहेछ भन्ने पुरुषको चरित्रलाई उदाङ्गो पारेको छ यस उपन्यासले । आफ्नी स्वास्नीको भावना र चाहना बुझ्न नसकेर मेनकासँग दोस्रो विवाह गरेको विश्वामित्रले पुन: पहिलेकै श्रीमतीलाई माया गरेकै कारण उसको भविष्य नै सधैँ निराशामा डुबेको हुन्छ । दुवैजना श्रीमतीहरू उसँग सन्तुष्ट हुन सक्दैनन् । मेनका पनि विश्वामित्रसँग विवाह गरेको पश्चात्तापले जल्दछे । सुमित्राप्रति कुनै सम्बन्ध हुने छैन भनेर छल कपट गरेर फसाएको विश्वामित्रप्रति ऊ टाढा बन्दै जान्छे तर कुनै बिद्रोह गर्न सक्दिन । अन्तत : आत्महत्याको बाटो रोज्न पुग्छे ऊ । त्यसै गरी उमा दिदी पनि पतिको अत्याचार सहेरै बस्छे तर कुनै प्रतिकार गर्न सक्दिन । ममता पनि सुरुमा अल्लारे भएर धेरैजना केटाहरूसँग प्रेम गर्दछे

तर अन्त्यमा उसकी आमाले गरिब केटो खोजेर विवाह गरिदिएकी छ । त्यसै गरी चन्द्रकला पनि सुरुमा वेश्यावृत्तितर्फ लागे पनि उसको लोग्ने मनजङ्गले उसको चरित्र थाहा पाएपछि घरै छोडेर हिँड्न विवश भएकी छ । त्यसैगरी मनजङ्गकी आमा पनि लोग्नेको माया नपाएर आफ्नो यौनेच्छा पूरा गर्न परपुरुषतर्फ लागेकी छ । तर पछि छोराले उसको चरित्र थाहा पाएपछि आत्महत्या गरेकी छ । यसरी यस उपन्यासमा नारीको जीवन बरबाद गर्न तिनै स्वार्थी पुरुषको हात रहेको हुन्छ भन्ने यथार्थ चित्रण गरिएको छ । त्यसो त उपन्यासमा आएका पुरुष पात्रहरूमध्ये सुरेन्द्र, मनजङ्ग दाइ जस्ता पात्रहरू भने नारीको अस्तित्व रक्षाका लागि उभिएका छन् । यसरी नारीहरू आफ्नो हक, अधिकार र स्वतन्त्रताको लागि चुप बस्ने होइन । समस्या र चुनौतीसँग हार खाएर होइन निडर भएर आफ्नो स्वतन्त्रताको लागि लड्नु पर्दछ भन्ने सन्देश दिएको यस उपन्यासले कायर भएर आत्महत्याको बाटो रोज्ने होइन कि समस्यासँग जुध्न सिक्नु पर्छ भन्दै नारीलाई सचेत हुन प्रेरित गरेको छ ।

## ४.५ उपन्यासकार इन्दिरा प्रसाईंका औपन्यासिक प्रवृत्तिहरू

वि. सं. २०३० सालमा प्रेरणा पत्रिकामा **अस्वीकृत पत्र** शीर्षकको कथा प्रकाशित गरी नेपाली साहित्याकाशमा उदाएकी उपन्यासकार इन्दिरा प्रसाईं कवि, कथाकार तथा निबन्धकारका रूपमा नेपाली साहित्यका क्षेत्रमा साधनारत छन् । त्यसो त साहित्यका विविध विधामा सफलता प्राप्त गरेकी प्रसाईंले उपन्यासको क्षेत्रमा पनि अत्यन्त सफलता प्राप्त गरेकी छन् । उनका विभिन्न उपन्यासहरूमध्ये **विश्वामित्र** उपन्यास पनि एक उत्कृष्ट र सफलताको शिखर चुम्न सफल उपन्यास हो । नारीहरूलाई पुरुषले हेर्ने दृष्टिकोण, समाजमा महिलाहरूलाई शोषण गर्दै पुरुषको वासना तृप्तिको साधन बन्नु पर्ने, घरमा सजिएर बस्नु पर्ने जस्ता मान्यताको विरोध गर्दै नारीहरू अघि बढ्नुपर्ने सन्देश दिने यस उपन्यास यौन मनोविश्लेषणमा आधारित नारीप्रधान उपन्यास हो । नारीलाई केवल भोग्य वस्तु ठान्ने पापी पुरुष प्रवृत्तिका कारण नारीको जीवन कसरी बरबाद हुँदो रहेछ भन्ने यथार्थ प्रस्तुत गरिएको यस उपन्यासमा समस्यासँग डराएर आत्महत्या गर्दै जाने हो भने कुनै दिन यो संसारमा कुनै पनि नारी जिउँदो रहने छैनन् भन्ने सन्देश दिन खोजिएको छ । आत्महत्याले पुरुषको पापी मनोवृत्तिलाई झनै अपराधतर्फ डोऱ्याउने भएकोले साहसी नारीका रूपमा जिउन सम्पूर्ण नारीहरूलाई सचेत गराएको छ यस

उपन्यासले । यही **विश्वामित्र** उपन्यासलाई आधार मानी इन्दिरा प्रसाईंका औपन्यासिक प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### क. नारीवादी उपन्यासकार

नारीलाई घोसेमुन्टो लगाउने कारक तत्त्व केवल पुरुषहरू मात्र नभई नारी आफैँ पनि आफ्नै सहयात्री वर्गको खुट्टा तान्न लागि परेका छन् भन्ने विचार राख्ने नारीवादी उपन्यासकार इन्दिरा प्रसाईंको विश्वामित्र उपन्यासमा नारीका पीडा र समस्यालाई यथार्थ रूपले उद्घाटन गरिएको छ साथै नारीलाई केवल भोग्य वस्तु मात्र ठान्ने पुरुष प्रवृत्तिको यथार्थ चित्रण गरिएको छ । नारी आफ्नो लोग्ने अरू कसैलाई बाँड्न सक्दैनन् बरु मर्न पनि पछि पर्दैनन् किनभने लोग्ने नितान्त आफ्नो हुन्छ र यो कसैलाई बाँड्न सक्ने र मिल्ने होइन भन्दै नारीको पक्षमा वकालत गर्ने उपन्यासकार प्रसाईं पुरुषको यौनेच्छा पूरा गर्नका लागि मात्र नारीको जन्म भएको होइन भन्ने मान्यता राख्दै नारीहरूले आफूभित्र रहेका सीपहरूको सदुपयोग गरी सक्षम बन्नु पर्छ भन्ने धारणा उपन्यासकी प्रमुख नारी पात्र सुमित्रामार्फत व्यक्त गरेकी छन् । 'विवाहित स्वास्नी उसको लोग्नेकी वेश्या हो' भन्ने विचारको विरुद्धमा जुट्ने प्रसाईंले नारी जाति केवल पुरुषको स्वार्थ पूरा गर्ने माध्यम मात्र होइन । नारीको पनि अस्तित्व छ भन्दै आफ्नो अस्तित्व रक्षाका लागि लड्नु पर्ने विचार व्यक्त गर्दछिन् । पुरुषको शोषण, पीडा र अत्याचार सहन भन्दा मृत्यु अँगाल्न सजिलो हुने कुरा व्यक्त गरिएको यस उपन्यासमा नारीहरूले पुरुषका कुनै पनि किसिमको अत्याचार सहन नहुने नारीवादी सोच व्यक्त भएको पाइन्छ ।

### ख) आस्तित्वक चेतनाको दुर्बलता

विश्वामित्र उपन्यासका सम्पूर्ण नारी पात्रहरूमा आस्तित्वक चेतनाको दुर्बलता रहेको पाइन्छ । यस उपयासका सम्पूर्ण नारी पात्रहरू आफ्नो हक अधिकार र स्वतन्त्रताको लागि मौन देखिन्छन् । लोग्नेले दोस्रो विवाह गरेपछि पनि सुमित्रा चुपचाप सहिरहन्छे । सुमित्राको घरबाट आधारातमा फर्किएको विश्वामित्रसँग कुनै प्रतिकार गर्न सक्दिन मेनकाले । ममताले पनि आफूले प्रेम गरेको व्यक्तिसँग नभई अरू कुनै परपुरुषसँग विवाह गर्न विवश छ । उमा दिदीले पनि रात दिन लोग्नेको यातना चुपचाप सहनु परेको छ । वेश्यावृत्तिमा लागेकी मनजङ्गकी स्वास्नी चन्द्रकला पनि घर परिवार तथा समाजको डरले घरै छोडेर

हिँडेकी छ । त्यसै गरी मनजङ्गकी आमा पनि छोरा तथा समाजको सामु सङ्घर्ष गर्न नसकी आत्महत्याको बाटो रोज्न विवश बनेकी छ । मेनकाले पनि विश्वामित्रसँग आफ्नो हक, अस्तित्व र आत्मरक्षाका निम्ति कुनै कदम उठाएकी छैन बरु मृत्युलाई अँगालेकी छ । यसरी यस उपन्यासका सम्पूर्ण नारी पात्रहरू आफ्नो अस्तित्व रक्षाका लागि भन्दा पनि जीवनदेखि नै हार खाएर पलायन भएका छन् ।

### ग) यौन मनोविज्ञानको प्रयोग

यौन मनोविश्लेषणमा आधारित यस उपन्यासमा यौनकै अभावमा विचलित पति-पत्नीको यथार्थता चित्रण गरिएको छ । आफ्नी स्वास्नी सुमित्रासँगको यौन सम्बन्धबाट तृप्त नभएर नगरकोटका रिसोर्टहरूमा पनि रात बिताउने गरेको विश्वामित्र मेनकासँगको विवाह पछि पुन सुमित्रासँग आकर्षित हुन थाल्छ । तर सुमित्रासँगको सहवासको बेला उसको स्मृतिमा मेनका आउँछे अनि ऊ सुमित्राको यौनेच्छा पूरा गर्न सक्दैन । त्यसैगरी मेनकासँगको सहवासको बेला उसको स्मृतिमा सुमित्रा आउँछे अनि ऊ मेनकालाई पनि यौन सन्तुष्टि दिन सक्दैन साथै आफूलाई नपुंसक ठान्दछ उसले । यही कारण विश्वामित्र दुवैजना श्रीमतीसँग टाढा हुँदै जान्छ साथै आफूले सुमित्राको प्रेम लत्याएर मेनकालाई अँगालेकोमा पछुतो हुन थाल्छ । यही चिन्ताले दिनदिनै पिरोल्न थाल्छ । त्यसैगरी डाक्टरको औषधि खाएर पनि निको नभएकी सुमित्रा विश्वामित्रको आगमनले दुई दिनमै निको भएकी छ । तसर्थ यस उपन्यासमा यौन मनौविज्ञानको प्रयोग कलात्मक रूपले गरिएको छ ।

### घ) द्वन्द्व प्रस्तुतिमा सफल

विशेष गरी यौन मनोविश्लेषणमा आधारित यस उपन्यास द्वन्द्व प्रस्तुतिमा सफल देखिन्छ । उपन्यासमा आन्तरिक र बाह्य्य द्वन्द्वले उत्तिकै ठाउँ पाएका छन् । स्वास्नीको प्रेम लत्याएर मेनकासँग विवाह गरेको विश्वामित्र जीवनभर आन्तरिक द्वन्द्वमा फसेको छ त्यस्तै विवाहित पुरुषसँग विवाह गरकी मेनकालाई आन्तरिक द्वन्द्वले नै मृत्युको मुखमा पुऱ्याएको छ । सुमित्राले पनि लोग्नेको मायाको अभावका कारण आन्तरिक र बाह्य्यरूपले द्वन्द्व खेपेकी छ । त्यसै गरी उमा दिदी, मनजङ्ग दाइ पनि आन्तरिक द्वन्द्वमा फसेका छन् ।

### ङ)  भाषिक प्रयोगमा विविधता

वर्णनात्मक शैली तथा कतिपय ठाउँमा संवादात्मक शैलीको समेत कुशलतापूर्वक प्रयोग गरिएको यस उपन्यासमा कथयिताले सम्पूर्ण घटनाहरू जानकारी भएर वर्णन गरेको हुनाले अर्थात् उपन्यासभन्दा बाहिरै बसी वर्णन गरेको हुनाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ । विभिन्न किसिमका पात्र अनुसारका भाषालाई रोचकताकासाथ प्रस्तुत गरिएको यस उपन्यासमा तत्सम, तद्भव लगायत विभिन्न आगन्तुक शब्दको समेत आकर्षक रूपले प्रयोग गरिएको छ ।

### च)  प्रस्तुतीकरणमा नवीनता

अन्य उपन्यासको तुलनामा यस उपन्यासको प्रस्तुतीकरणमा केही नवीनता देखिन्छ । उपन्यासको संरचना केही नौलो देखिन्छ । उपन्यासको सुरुमा 'प्रारम्भ अघि' र अन्त्यमा 'समाप्त भएपछि' भनेर एक एक परिच्छेद राखिएको छ । 'प्रारम्भ अघि' खण्डमा उपन्यासको मूल कथासार दिइएको छ भने 'समाप्त भएपछि' खण्डमा उपन्यासकारका विचारहरू व्यक्त भएका छन् । उपन्यासलाई चौध परिच्छेदमा छुट्याइएको छ । कतिपय परिच्छेदका सम्पूर्ण भाग नै सहायक कथाहरूमा खर्च भएको देखिन्छ । उदाहरणका लागि नवौँ परिच्छेदलाई लिन सकिन्छ । जुन परिच्छेद मनजङ्ग दाइको कथाले मात्र भरिएको छ ।

## ४.६  विश्वामित्र उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्थाको अध्ययन

लैङ्गिक अध्ययनले महिला र पुरुषका भूमिकालाई बुझाउँछ । जैविक प्राकृतिक संरचनाका आधारमा गरिने सबै किसिमका असमानता, भेदभाव र शोषणको विरोध गर्दछ । महिला र पुरुष एक अर्काका अभिन्न, पारिवारिक र विकल्परहित प्राणी हुन् । एकको अभावमा अर्काले मात्र मानवीय अस्तित्वलाई निरन्तरता दिन सक्दैन । लैङ्गिक अध्ययन महिला र महिलाजन्य विषयको मात्र अध्ययन गर्ने विषय होइन न त पुरुष र पुरुषजन्य व्यवहारको मात्र । यो महिला र पुरुष दुवैका विभिन्न भूमिका, व्यवहार, दृष्टि आदिको अवस्थाको अध्ययन गर्ने विषय हो । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह र दुराग्रहबाट माथि उठेर दीगो मानव हित खोज्ने विषय हो । लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । महिला र पुरुष दुवैको सहयात्राद्वारा लैङ्गिक समतामूलक, उन्नत र दीगो समाजको निर्माण गर्नु हो । वर्तमान लैङ्गिक अध्ययन महिलावादी रहनु

स्वभाविक प्रक्रिया हो । महिलावादी अध्ययनले महिलाको अवस्थाको अध्ययन गर्दछ । विभिन्न सिद्धान्तको कसीमा बसेर महिलाको अवस्थाको विश्लेषण गर्दछ । महिलाको विगत र वर्तमानका विभिन्न अवस्थाहरू, आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक पक्षहरूको अध्ययन तथा विश्लेषण गरी भविष्यका लागि अवलम्बन गर्नु पर्ने रणनीतिको अख्तियार गर्दछ । महिलाहरूलाई विभिन्न पक्षमा गरिएको भेदभाव, असमानता तथा शोषणको विश्लेषण गर्दै समाधानका उपायहरू खोज्दछ । प्रस्तुत अध्ययनको उद्देश्य **विश्वामित्र** उपन्यासको लैङ्गिक अध्ययन रहेकाले विश्लेषणका क्रममा विश्वामित्र उपन्यासको लैङ्गिक अवस्थाको भूमिकापरक, चरित्रपरक, विचारपरक, भाषापरक आधारमा विश्लेषण गरिएको छ ।

### ४.६.१ भूमिकापरक अध्ययन

समाजमा महिला र पुरुष विभिन्न क्षेत्रमा संलग्न रहेका हुन्छन् । उनीहरूद्वारा आफ्नो कार्यक्षेत्र अनुसार फरक भूमिका निर्वाह गरिन्छ । प्राकृतिक रूपमा महिला र पुरुषका भूमिका अपरिवर्तनीय हुन्छन् । जस्तै : महिलाले बच्चा जन्माउने, स्तनपान गराउने, समाज अर्थात् सामाजिक तथा सांस्कृतिक एकाइहरूले यी कार्यहरू महिलाले गर्ने भनी निर्धारण गरेका भूमिका नै लैङ्गिक भूमिका हुन् । यस्ता भूमिकाहरू समाजपिच्छे फरक फरक हुन सक्छन् । समयको परिवर्तनसँगै परिवर्तन हुन पनि सक्छन् ।

**विश्वामित्र** उपन्यासमा भूमिकापरक अध्ययन गर्दा महिला र पुरुषले गर्ने फरक फरक कार्यका आधारमा गरिन्छ । यस उपन्यासमा ग्रामीण तथा सहरी क्षेत्रका पात्रहरू, सभ्य तथा असभ्य, शिक्षित तथा अशिक्षित पात्रहरूको उपस्थिति पाइन्छ । नारी पात्रको रूपमा यस उपन्यासमा मेनका, सुमित्रा, ओजस्वी, मेनकाकी आमा, उमा दिदी, सावित्री, ममता, चन्द्रकला, चन्द्रकलाकी आमा, गीता, मनजङ्गकी आमा, शिवा, उमा दिदीका साथी, उमा दिदीकी साथीको छोरी, सुरेन्द्रकी आमा, मुन्नी, मुन्नीकी आमा, राधा जस्ता पात्रहरू प्रमुख तथा सहायक पात्रको रूपमा उभिएका छन् । त्यस्तै पुरुष पात्रहरूमा विश्वामित्र, मेनवि, सुरेन्द्र, उमा दिदीको लोग्ने, मनजङ्ग, चन्द्रजङ्ग, दोग्ला पुरुष, मनजङ्गका पिता, चन्द्रकलाको प्रेमी, उमेश, विष्णु, रमेश, हरिशङ्करप्रसाद, विश्वामित्रका काका जस्ता पात्रहरूले प्रमुख तथा सहायक पात्रका रूपमा यस उपन्यासमा भूमिका निर्वाह गरेका छन् । **विश्वामित्र**

उपन्यासको भूमिकापरक अध्ययन (उत्पादनशील, पुनर्उत्पादनशील र सामुदायिक भूमिका) का आधारमा व्याख्या विश्लेषण गरिन्छ :

### ४.६.१.१ उत्पादक भूमिका

यस भूमिका अन्तर्गत आय आर्जनका लागि गरिने भूमिकाहरू पर्दछन् । यस्ता भूमिकामा आर्थिक पक्षको महत्त्व हुन्छ । यस किसिमको भूमिकामा महिलाहरू भन्दा पुरुषहरू बढी सहभागी हुने परम्परा रहेको भएता पनि यस उपन्यासमा महिलाहरूको पनि उत्पादनशील कार्यमा उल्लेख्य सहभागिता रहेको पाइन्छ । यस उपन्यासमा मेनका उत्पादन भूमिकामा रहेकी छ । नौ वर्षसम्म नोकरी गरेकी मेनका परिश्रमी, स्वावलम्बी नारी पात्र हो । उसले करेसाबारीमा विभिन्न किसिमका तरकारी तथा फलफूल उत्पादन गरेर आफूलगायत गाउँघरमा समेत बाँडेर खुसी भएकी छ । विभिन्न किसिमका तरकारी तथा फलफूल लटरम्म बनाउने उसको त्यस्तो कार्यको प्रशंसा गर्दै विश्वामित्रले भनेको कुरा यस्तो छ : "मेनु ! तिम्रो यो तरकारी बारी त मलाई जादुको बारीजस्तो लाग्छ । यसभन्दा अगाडि यति थोरै बारीमा यति धेरै तरकारी पनि फल्न सक्छ भन्ने मलाई जानकारी थिएन । वास्तवमा मानिसले स्याहार गरे, मिहिनेत गरे दु: ख पाउँदैनथे हैन (पृ.११७) ?" त्यस्तै सुमित्राले पनि कहिल्यै हात खाली नराखी लोग्ने र छोराछोरीकालागि स्वेटर बुन्ने, लेश, झल्लरी बुन्ने, मेजपोश, तन्ना, टि.भी कभरको कढाइ वा पेन्टिङको काम गरी आर्थिक उपार्जनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गरेकी छ । उमा दिदीले पनि तेल लगाउने काम गरेरै भए पनि घर परिवार पालेकी छ । त्यस्तै चन्द्रकलाकी आमाले पनि व्यापार, व्यावसाय गरेकी छ । त्यस्तै शिवाले पनि जागिर गरेकी छ । त्यसै गरी सावित्रीले पनि सुमित्राको घरमा काम गरेर आय आर्जनमा सहयोग पुऱ्याएकी छ । त्यसै गरी चन्द्रकलाको घरमा बसी राधाले पनि आय आर्जनमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याएकी छ । त्यसैगरी पुरुष पात्रहरूमा विश्वामित्र व्यापार व्यावसायमा संलग्न रहेर सुमित्रा र मेनकालाई कुनै पनि भौतिक सुविधाको कमी हुन नदिन सधैं क्रियाशील देखिएको छ । आफ्नो घर परिवारलाई सुखी र खुसी बनाउन उसले सधैं आफूलाई उत्पादक कार्यमा समर्पित गरेको छ । धेरै दिन काम गर्न कार्यालय जान नपाएको अवस्थामा उसले यस्तो भनेको छ : मेनु ! धेरै भयो केही काम हेरेको छैन । बसेर खान त कुवेरलाई पनि पुग्दैन; म त एक साधारण मानिस (पृ.३) । " त्यस्तै मनजङ्गले पनि चौकीदार काम गरेर आय आर्जन गरेको छ ।

त्यस्तै उमेश, रमेश, विष्णु जस्ता पात्रहरू पनि सानोतिनो घरायसी काम गरेरै भए पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा आय आर्जनमा लागिपरेका छन् ।

यसरी परम्परागत धारणाका भूमिकामा महिला र पुरुषको समान सहभागिता रहेको छ । पुरुषसरह नारीहरू पनि आय आर्जनमा सक्रियताका साथ लाग्न सक्दछन् भन्ने कुराको उदाहरण भेटिन्छ यस उपन्यासमा । यसरी लैङ्गिक दृष्टिले हेर्दा उपन्यासमा रहेका पात्रहरूको विश्लेषण गर्दा उत्पादक भूमिका अन्तर्गत लैङ्गिक समानता पाइन्छ । विविध सङ्घर्षका बाबजुद महिलाहरू आर्थिक उपार्जनमा पुरुषको समान सहभागी भएका छन् जसले लैङ्गिक समानताको स्थिति रहेको पाइन्छ ।

### ४.६.१.२ पुनर्उत्पादक भूमिका

पुनर्उत्पादक भूमिका वा अनुत्पादक भूमिकामा पुरुषको दाँजोमा महिलाहरूको सहभागिता बढी रहेको पाइयो । उपन्यासमा सुमित्राले छोराछोरी जन्माउने, घरायसी काम गर्ने गरेकी छ । आफैँले खाना बनाउनु पर्ने, कपडा धुने काम, केटाकेटीको स्याहार गर्न मन पराउने तर अर्काले गरेका कामहरू मन नपराउने सुमित्रालाई घरायसी कामका लागि नोकर राखेर विश्वामित्रले महारानीका ठाँटबाटमा राख्न खोजेको मन पर्दैनथ्यो । यसै क्रममा उसले यस्तो भनेकी छ : “बाबुराजा किन बुझ्दैन, मैले घर र छोराछोरीका लागि गरेको काम उसलाई मन पर्दैन भने नपरोस् । कति बस्नु कोठामा, छोराछोरी पनि अब त ठूल्ठूला भैसके । ढोका थुनेर बाबुआमा बसिरहँदा के भन्लान् (पृ.५४) ।” त्यस्तै मेनकाले पनि घरायसी काममा समय बिताएकी छ पछिल्ला दिनहरूमा । छोरो मेनविको लालनपालनमा व्यस्त मेनका उमेशलाई खाना बनाउने काममा सहयोग गर्न पनि अघि सर्दछे । त्यसै गरी चन्द्रकला पनि बच्चा जन्माउने, घरायसी काममा व्यस्त रहेकी छ । गीता, सावित्री, ओजस्वी जस्ता पात्रहरू पनि घरायसी काममा क्रियाशील देखिन्छन् । त्यसो त पुरुषपात्र अन्तर्गत उमेश पनि पुनर्उत्पादक भूमिकामा क्रियाशील देखिन्छ । गीताले भन्दा मीठो खाना बनाउन उमेश खप्पिस देखिएको छ । यसैक्रममा विश्वामित्रले उमेशको प्रशंसा गर्दै यसो भनेको छ : “यो उमेश त साँच्चै गज्जबको बुहारी पो भयो, कस्तो मीठो पकाएको यसले ।” यसैक्रममा उमेशले भनेको छ : “सबै दुल्हैसाहेबले सिकाइबक्सेर त जानेको हुँ नि हजूर, मलाई पहिले केही आउँदैनथ्यो ।” यसै क्रममा

मेनकाले उमेशको प्रशंसा गर्दै यस्तो कुरा व्यक्त गरेकी छ : सिकाएर मात्र कसले जान्दछ र ! तँलाई र गीतालाई सँगसँगै सिकाएको गीताले पकाई भने मुखमा हाल्न सकिँदैन (पृ.८८) ।" यसैगरी मनजङ्ग पनि घरायसी काम, खाना बनाउने, छोरो हुर्काउने काममा क्रियाशील देखिएको छ । आफ्नी स्वास्नीले नाबालक छोरो छोडेर गए पछिका पीडाहरू मेनकासँग व्यक्त गर्दै मनजङ्गले गरेका कुराहरू यस्ता छन् : "यता डिउटीमा आउनुअघि भुजा पकाएर आउथेँ । राती जाँड खाएर आएर कहिले खान्थ्यो कहिले भोकै सुत्थ्यो । विहान पनि यताबाट गएर पकाएर खुवाउँथे । के गर्नु माया मार्न सकिँदो रहेनछ । दुल्हैसाब, यो सानुराजा भन्दा सानोदेखि म एक्लैले स्याहारेको त्यसलाई, त्यसले दुःख पाउँछ भनेर मलाई विहा गर्न पनि मन लागेन । के थाहा मलाई असत्तीले रगतको आँसु चटाउँछ भन्ने कुरा (पृ.१२०) ।" यसरी यस उपन्यासमा अनुत्पादक भूमिकामा पुरुषको दाँजोमा महिलाहरू नै बढी संलग्न छन् । त्यसो त पुरुषहरू पनि सहभागी हुँदै नभएका भने होइनन् तापनि लैङ्गिक दृष्टिले पुनर्उत्पादकमूलक भूमिकामा महिला र पुरुषमा समानता पाउन सकिँदैन ।

### ४.६.१.३ सामुदायिक भूमिका

सामुदायिक भूमिकामा सामुदायिक सेवा अर्थात् आफ्नो व्यक्तिगत स्वार्थभन्दा पर रहेर समाजको आवश्यकता र चाहना अनुसार कार्य गर्नु सामुदायिक भूमिका हो । यस उपन्यासमा मेनकाले गीताजस्ती असहाय, टुहुरी केटीलाई आफ्नो घरमा काम गर्न दिएर उसको उद्धार गरेकी छ । त्यस्तै उमेशलाई घरायसी काम गर्न राखेपनि उसले विद्यालय जान पाएको छ । गाउँलेहरूलाई आफ्नो घरमा भएका तरकारी तथा फलफूल बाँडेर उनीहरूलाई खुसी पारेकी छ । त्यस्तै उमेशको जागिरको लागि पहल गरिदिन विश्वामित्रसँग माग गरेकी छ मेनकाले । त्यसैगरी गीताको विवाहको समेत जिम्मा लिएर उसको सुन्दर भविष्य निर्माणमा सहयोग गरेको छ विश्वामित्रले । मनजङ्गको छोरो चन्द्रजङ्गलाई पिउन जागिरमा लगाइदिएर उसको उद्धार गरेको छ विश्वामित्रले । त्यसो त यस उपन्यासमा थोरै मात्रामा पुरुष र महिला पात्र सामाजिक भूमिकामा रहेको पाइन्छ । जे जति पात्रहरू सामाजिक भूमिकामा सक्रिय रहेका छन् तिनीहरूबीच लैङ्गिकताको दृष्टिले महिला र पुरुषको सामुदायिक भूमिकामा समानता रहेको पाइन्छ ।

## ४.७ चरित्रपरक अध्ययन

उपन्यासलाई जीवन्त र गतिशील बनाउने काममा त्यसभित्र आउने पात्रहरूको महत्त्वपूर्ण स्थान हुन्छ । **विश्वामित्र** उपन्यासमा थुप्रै त्यस्ता पात्रहरू छन् जसले उपन्यासलाई पूर्ण, आकर्षक अनि सफल बनाउन आ- आफ्ना भूमिका निर्वाह गरेका छन् । तत्कालीन राणा शासनको समयदेखि हालको सहरिया परिवेशका मानिसहरूका यथार्थपरक भोगाइलाई समेटेर तयार पारिएको यस उपन्यासका पात्रहरूमा थुप्रै पात्रहरू क्रियाशील भएका देखिन्छन् जसमध्ये उपन्यासलाई सक्रियतासाथ अगाडि बढाउन भूमिका निर्वाह गर्ने प्रमुख पात्रहरू विश्वामित्र, मेनका, सुमित्रा, उमा दिदी ओजस्वी आदि पर्दछन् । त्यस्तै उपन्यासमा सहायक पात्रका रूपमा मनजङ्ग, गीता, राधा, चन्द्रकला, चन्द्रकलाकी आमा, ममता, मनजङ्गका पिता, मनजङ्गकी आमा, विश्वामित्रका काका, शिवा, मुन्नी, मुन्नीकी आमा, रमेश, उमेश, विष्णु, दोग्ला पुरुष जस्ता पात्रहरू पर्दछन् । उपन्यासलाई पूर्ण र सफल अनि रोचक बनाउन यिनीहरूको भूमिकालाई पनि महत्त्वपूर्ण स्थानमा राख्न सकिन्छ । त्यसो त यी सहायक पात्रहरूको उपस्थिति बिना पनि उपन्यास पूर्ण नहुने होइन तर पनि उपन्यासलाई जीवन्त र यथार्थ बनाउन तिनको सक्रियता प्रशंसनीय देखिन्छ नै । त्यसो त विभिन्न पात्रहरूमध्ये विश्वामित्र, मनजङ्गका पिता, विष्णु, दोग्ला पुरुष, चन्द्रकलाको प्रेमी, मनजङ्गकी आमाको प्रेमी आदि पुरुष पात्रहरू प्रतिकूल पात्रका रूपमा यस उपन्यासमा उभिएका छन् भने नारी पात्रका रूपमा मेनका, ममता, मनजङ्गकी आमा जस्ता पात्रहरू प्रतिकूल पात्रका रूपमा देखा परे पनि पछि परिवर्तन भएका छन् । त्यस्तै स्वतन्त्र जीवन चाहने पुरुष पात्र विश्वामित्र शोषक, पीडक व्यक्तिको रूपमा उभिएको छ यस उपन्यासमा । हतारमा आफूले गरेका निर्णयहरूबाट विचलित भएर आत्महत्याको बाटो रोज्न विवश छन् यस उपन्यासका नारी पात्रहरू । तर विश्वामित्रले गरेका हरेक निर्णयहरूमा समाजले कहिल्यै औंला उठाएको छैन जसका कारण दिनानुदिन अपराधतर्फ अगाडि बढिरहेछ विश्वामित्र ।

यस उपन्यासको मूल कथालाई अगाडि बढाउन विशिष्ट भूमिका खेलेका विश्वामित्र, सुमित्रा, मेनका, ओजस्वी, गीता दिदी लगायतका पात्रहरूको छुट्टै चर्चा गर्नु यहाँ सान्दर्भिक देखिन्छ ।

### ४.७.१ मेनका

**विश्वामित्र** उपन्यासकी प्रमुख नारीपात्र हो मेनका । मेनकाकै मानसिक उथलपुथलको चित्रणमा उपन्यास केन्द्रित रहेको छ । एउटा पुरुषलाई आफ्नो सर्वस्व मान्नुपर्छ, विवाह गरेको पतिमात्र सर्वस्व हुन्छ, पुरुष फेर्ने नारीहरू वेश्या हुन् भन्ने आफ्नी आमाको विचारलाई शिरोपर गर्ने मेनका आदर्शवादी नारी हो । तिन सन्तानकी आमा सुमित्राबाट विश्वामित्रलाई खोसेर आफ्नो बनाउने मेनका सुमित्राको खुसी खोस्ने अविवेकी नारी हो तर पनि पछि ऊ अनुकूल पात्रका रूपमा परिवर्तित हुन्छे । सुमित्रालाई पनि माया गर्ने अधिकार विश्वामित्रलाई हुनपर्छ भन्ने सोचाइको विकास हुन्छ मेनकामा । आफूभन्दा झण्डै आधा उमेर बढी भएको, तिन सन्तानको पिता विश्वामित्रसँग प्रेम गरेकी मेनकाले पहिलो श्रीमती (सुमित्रा) लाई विश्वामित्रले माया गर्न नपाउने सर्तमा विवाह गर्दछ । विवाहपश्चात् भाडाको छुट्टै फ्ल्याटमा बसोबास गर्दै आएकी मेनका विश्वामित्रको प्रेममा पूर्णरूपले समर्पित हुन्छे । छोरो मेनविको सुन्दर भविष्यको कल्पनामा डुबेकी मेनकाले अचानक विश्वामित्र र सुमित्राको भेटघाटबारे उमा दिदीमार्फत थाहा पाउँछे । त्यसपछि विश्वामित्रप्रतिको प्रेम र विश्वासमा कमी ल्याउँछे मेनकाले । आफूलाई मात्र सम्पूर्ण रूपले प्रेम गर्ने सर्तमा विवाह गरेकी मेनकाले विश्वामित्रको स्वार्थीपन थाहा पाउँछे । आफ्नो लोग्ने अरूलाई बाँड्न नचाहने मेनका विश्वामित्रप्रति भित्रभित्रै दुःखी बन्छे तर ऊ प्रतिकार गर्न सक्दिन विश्वामित्रसँग । मैनबत्तीझैँ सल्किँदै जान्छे मेनका भित्र भित्रै । आफूलाई छल, कपट गरेर विश्वामित्रले अस्तित्व लुटेको थाहा पाउँछे मेनकाले । स्वास्नीसँग प्रेम छैन, जीवन भार लाग्छ, उसले मलाई कहिल्यै बुझिन भनेर मेनकालाई प्रेमको जालमा पारेको विश्वामित्र आज सुमित्रासँग पनि प्रेम गर्ला भनेर कल्पना पनि नगरेकी मेनकालाई विश्वामित्रप्रति घृणा लाग्दछ । आफ्नै श्रीमतीलाई भेट्न गएको विश्वामित्रलाई मेनकाको कोमल मनले कुनै सजाय दिने निश्चय गर्न सकेन ।

अर्काको दुःखलाई आफ्नो सम्झने मेनका सबैको आँखाको नानी बनेर समाजमा आफ्नो प्रतिष्ठा स्थापित गर्न सफल भएकी थिई । आफ्नो स्वास्नीलाई त भेट्न गएको हो नि भन्दै विश्वामित्रप्रति कुनै प्रतिकार जनाउन सकेन उसको नारीमनले । सुमित्रालाई पनि आफू जस्तै ठानी मेनकाले । बदलामा आफू नै यो संसारबाट बिदा भई । अन्तरमुखी स्वभावकी मेनकाले सारा पीडाहरू आफूभित्रै लुकाएर जली जली प्राण त्याग गरी । उसको कोमल

मनमा ठेस लगायो विश्वामित्रले । त्यसो त, आफूलाई छल, कपट गर्ने विश्वामित्रको त्यस्तो व्यवहारप्रति आक्रोशित बन्दै मेनकाले यस्तो विचार व्यक्त गरेकी छ : किन विश्वामित्रले आफ्नो सग्लो रूप देखायो ? यदि त्यसै बेला विश्वामित्रले "म सुमित्रासँग अलिकति प्रेम गर्छु, छोराछोरीको पनि माया लाग्छ" भनेको भए मेनकाले विश्वामित्रसँग प्रेम गर्ने थिइन अथवा प्रेम गर्थी पनि तर विश्वामित्रको खण्डित प्रेमको मात्र आकाङ्क्षा राख्ने थिई । तर त्यसबेला विश्वामित्रले आफूलाई बाँड्ने कुरा गरेन अब मेनका विश्वामित्रलाई बाँड्न सक्दिन (पृ.९८) ।" यसरी विश्वामित्रले आफूलाई फसाउनका लागि मात्र सुमित्रालाई लत्याएको रहेछ भन्ने कुरा थाहा पाउँछे मेनकाले । विश्वामित्रको असली रूप चिनेपछि उसँग खुसी हुन नसकेर मृत्यूलाई अँगाल्न पुग्छे मेनका । यसरी सुरुमा अन्जानवश सुमित्राको जीवन बरबाद पारेकी मेनकाले आफ्नो अविवेकी निर्णयलाई धिक्कार्दै अन्ततः आत्महत्या गर्दछे । प्रमुख, बद्ध, मञ्चीय, गतिशील तथा वैयक्तिक पात्र मेनका यस उपन्यासकी पीडित नारीपात्र हो ।

### ४.७.२ **विश्वामित्र**

**विश्वामित्र** उपन्यासको प्रमुख पुरुष पात्र हो विश्वामित्र । उसकै नामको आधारमा उपन्यासको शीर्षक पनि **विश्वामित्र** राखिएको छ । स्वास्नीलाई कुनै दुःख नहोस् भनेर नोकर चाकरको समेत व्यवस्था गरिदिने विश्वामित्र स्वास्नीलाई केवल भोग्य वस्तुको रूपमा मात्र हेर्दछ । छोराछोरीको स्याहारमा बढी ध्यान दिने स्वास्नीले आफूलाई समय दिन सकिन भनेर परस्त्रीसँग सङ्गत गर्ने विश्वामित्र शोषक, पीडक पुरुषका रूपमा देखा परेको छ । स्वास्नीको भावना, चाहना र प्रेम बुझ्न नसक्ने विश्वामित्र आफ्नो यौनेच्छा पूरा गर्न नगरकोटका रिसोर्टमा पनि जाने गर्दछ । स्वास्नीसँग प्रेम छैन, उसले आफूलाई कहिल्यै बुझ्न सकिन भनेर मेनकालाई विवाह गरेको विश्वामित्र सुमित्राको प्रेम लत्याएर मेनकालाई अँगाल्दछ । यसै क्रममा सुमित्रा बिरामी भएको खबरले विश्वामित्र सुमित्रालाई भेट्न जान्छ । विश्वामित्र दिनप्रतिदिन सुमित्राप्रति आकर्षित हुँदै जान्छ । मेनकालाई छल, कपट गरेर पटक पटक सुमित्रासँग गएर आफ्नो यौनेच्छा पूरा गरेको छ उसले । बिरामी सुमित्रालाई पनि भोग गरेको छ उसले । आफ्नो इच्छा पूरा गर्न जस्तो सुकै नीच कार्य गर्न पनि पछि नहट्ने विश्वामित्रले कामुक, स्त्रीलम्पट, स्वार्थी, शोषक, पीडक पुरुष पात्रको भूमिका निर्वाह गरेको छ । आफूलाई मन नपरे स्वास्नी परित्याग गरिदिने फरि

मन लागे माफी माग्दै त्यही स्वास्नीको उपभोग गर्ने लाचार पुरुषका रूपमा उभिएको विश्वामित्रकै दुष्ट र नीच चरित्रका कारण मेनकाले आफ्नो जीवन नै बर्बाद पारेकी छ ।

त्यसो त छोरी ओजस्वी प्रतिको जिम्मेवारी बोध गरेको विश्वामित्रले सुमित्रा र मेनका दुवैलाई समान व्यवहार गर्न खोजेको देखिन्छ तर सुमित्रालाई पनि माया गर्न सक्छु भनेको भए मेनकाले मृत्युको बाटो रोज्नु पर्ने थिएन कि ? तसर्थ नारीको अस्तित्व लुट्न खप्पिस विश्वामित्रले मेनका र सुमित्राको जीवन तहसनहस पारेको छ । यसरी नारीलाई गोजीको सामान ठानेर जुनबेला मन लाग्यो त्यहीबेला उपभोग गर्ने विश्वामित्र एक शोषक, पीडक, स्त्रीलम्पट, धोकेवाज, हत्यारा, विवेकहीन, चरित्रहीन प्रतिकूल पुरुषपात्र हो । आफ्नो स्वार्थीपन मेनकाले थाहा पाएपछि मेनका दुःखी हुन्छे अनि उसलाई सम्झाउँदै विश्वामित्रले यस्तो भनेको छ : "छि मेनु ! ऊ बिरामी भएकीले म गएको थिएँ । मैले तिमीलाई भनिसकेँ । जे भए पनि ऊ पनि मेरी पत्नी हो, मैले उसलाई त्याग्न पनि मिल्दैन । फेरि तिमी नै भनन उसको के दोष छ र ? तिमी किन यस्तो कुरा गर्छौ मेनु ! म तिमीलाई मात्र प्रेम गर्छु, उनीसँग माया छ, त्यो कर्तव्यको माया । मलाई बुझ्ने प्रयत्न गर मेनु (पृ. १२८) । यसरी मेनकालाई प्रेममा फसाइ सकेपछि पनि सुमित्रासँग पनि प्रेम छ भन्दै उसलाई पनि भेटघाट र माया गर्नु विश्वामित्रको स्वार्थी, छली र कपटी स्वभाव हो । मञ्चीय, बद्ध, प्रमुख तथा वर्गीय पात्रको रूपमा विश्वामित्रलाई लिन सकिन्छ ।

### ४.७.३ सुमित्रा

**विश्वामित्र** उपन्यासकी प्रमुख नारी पात्रमध्ये सुमित्रा पनि एक हो । गतिशील नारी पात्रका रूपमा उभिएकी सुमित्रा यस उपन्यासकी सोझी नारी पात्र हो । लोग्नेले परस्त्रीसँग यौनेच्छा पूरा गरेर आउँदा पनि देवतासमान ठान्ने सोझी, निरीह नारी पात्रका रूपमा उभिएकी छ सुमित्रा । दोस्रो विवाह गरेको विश्वामित्रसँग उसले पारापाचुके गर्न सकेकी छैन । आवेशमा आएर विश्वामित्रसँग टाढा भएकी सुमित्रालाई लोग्नेको अभाव खड्किन थाल्छ । पछि आफ्नो लोग्नेलाई पुनः माया गर्न थाल्छे । घरायसी काममा व्यस्त रहनु पर्ने, छोराछोरीको भविष्यका लागि चिन्तित सुमित्राले विश्वामित्रलाई धेरै समय दिन नसकेर विश्वामित्र सुमित्राबाट टाढा भएको छ तर पछि दुवैजना एक आपसमा मिलेका छन् । उनीहरूको यस्तो व्यवहारकै कारण मेनकाले व्यर्थ आत्महत्या गर्नुपर्ने अवस्थाको सिर्जना

भएको छ । तसर्थ मेनकाको हत्यामा अप्रत्यक्ष रूपमै भएपनि सुमित्राको समेत हात रहेको देखिन्छ । सुमित्राले विश्वामित्रसँग छुट्टिएर बस्ने स्वतन्त्र निर्णय त गरी तर जीवनभर उसँग टाढा भएर बस्न नसक्नु यो उसको कमजोर निर्णय मानिन्छ । यदि विश्वामित्रसँगको पुनर्मिलन सम्भव थियो भने मेनकाको विवाह अगाडि नै यी सबै कुरा भएको भए मेनकाले अकालमा ज्यान गुमाउनु पर्ने थिएन । प्रमुख, गतिशील, मञ्चीय, बद्ध, अनुकूल र वैयक्तिक नारीपात्रका रूपमा सुमित्रा यस उपन्यासमा देखा परेकी छ ।

### ४.७.४ ओजस्वी

**विश्वामित्र** उपन्यासकी प्रमुख नारी पात्रमध्ये ओजस्वी पनि एक हो । शिक्षित नारी पात्रका रूपमा ओजस्वी यस उपन्यासका देखा परेकी छ । आफ्नो बाबुको माया पाउनबाट वञ्चित ओजस्वीले लाख बिन्ति गरेर बुबाको पत्थररूपी मन पगाल्न सकेकी छ । ओजस्वीकै कारण उनकी आमा र बाबुको पुनर्मिलन सम्भव भएको हो । सौतेनी भाइलाई आफ्नै भाइ ठानेर माया गर्ने ओजस्वीले सौतेनी भाइले जस्तै आफ्नो बुबाको माया पाउन सफल भएकी छ । मेनकालाई पनि सौतेनी आमाको रूपमा नभई आफ्नै आमाको रूपमा व्यवहार गर्ने ओजस्वीकै प्रयासमा औषधिले निको नहुने उसकी आमाको व्यथा निको बनाएकी छ विश्वामित्रँग भेट गराएर । ओजस्वीले प्रयास नगरेकी भए सुमित्रा र विश्वामित्रको पुनर्मिलन असम्भव थियो सायद । आफ्नो बुबाको माया प्राप्त गर्ने उसको अधिकारका लागि ओजस्वी सचेत देखिएकीले उसलाई सजग नारी पात्रका रूपमा लिन सकिन्छ । “बाबा ! पैसाले सबै कुरा हुँदैन, हजुरले हामीलाई केही कमी हुन दिस्सेको छैन, तर बाबा ! हामीलाई पनि माया चाहिन्छ, हजुरले दिस्सेको रूपैयापैसाले हाम्रो बाबा किन्न पाइँदैन नि त (पृ.४५) !” ओजस्वीले आफ्नो बाबालाई घर फर्कन अनुरोध गर्दै यस्तो भनेकी हो । आफ्नो बाबु हामीलाई पनि चाहिन्छ । भाइको मात्र बुबा हाइन, हाम्रो पनि बुबा हो भने आफ्नो अधिकार प्रति ओजस्वी सचेत रहेकी छ । प्रमुख, वर्गीय पात्र, अनुकूल, गतिहीन मञ्चीय तथा बद्ध पात्रको रूपमा ओजस्वी यस उपन्यासमा उपस्थित भएकी छ ।

### ४.७.५ उमा दिदी

उमा दिदी अशिक्षित र लोग्नेद्वारा पीडित महिला हो । गाउँघरका महिलाहरूलाई तेल लगाइदिएर चारजना छोराछोरीका साथै श्रीमान्लाई पनि आफैँले पाल्नु पर्ने विवशता छ

गीता दिदीको । लोग्नेले अर्की स्वास्नी विवाह गरेको छ तर पनि उसले शरीर भोग गर्न छोडेको छैन गीता दिदीको । विभिन्न शारीरिक तथा मानसिक यातना भोगेर बस्न विवश उमा दिदीले लोग्नेसँग प्रतिकार गर्न सकेकी छैन । राक्षसरूपी लोग्नेको व्यवहारलाई चुपचाप सहन विवश उमा दिदी लोग्नेसँग परापाचुके गरेर बसेपछि झन् दुनिया पुरुषहरूको रखौटी भएर बस्नुपर्छ भन्ने यथार्थता बुझ्केकी छ । उमा दिदीकै कारण मेनकाले विश्वामित्रको भित्री रूप थाहा पाउन सकेकी हो । लोग्ने मान्छेको जातलाई धेरै विश्वास गर्नु हुन्न है भनेर मेनकालाई सचेत गराउने काम उमा दिदीले गरेकी छ । लोग्नेले रातदिन आफूलाई दिएको पीडा सुनाउँदै मेनकासँग उमादिदीले व्यक्त गरेको कुरा यस्तो छ : “राती ओछ्यानमा निदाउन खोज्छु, ऊ पैताला चाटेर ढोगेर हुनसम्म गर्छ । के गर्नु दुल्हैसाब, आइमाई जात पग्लिन कतिबेर लाग्छ र ! त्यस रात मेरै मात्र लोग्ने हो जस्तो लाग्छ, भोलिपल्ट फेरि उस्तै । उसको काम सकिएपछि कहिले बाझ्केर हिँड्छ, कहिले कुटेर हिँड्छ (पृ.३४) ।”यसरी उमा दिदी लोग्नेको शोषण र अत्याचार बुझ्केर नि चुपचाप सहन विवश नारी पात्र हो । प्रमुख, मञ्चीय, बद्ध, अनुकूल, वर्गीय नारीका रूपमा यस उपन्यासमा उमा दिदी उपस्थित भएकी छ ।

## ४.८ विचारपरक अध्ययन

नेपाली साहित्यको विविध क्षेत्रमा सक्रियताका साथ कलम चलाउने प्रतिभावान् साहित्यकार इन्दिरा प्रसाईं नेपाली उपन्यासको फाँटमा झनै सफल र चर्चित देखिएकी छन् । नारीले भोग्नु परेका पीडा समस्या र भेदभावलाई सशक्त रूपमा उपन्यासमार्फत उतार्न सफल इन्दिरा प्रसाईंको **विश्वामित्र** उपन्यास पनि नेपाली समाजमा नारीप्रतिको शोषण, अत्याचार र भेदभावलाई यथार्थरूपले उतारिएको उपन्यास हो । वि.सं. २०५५ सालमा प्रकाशित यस उपन्यासमा पुरुषहरूको स्वार्थी, छली र कपटपूर्ण प्रवृत्तिलाई समयमै बुझ्केर उनीहरूबाट टाढा हुनुपर्ने विचार व्यक्त गरेकी छन् उपन्यासकार प्रसाईंले । पुरुषहरू आफ्नो स्वार्थ पूरा गर्नका लागि जतिसुकै नीच र घृणित कार्य गर्न पनि तयार हुन्छन् , नारी त केवल गोजीको सामान हो जतिखेर मन लाग्यो भोग्न पाइने भन्दै पुरुषको यस्तो शोषक प्रवृत्तिलाई यथार्थरूपमा उतार्न सफल इन्दिरा प्रसाईंले नारीहरूलाई आफ्नो अधिकार र स्वतन्त्रताको खोजीका लागि सधैं क्रियाशील बन्न अघि बढ्नु पर्छ भन्ने सन्देश दिएकी छन् ।

‘विवाहित स्वास्नी उसको लोग्नेकी वेश्या हो ’ भन्ने विचार बोकेको यस उपन्यासको पात्र विश्वामित्रले आफ्ना स्वास्नीहरूलाई कठपुतलीझैँ नाच्न विवश गराएको छ । उसको लागि राम्री भएर कोठामा सजिएर बस्नु परेको छ मेनका र सुमित्राले । आफ्नै हातले छोराछोरी र लोग्नेको स्याहार गर्न मन पराउने मेनका र सुमित्राको व्यवहारप्रति विश्वामित्र असन्तुष्ट हुन्छ । नारीहरू केवल पुरुषका भोग्य वस्तु मात्र हुन नहुने, पुरुषको मनोरञ्जनको साधन मात्र बनेर आफ्नो अस्तित्व मेटाउन नहुने विचार राख्ने यस उपन्यासले समाज अनि देशका लागि केही गर्नलाई नारीको जन्म भएको हो भन्ने सन्देश आम नारीलाई छर्न खोजेको पाइन्छ । बिरामी भएको अवस्थामा पनि पुरुष नारीको शरीर भोग गर्न पछि नपर्ने रहेछ भन्ने कुराप्रति तीव्र प्रहार गरिएको यस उपन्यासमा नारीको शरीर भोग्न पाएपछि उनको कुरूप अनुहार पनि सुन्दर देख्दो रहेछ पुरुषले भन्ने व्यङ्ग्य पनि मनजङ्ग दाइको कथाबाट छर्लङ्ग हुन जान्छ । तसर्थ केवल नारीको शरीर भोग गर्नकै लागि मात्र नारीसँग सङ्गत गर्ने पुरूषहरूले नारीको अस्मिता र महत्त्वलाई बुझेर नारीको सम्मानमा जुट्नु पर्ने विचार यस उपन्यासमा व्यक्त भएको छ ।

आफ्नो यौनेच्छा पूरा गर्न पुरुष कतिसम्म नीच र अनुचित कार्यतर्फ अग्रसर हुन्छ तर एउटी नारी आफ्नो लोग्नेले परस्त्रीसँग सम्बन्ध राखेपनि आफूले अर्को पुरुष रोज्न सक्दिन भनेर नारीको आदर्श प्रवृत्तिलाई प्रस्तुत गरिएको यस उपन्यासमा नारी सबै कुरा बाँड्न सक्छे तर आफ्नो लोग्ने कसैलाई बाँड्न सक्दिन, आफ्नो लोग्नेको माया पूर्ण रूपले प्राप्त गर्न पाउनु यो उसको नैसर्गिक अधिकार हो । नारी बरु मृत्युलाई अँगाल्न सक्छे तर आफ्नो लोग्ने अरूलाई बाँड्न सक्दिन भनेर पतिभक्त नारीको रूपमा मेनकालाई यस उपन्यासमा उपस्थित गराएर नारीको आदर्श प्रवृत्तिको उद्घाटन गरिएको छ । कुनै पनि नारी आफै परपुरुषतर्फ लागेका हुँदैनन् । जब श्रीमान्ले आफूलाई माया गर्दैन तब परपुरुषसँग सम्बन्ध राख्न विवश हुन्छे नारी । तर आफ्नी स्वास्नीको मायालाई लत्याएर परस्त्रीसँग सम्बन्ध जोड्छ पुरुष । नारीको पनि त पुरुषको जस्तै चाहना र आवश्यकता हुन्छन् भन्ने किन बुझ्दैन समाज ? पुरुषले जे जस्तो नीच काम गरेपनि चुप बस्ने समाज नारीले गरेका हरेक निर्णयहरूमा औँला ठड्याउने गर्छ । तसर्थ नारी बिग्रनुमा पुरुषकै हात हुने कुरा यस उपन्यासमा व्यक्त भएको छ । मनजङ्गकी आमाको प्रसङ्गले पनि यस कुराको पुष्टि हुन्छ : “मनजङ्ग दाइका पिता मनजङ्ग जन्मेपछि मनजङ्गकी माताको शयनकक्षमा

कहिल्यै प्रवेश गरेनन् । पिताका कोठामा पराई स्त्री र माताका कोठामा पराई पुरुषहरूको बसउठ भएको देखिन्थ्यो । उनले आफ्ना बाबुआमालाई सँगै बसउठ गरेको कहिल्यै देखेनन् (पृ. ७३) ।" तसर्थ नारीलाई खराब बाटोतर्फ डोऱ्याउने हात पुरुषकै हुन्छ भन्ने विचार यस उपन्यासमा व्यक्त भएको छ ।

प्रेमको मूल्य बुझेर प्रेम गर्नुपर्ने सन्देश दिइएको यस उपन्यासमा कसैको प्रेम पाउनका लागि छल, कपट र धोका दिन नहुने सन्देश विश्वामित्रमार्फत् पाउन सकिन्छ । आफ्नी स्वास्नीको प्रेम बुझ्न नसकेर मेनकालाई प्रेममा फसाएको विश्वामित्रलाई पछुतो त भएको हो तर मेनकाको भावना बुझ्न नसकेर उसले मृत्युवरण समेत गर्नु परेको अवस्था सिर्जना भएको छ । नारी र पुरुषले एक अर्काको भावना र चाहना बुझ्न नसक्दा जीवन तहसनहस र बरबादीतर्फ जाने भएकाले समयमै एक अर्काको भावना बुझेर हातेमालो गर्दै नारी र पुरुष अगाडि बढ्नुपर्ने सन्देश यस उपन्यासले दिन खोजेको छ । त्यसैगरी नारीहरू समस्यासँग सम्झौता गर्दै अगाडि बढ्नुपर्छ । आत्महत्या गर्देमा समस्याको समाधान हुने होइन बरु झन् समस्या सिर्जना हुने गर्दछ । तसर्थ आत्मबल बढाएर सङ्घर्ष गर्न सम्पूर्ण नारीहरूलाई यस उपन्यासले सजग गराएको छ ।

## ४.९ उपन्यासमा प्रयुक्त लैङ्गिक चेतनाको विश्लेषण

**विश्वामित्र** उपन्यासमा आएका विभिन्न पात्रहरूमध्ये कतिपय पात्रहरूमा लैङ्गिक चेतना रहेको पाइन्छ भने कतिपय पात्रहरूमा लैङ्गिक भेदको भावना रहेको पाइन्छ । यस उपन्यासको प्रमुख पुरुष पात्र विश्वामित्रले नारीलाई भोग्यवस्तु मात्र मानेको छ । ऊ यौन पिपासुको रूपमा उपस्थित भएको छ । त्यसै गरी मनजङ्ग दाइमा भने यौन चेतना रहेको पाइन्छ । उसले कुलतमा फसेकी चन्द्रकलालाई कुलतबाट छुटाउने काम समेत गरेको छ । सुरेन्द्रले पनि मेनकालाई सही बाटोतर्फ डोऱ्याउने काम गरेको छ । त्यसैगरी दोग्ला पुरुष, मनजङ्गका पिता, मनजङ्गको छोरो समेत यौन पिपासुका रूपमा देखापरेका छन् । त्यसैगरी उमा दिदी पनि लोग्नेको पीडा खेप्न विवश छ । ममतामा पनि यौन चेतना भेटिँदैन । अन्जानवश ऊ विभिन्न पुरुषहरूसँग सम्बन्ध राख्दछे । त्यसैगरी चन्द्रकला र मनजङ्गकी आमा पनि पुरुषलाई आफ्नो शरीर भोग गर्न दिन्छन् । तसर्थ यस उपन्यासका अधिकांश पात्रहरूमा यौन चेतना भेटिँदैन । **विश्वामित्र** उपन्यासमा लैङ्गिक चेतना प्रस्तुत भएका केही तथ्यहरूलाई छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.९.१ लैङ्गिक समानता र समताको विश्लेषण

लोग्ने र स्वास्नी सँगसँगै खाना खान नबस्ने प्रचलन अझै पनि हाम्रो गाउँघरमा विद्यमान देखिन्छ । लोग्नेलाई खाना खुवाएर अन्त्यमा स्वास्नीले खाने प्रचलन रहेको अवस्थामा मेनकाले सँगै खान नपाएको गुनासो गरेको प्रसङ्गमा विश्वामित्रले दिएको यस्तो जवाफले लैङ्गिक समानता रहेको कुरा जनाउँछ :

"आज म भुजा खाने बेलामा दुइटा ठूलाठूला पार्टीहरूसँग महत्त्वपूर्ण सम्झौताका लागि छलफल गरिरहेको हुन्छु । बरु म तिमीसँग दुई बजेतिर भेट्न आउँछु । सँगै बसेर केही खाउँला । तर तिमीले एउटा वचन दिनुपर्छ, भुजा राम्ररी खानुपर्छ । मसँगै बसेर खाएको सम्झनु पर्छ, हुन्छ (पृ. १२) ।"

मेनकाको घरमा काम गर्ने गीता र उमेश दुई जनामध्ये गीताले काम मात्र गर्नुपर्ने तर उमेशले काम गर्दै विद्यालय पनि जान पाएको छ । उमेशको प्रशंसा गर्दै मेनकाले यस्तो भनेकी छ जसले नारी र पुरुषबीच असमानता रहेको स्पष्ट देखाउँछ :

"उमेशले खाए । गीता खाएर सुत्न गई । उमेश स्कूले केटो, किताब लिएर पढिरह्यो । यो केटो साह्रै मिहिनेती छ । पढ्नमा पनि राम्रो छ । अँध्यारो अनुहार पनि लगाउँदैन । गाली गरेपनि जवाफ फर्काउँदैन । हात पनि मीठो छ । खाने कुरा स्वादिलो पार्छ । गीता आइमाई भएर पनि मीठो पकाउँदिन (पृ. १६) ।"

सुमित्रा र उसको कोखबाट जन्मेकी छोरी ओजस्वीलाई बेवास्ता गर्ने विश्वामित्र मेनका र उसबाट जन्मेको छोरोप्रतिको प्रेम र कर्तव्यप्रति सचेत रहेको अवस्थाले लैङ्गिक असमानतालाई देखाउँछ । विश्वामित्रले मेनका र छोरो मेनविप्रति व्यक्त गरेको विचार यस्तो छ :

"मेरी प्यारी ! तिमी भन्छ्यौ भने म भोलिदेखि कहीँ जान्नँ । मेरा लागि तिमीभन्दा महत्त्वपूर्ण अरू केही छैन । मसँग जे जति जगेडा सम्पत्ति छ, तिमी र मलाई दुःख सुख जीवनभर एक आपसमा हेराहेर गरेर भए पनि बसी बसी खान पुग्छ प्यारी । मलाई थाहा छ तिमीलाई म भए पुग्छ र मलाई पनि तिमी । तर हाम्रो फूल मेनवि ! म उसलाई राजकुमार जस्तो जीवन दिन चाहन्छु । उसलाई कहिल्यै कुनै कुराको कमी नहोस् । ऊ मेरी मेनकाको छोरो हो । ऊ हाम्रो छोरो हो ।

सुमित्रा बिरामी भएर ओछ्यानमा परेकी तर डाक्टरकोमा देखाउँदा पनि उसलाई निको नभएकोले आत्तिएर छोरी ओजस्वी आफ्नो बुवा विश्वामित्रलाई पीडा पोख्न गएको समयमा विश्वामित्रले यस्तो जवाफ दिएको छ जसले लैङ्गिक असमानतालाई प्रष्ट देखाएको छ :

"मैले के गर्ने त, अरू ठूलो डाक्टर देखाऊ, बाहिर लग्नुपर्ने भए लग ! मैले तिमीहरूलाई रूपैयाँ पैसाको कमी पारेको भए भन । जति पैसा चाहिन्छ लैजाऊ । अरू म के गरुँ (पृ. ४५) !"

पुरुष त रुनु हुँदैन, उनीहरूको काम सधैँ खुसी हुने र हाँस्ने मात्र हो । छोरी त घरमै बस्ने जात हो । छोरो भएर त देश विदेश डुल्नुपर्छ । लोग्ने मान्छेले रोएको सुहाउँदैन भन्ने सोच राख्ने हाम्रो समाजमा विश्वामित्र काकासँग बनारस जानेबेला घर छोड्न नसकेर रोएको बेला उसको काकाले यस्तो भनेको छ जसले लैङ्गिक असमानता रहेको कुरा प्रष्ट हुन्छ :

"छि ....... यो त आइमाई जस्तो रुँदो रैछ, लोग्ने मान्छे भएपछि के सधैँ आमाको फरिया समातेर बसिरहन्छस् त (पृ. ६३) !"

मनजङ्ग दाइको छोरो चन्द्रजङ्ग जड्याहा चोर, डाँका भएर जेल परेको भए पनि ऊ राम्रो र असल अनि पवित्र देखिएको छ मेनकाको दृष्टिमा तर गीता सोझी, गाउँकी केटीलाई नेवार्नी, अनपढ भएकै कारण गीताको विवाह चन्द्रजङ्गसँग गर्न सकेकी छैन मेनकाले । लोग्ने मान्छेले जति सुकै नीच कार्य गरे पनि छोरी मान्छेको तुलनामा राम्रो मानेकी छ मेनकाले । जसले लैङ्गिक असमानता प्रष्ट रूपमा झल्किएको छ :

"एकपटक मनजङ्ग दाइसँग कुरा गरेर उनका छोरासँग बिहा गरिदिऊँ जस्तो पनि लागेको थियो मेनकालाई तर गीता नेवार्नी हो र मनजङ्ग दाइ जे भए पनि राणा खानदानको मान्छे । आज दिनदशाले गरिबीमा बाँच्न बाध्य भए पनि उनी भनेको संस्कार भएका मानिस । त्यस्ता खानदानसित गीताको विहाको कुरा गर्दा मनजङ्ग दाइको चित्त दुख्ला । मलाई गरीब भनेर हेपे, अपमान गरे भन्ने ठान्लान् उनले पनि (पृ. ११५) ।"

केटी मान्छे भनेका कमजोर हुन्छन्, उनीहरू केही गर्न सक्दैनन् भनेर झनै नारीप्रति हीनताको भावना बढाउने काममा अग्रसर गीताकी माइजूले गीतालाई मेनकाको घरमा काम गर्न जिम्मा लगाउने क्रममा व्यक्त भएको विचार यस्तो छ जसले पुरुषको तुलनामा

नारीहरू निरीह, कमजोर र असहाय हुन्छन् भन्ने कुरा देखाउन खोजेको छ साथै नारी र पुरुषबीचको असमानतालाई छर्लङ्ग पारेको छ :

“यो टुहुरी केटी हो । हजुरलाई जिम्मा लगाउँदै छु । पछि यसको विहादान हजुरले नै गर्दिबक्सेला हजुर । सिकाइस्योस्, सदाइस्योस् गाउँकी केटी अब हजुरकै भई । ढुक्क भएँ । यसको पीरले दिक्क थिएँ । आफूले ल्याएर भिर्न पनि नसक्नु । केटी जात, जतातते राख्न पनि नहुने (पृ. ११५) ।”

मेनकाले गीता र उमेशलाई काम अह्राउने क्रममा व्यक्त गरेको कुरा यस्तो छ जसले लैङ्गिक असमानता प्रष्ट रूपमा देखिएको छ :

“उमेश पढ्ने मान्छे, तँ भनेकी आइमाई मान्छे, तैँले जम्मै काम सिक्नुपर्छ । उमेशले तरकारीहरू मात्रै पकाउँछ । बाँकी सबै काम तैँले गर्नु (पृ. १२५) ।”

यसरी यस उपन्यासमा केही मात्रामा लैङ्गिक समानताका पक्षहरू रहे पनि प्रशस्त मात्रामा असमानता रहेको पाइन्छ ।

### ४.९.२ उपन्यासमा सशक्तीकरण

आफ्नो स्तर अनुकूल हुने गरी केटा रोजेर प्रेम गर्नुपर्छ भन्दै ममताले मेनकालाई सुझाव दिएकी छ । जसले ममताभित्र सशक्तीकरणको भाव झल्किन्छ :

“तँलाई प्रेम गर्न मन लाग्यो भने भन् । म खोजिदिन्छु केटा । भन् कस्तो चाहिन्छ गोरो, कालो, पुड्को, अग्लो, दुब्लो, मोटो भन् जस्तो भन्छेस् त्यस्तै खोजिदिन्छु । तर त्यस्तो मधिसेको तपस्या छोडिदे, मेरी प्यारी (पृ. ३०) !”

नारीहरू आफ्नो हक अधिकार र अस्तित्वका लागि चलाख हुनुपर्ने भावना उमा दिदीमा विकास भएको पाइन्छ । आफ्नो लोग्नेप्रति उसले गरेको चलाखी यस किसिमको छ । मेनकासँगको कुराकानीका क्रममा अर्की स्वास्नीपट्टि उमा दिदीको लोग्नेका सन्तान छन् कि छैनन् भन्ने प्रश्नको उत्तर उमा दिदीले यसरी दिएको छ :

“का हुनु र ? हुन्थ्यो पनि होला तर मैले नै चलाखी गरेँ नि दुल्हैसाब । उता सल्किसकेको रै’छ, त्यही बेला मैले कान्छो छोटो पेट बोकेँ । ल भएन, चारओटा छोराछोरी भैसके अब तिमीले परिवार नियोजन गर्नै पर्छ भनेँ । लाख फकाएँ, मनाएँ । उसबेला भेसेक्टमी गर्दा

सय रूपैयाँ पनि पाइन्थ्यो । ल जम्मै रूपैयाँ तिम्रो भनैँ । उसलाई पनि जाँड धोक्ने पैसा चाहिएको थियो, मानिहल्यो । त्यसैले अब छोराछोरी हुने कुरै भएन । त्यो त ढुक्कै छ (पृ. ३४) ।"

त्यसैगरी पुरुषहरूले मात्र घरबाहिर गएर कमाएर स्वास्नी र छोराछोरी पाल्ने गर्छन् भन्ने भावनाको विपरीत उमादिदीले पनि आयआर्जन गरेर घर परिवारलाई पाल्न सक्छन् भन्ने प्रष्ट पारेकी छ :

"बिचरा उमा दिदी, लोग्नेले कस्तो सताएको छ, अर्की आइमाईसँग लागेर कमाएको जति सबै उतै सक्छ । चारओटा छोराछोरीको पाल-पोस सबै उमा दिदीले गर्नुपर्छ । अझ महिनाका आखिरीतिर उनका लोग्नेलाई उमा दिदीले नै पाल्नुपर्छ (पृ. ३३) ।

सुमित्रालाई पनि प्रेम गर्ने तीतो यथार्थ थाहा पाएर विरक्त भएकी मेनकाले विश्वामित्रको कुनै अस्तित्व देख्दिन आफ्नो जीवनमा अनि छोरो मेनवि विशवामित्रको छोरो नभई आफ्नो मात्र छोरो भएको र उसको भरोसामा बाँच्ने निर्णय गर्छे जसले मेनका भित्रको सशक्तीकरण प्रस्फुटित हुन्छ :

"उसले आफू नजिक भएको छोरोलाई हातले विस्तारै छोई । यो छोरो उसलाई विश्वामित्रको जस्तो लागेन, 'त्यो परिवर्तित भएको विश्वामित्रको छोरो नभएर मेनकाको मात्रै छोरो हो मेनवि', मेनकाले यस्तै सोची । अब यही एउटा छोरो मात्र छ मेनकाको, मेनकाले यसैका लागि बाँच्नुपर्छ, हाँस्नुपर्छ । 'मेरो छोरा' मेनकाको मुटु भित्रबाट निचोरिएर आयो । ऊ निदाएको छोरोलाई अँगालो हाल्न पुगी । निद्रामा भएको मेनविका निधारमा चुमी । 'मेरो छोरो कस्तो राम्रो छ !' मेनकालाई छोराको उज्यालो अनुहार हेरेपछि संसार पनि केही उज्यालो लागेर आयो । ऊ पुनः आफ्नै पूर्वस्थानमा ढल्की (पृ. ९३) ।

यसरी उपन्यासमा यस्ता अभिव्यक्तिको माध्यमले सशक्तीकरणको स्थान पाएको देखिन्छ । त्यसो त यस उपन्यासका नारी पात्रहरूमा सशक्तीकरणको भावना कमै मात्रामा रहेको भेटिन्छ ।

### ४.९.३ विद्रोही भावना

विश्वामित्रको भित्री रूप थाहा पाएकी मेनकाले विश्वामित्रको छल, कपट र स्वार्थी प्रवृत्तिप्रति विद्रोह गर्दै यसो भनेकी छ :

"छल हो छल । विश्वामित्रले स्वास्नीसँग पारपाचुके पनि गर्छु भनेको थियो, फेरि उसैले भनेको थियो, "मेरो सुमित्रासँग कुनै सम्बन्ध हुने छैन । सुमित्रालाई मेरो आवश्यकता छैन, पारपाचुके गर्न समय धेरै लाग्छ आदि आदि ।" तर आज उसैले अर्कै कुरा गऱ्यो । कति भिन्नै भएको छ विश्वामित्र । "सुमित्राको दोष छैन," "उसले हाम्रो के बिगारेकी छ ?" उनीहरूप्रति पनि मेरो कर्तव्य छ (पृ. ९३) ।" विश्वामित्रले दिएको यस्तो उपदेशप्रति घृणाको भाव उत्पन्न भएको छ मेनकालाई । त्यसैगरी विश्वामित्र धोकेवाज र नाटककार रहेछ भन्दै यसरी विद्रोह गरेकी छ मेनकाले :

"कसरी जान सकेको होला विश्वामित्र, हिजो मसँग चाहिँ कसरी 'स्वास्नीसँग प्रेम छैन, जीवन भार भएको छ' भनेर रुन सकेको होला । विश्वामित्र कस्तो नाटककार रहेछ (पृ. ९४) ।"

त्यसैगरी आफ्नो लोग्ने कसैसँग बाँड्न नसक्ने कुरा व्यक्त गर्दै यसरी विद्रोही भाव जनाएकी छ :

"मलाई खण्डित विश्वामित्र चाहिँदैन, म उसको एक अंश पनि बाँड्न सक्तिन, अरू केही पनि होइन, मैले सिङ्गो विश्वामित्रसँग प्रेम गरेकी थिएँ र सिङ्गो विश्वामित्रसँग मात्र प्रेम गरिरहन्छु । उसको बाँडिएको प्रेम मलाई रुचिकर छैन (पृ. ९४) ।"

"हो, म विश्वामित्रलाई एक रत्ती पनि बाँड्न सक्तिनँ विश्वामित्र सम्पूर्ण मेरो हो, म उसको एक अंश पनि कसैलाई दिन सक्तिनँ ।"

"हो, म सारा सर्वस्व विश्वामित्रले मलाई दिएको सम्पत्ति सुमित्रा र उसका छोराछोरीलाई दिन सक्छु । मलाई केही चाहिँदैन तर **विश्वामित्र**, ऊचाहिँ अलिकति पनि बाँड्न सक्तिनँ (पृ. ९५) ।"

सुरुमा ओजस्वीलाई निकै माया गर्ने मेनकाले विश्वामित्र ओजस्वीको घरमा जाने गरेको थाहा पाएपछि ओजस्वीप्रति विद्रोही भावना पलाएको छ मेनकाको मनभित्र । ओजस्वीले समेत आफ्नो विश्वामित्रलाई खण्डित पार्छे भन्दै यसरी विद्रोही भाव पोखेकी छ :

"यो विश्वामित्रकी छोरी हो, विश्वामित्रले यसलाई पनि माया गर्छ । मेरो विश्वामित्र यसको पिता हो । विश्वामित्रको यो पहिलो सन्तान हो । यो विश्वामित्र र सुमित्राको प्रेमको परिणाम हो । मेरो सम्पूर्ण विश्वामित्रलाई यसले पनि खण्डित पार्छे । विश्वामित्रले यसलाई धेरै माया गर्छ (पृ. १११) ।"

पुरुष जातिले परस्त्रीसँग सम्बन्ध राख्दा चुप बस्ने तर नारीले परपुरुषसँग सम्बन्ध राख्यो भने त्यो नारी अपवित्र र वेश्या ठहरिन्छे भन्ने मान्यताको विपरीत् उभिएकी चन्द्रकलालाई उसकी सासू आमाले उसको चरित्रमाथि शङ्का गरेको प्रसङ्गमा विद्रोह गर्दै चन्द्रकलाले यसो भनेकी छ :

"आमा हजुर, के ठीक के बेठीक ! त्यो विष्णुसँग ढोका लगाएर हजूर घण्टौं के गरिसिन्छ भन्ने कुरा मनजङ्गले थाहा पाए के होला नि ! हजुरलाई खर्च चाहियो भने मागिस्योस् । बाँकी चिन्ता हजुरले लिइरहन उपयुक्त नहोला पनि । जुन दिन मनजङ्गलाई थाहा होला । देखा जाएगा (पृ. ७९) ।"

यसरी यस उपन्यासमा विद्रोही भावना राख्ने नारी पात्रहरू कमै भेटिन्छन् ।

### ४.९.४ वैचारक परिवर्तन

**विश्वामित्र** उपन्यासका विभिन्न पात्रहरूमा वैचारिक परिवर्तन आएको पाइन्छ । सुरुमा प्रतिकूल प्रवृत्तितर्फ अगाडि बढेका त्यस्ता पात्रहरू समय र परिस्थिति अनुसार अनुकूल हुँदै गएका छन् ।

सुमित्रासँग कुनै सम्बन्ध नराख्ने गरी टाढा भएको विश्वामित्रले सुमित्रालाई पनि प्रेम गर्न थालेको छ । यो उसको वैचारिक परिवर्तन हो । सुमित्राको प्रेम लत्याएर मेनकालाई अँगालेको विश्वामित्रले सुमित्राप्रति यस्तो भाव व्यक्त गरेको छ । जसको कारण उसमा वैचारिक परिवर्तन देखा पर्दछ :

"सुमित्रालाई के भयो ! केही भयो भने ! ओहो ! म कस्तो पापी रहेछु । यत्तिका दिनसम्म कुनै खोजखबर नै राखिनँ (पृ. ५१) ।"

"तिम्रो के दोष छ र सुमु ! मलाई माफ गर, म तिम्रो अपराधी हुँ (पृ. ५२) ।"

मेनकासँगको कुराकानीमा सुमित्रालाई भेट्न गएको स्वीकार गर्दै विश्वामित्रले यस्तो भनेको छ जसले उसमा वैचारिक परिवर्तन आएको मान्न सकिन्छ :

"प्यारी ! मैले उसलाई भेटेर आएको कुरा ठीक साँचो हो । एउटा मानवताका नाताले पनि बिरामी हेर्न जानै पर्दथ्यो । ऊ त जे भए पनि तीस वर्षभन्दा बढी समय सँगै बिताएकी पत्नी पनि हो । तिमीले चित्त दुखाउनु हुँदैन । उसको दोष नै के छ र, उसले हाम्रो के बिगारेकी छ र (पृ. ९०) ?"

त्यसैगरी विश्वामित्रको आवश्यकता पर्दैन कहिल्यै भनेर उसको प्रेम लत्याएकी सुमित्राले पुनः उसलाई अँगालेकी छ । "मेरो बाबूराजा ...... मलाई ....... माफ ......... गर्दिस्योस (पृ. ५२) ।" यसरी विश्वामित्रसँग माफी मागेर सुमित्रामा वैचारिक परिवर्तन आएको पाइन्छ ।

त्यसैगरी चन्द्रकलाको रूपसँग सन्तुष्ट नभएको मनजङ्ग आमाले आफ्नो इच्छा विपरीत धनी केही रोजेर विवाह गरिदिएकोमा दिक्क मान्दछ । रक्सी र चुरोटको नशामा डुबेकी चन्द्रकलालाई सुरुमा घृणा गर्छ मनजङ्गले तर पछि चन्द्रकलाको नराम्रो आदत सुधार्ने अठोट गरेर उसलाई माया गर्न थाल्दछ । विवाहको पहिलो दिनमा मनजङ्गले चन्द्रकलाप्रति व्यक्त गरेको विचार यस्तो छ जसले उसमा वैचारक परिवर्तन आएको मानिन्छ :

"हे भगवान् ! यो आइमाई त चुरोट रक्सी दुवै खान्छे, यस्तीसँग कसरी जीवन बिताउने होला (पृ. ७७) !"

"धनी घरकी छोरी, खराब आदतमा परी । बिस्तारै छुटाउँछु । बनाउँदा नबन्ने के छ र (पृ. ७८) !"

छोरोले आफ्नो चरित्र थाहा पाएपछि आत्मग्लानी गरेर आत्महत्याको बाटो रोजेकी मनजङ्गकी आमाले पनि वेश्यावृत्तिलाई अँगाल्न छाडेकी छ बरु मृत्यु नै वरण गरेकी छ । वेश्यावृत्तिलाई त्यागेर मृत्यु अँगाल्नु यो पनि उसको वैचारिक परिवर्तन हो जसलाई यसरी प्रष्ट पार्न खोजिएको छ :

"बाबु ! अब मलाई नबचाऊ, म धेरै बाँचे । अब मलाई माफ गरिदेऊ बाबु ......" उनकी आमाले मनजङ्गको हात च्याप्प समातेर रोइरहिन् र छटपटाइरहिन् । मनजङ्गले बडो मुस्किलले आमाको हात आफ्नो हातबाट छुटाए र राधालाई आमासँग राखी उनी मोटर लिन सडकतिर दौडे । तर उनी मोटर लिएर आइपुग्दा उनकी आमाले अन्तिम सास लिइसकेकी थिइन् (पृ. ८३) ।"

आफ्नो लोग्ने संसारकै सुन्दर तथा प्यारो ठान्ने मेनकाले जब विश्वामित्रको छल, कपट र स्वार्थी प्रवृत्ति थाहा पाउँछे त्यसपछि उसलाई गर्ने मायामा पनि कमी ल्याउँछे उसले । उसले सम्पूर्ण रूपले समर्पित भई विश्वामित्रलाई प्रेम गर्न सक्दिन । उसको भित्री रूप

थाहा पाएर मायामा कमी ल्याउनुका साथै टाढा हुँदै जानु यो उसमा आएको वैचारिक परिवर्तन हो जसलाई यसरी प्रष्ट पार्न सकिन्छ :

“आकाशे रङ्गका सुटमा सजिएको विश्वामित्रलाई मेनकाले पहिलोचोटि राम्रो देखिन । विश्वामित्रलाई हेरिरहन पनि मन लागेन उसलाई । ऊ निदाएको छोरो बोकेर बिछ्यौनामा पुगी । छोरो सुताएर आफू पनि दोलाईं ओढेर सुती । विश्वामित्र पूर्ण तयारीका साथ एकपल्ट पुनः मेनकाको नजिक पुग्यो । मेनका भित्तापट्टि फर्केर आाखा चिम्लिएकी थिई (पृ. ९१) ।

यसरी यस उपन्यासका विभिन्न नारी तथा पुरुष पात्रहरू सुरुमा नकारात्मक प्रवृत्तिका देखिएपनि पछि सकारात्मक प्रवृत्तितर्फ अग्रसर देखिन्छन् । कतिपय पुरुष पात्रहरू नारीको अस्मिता रक्षाका लागि उभिएका छन् भने कतिपय नारी पात्रहरू पनि आफ्नो हक, अधिकार र अस्तित्व रक्षाका लागि सङ्घर्ष गरेको पाइन्छ ।

### ४.९.५ पितृसत्ता

लोग्ने मानिस आफ्नो स्वास्नीको प्रेम लत्याएर सयौँ परस्त्रीसँग सम्बन्ध गाँस्दा कहिल्यै रण्डो भन्दैन समाजले तर एउटी स्वास्नी मानिस आफ्नो लोग्नेभन्दा परपुरुषसँग मीठो बचन बोल्छे भने पनि उसलाई वेश्याको उपमा दिन्छ यो पितृसत्तात्मक समाजले । मेनका पनि यही पितृसत्तात्मक समाजमा हुर्किएकी नारी हो । उसकी आमाले उसको बालमस्तिष्कमा भरि दिएको पितृसत्तात्मक संस्कार यस्तो छ :

“एउटा पुरुषलाई आफ्नो सर्वस्व मान्नुपर्छ, विवाह गरेको पतिमात्र सर्वस्व हुन्छ, पुरुष फेर्ने नारीहरू वेश्या हुन् । वेश्या भनेका समाजका कलङ्क हुन् (पृ. २२) ।”

तर यस्तो पितृसत्तात्मक समाजका विरुद्धमा उभिएकी छ यस उपन्यासकी नारी पात्र ममता । प्रेम गर्न स्वतन्त्र हुनुपर्छ, पुरुष र नारी समान् छन् । पुरुषले मनपरी गर्न हुने हामीले पनि मन लागेको मान्छे जतिजनासँग पनि प्रेम गर्न पाउनुपर्छ भन्ने सोच राख्ने ममता पितृसत्ता विपरीत देखिएकी छ । जस्तैः

“ममतालाई तुरुन्त उससँग प्रेम गर्न तत्पर ‘सुकुलगुन्डाहरू’ मात्र मन पर्दथ्यो । जुन केटाले ममताको एक इशारामा सिनेमाको टिकट ल्याउँछ, गोकर्ण र रानीवनका जङ्गलमा घुम्न जान उत्साहित र उत्सुक हुन्छ त्यही केटो मात्र उसका लागि योग्य हुने गर्दथ्यो ।

उसको इशारा नबुझ्ने अथवा बुझेर पनि उसको इच्छा अनुसार हिँड्न नचाहने कुनै पनि केटा उसका लागि अयोग्य हुने गर्थे (पृ. २३) ।"

स्वास्नीलाई उपभोग मात्र गर्ने शोषक, पीडक पुरुषहरू स्वास्नीको भावना, चाहना, आवश्यकता र व्यस्ततालाई बुझ्न नसकेर परस्त्रीसँग सङ्गत गर्न थाल्छन् तर आफ्नी स्वास्नीको घरायसी समस्या र व्यस्ततालाई बुझ्न सक्दैनन् र कहिल्यै सहयोग गर्न अघि सर्दैनन् श्रीमतीलाई । पुरुषको चाहना पूरा भएन भने उनीहरू परस्त्रीसँग कति छिटो सम्बन्ध जोड्ने रहेछन् भन्ने कुरालाई विश्वामित्रको प्रसङ्गबाट यसरी प्रष्ट हुन्छ जसले पितृसत्तात्मक पुरुषका मनोवृत्तिलाई उदाङ्गो पारिदिएको छ :

"सुमित्राले कहिल्यै किन बुझिन मलाई ! आखिर मेरा आवश्यकता र चाहनासँग किन उसले सरोकार राखिन ? त्यसबेला म जतिजति उसको नजिक पुग्न खोज्थेँ ऊ त्यतित्यति म भन्दा टाढा जान खोज्थी । मैले कयौँपटक उसलाई भनेको पनि हुँ "सुमी मलाई प्रेम गर, आऊ मसँग कुरा गर, हामी गफ गरौँ, कहीँ होटलमा खाना खान जौँ अथवा लङ ड्राइभिङमा जौँ आदि इत्यादि ।" तर मसँग बिताउने समय नै थिएन उसँग त्यसबेला । उसका हजारौँ व्यस्तताहरूबीच मेरो चाहनाको कुनै अर्थ राख्दिनथी ऊ (पृ. ४९) ।"

सुमित्राको प्रेम लत्याएर मेनकालाई विवाह गरेको विश्वामित्रले पुनः सुमित्रालाई पाउ मोल्न लगाएको छ सुमित्राको अस्वस्थ अवस्थामा पनि । यसबाट विश्वामित्रको नीच पितृसत्तात्मक प्रवृत्ति प्रष्ट झल्किएको पाइन्छ :

"सुमित्रा विश्वामित्रका खुट्टा सुम्सुम्याउन लागी । अहिले साँच्चै विश्वामित्रलाई थकाइ लागेर आयो । यो थकाइ विश्वामित्रलाई धेरै अघिदेखि लागेको थियो तर विश्वामित्रलाई नै आफू थाकेको थाहा रहेनछ । ऊ यसविघ्न थाकेको रहेछ उसले प्रतिवाद गरेन । सुमित्राले खुट्टा मिचिरही । सुमित्राले उसको खुट्टा सुम्सुम्याएका स्पर्शले ऊ पनि तृप्त हुन खोज्यो । सुमित्राका कोमल हातहरूको परिचित स्पर्शले गर्दा उसले धेरै दिनपछि अपार तृप्ति अनुभव गऱ्यो । विश्वामित्रले त्यसपछि आँखा चिम्ल्यो । आँखा चिम्ली चिम्ली ऊ झस्क्यो, ओहो ! बिरामी सुमित्राबाट मैले यो के गराएको होला ! ऊ जुरुक्क उठ्यो र सुमित्रालाई समातेर तान्यो । तिमी बिरामी छ्यौ, के भएकी सुमु, म पनि कस्तो हुस्सू (पृ. ५६) ।"

त्यसै गरी मनजङ्ग दाइको विवाह उसको इच्छा विपरीत उसकी आमाले चन्द्रकलासँग गरिदिँदा उसलाई धेरै पीडा भएको छ । छोरीको विवाह आफ्नो पिताले जवरजस्ती गर्ने प्रचलन अझै पनि विद्यमान हाम्रो समाजमा मनजङ्गको विवाह उसकी आमाले इच्छा विपरीत गरिदिनु पितृसत्ता विरुद्धको कार्य मान्न सकिन्छ । श्रीमती चन्द्रकलाको व्यवहारबाट असन्तुष्ट मनजङ्गको विवाहको पहिलो दिनको प्रसङ्गले मातृसत्तालाई प्रष्ट रूपमा देखाएको छ :

"आमाले यो कस्तो इच्छा गरिन् । म आमाका इच्छाअगिल्तिर बलि नै चढेछु (पृ. ७६ ।"

स्वतन्त्र नारीका रूपमा उपस्थित चन्द्रकला यस उपन्यासमा पितृसत्ताको विरुद्धमा उभिएकी छ । उसको विचारलाई यसरी प्रष्ट पारिएको छ जसले नारी पुरुषको शासनमा मात्र बस्न सक्दैनन् भन्ने स्पष्ट पारेको छ :

"चन्द्रकला भारी जीउकी भएकी थिई । उसलाई बच्चा पाउने पटक्कै इच्छा थिएन । उसले बच्चा खसाल्ने उपाय पनि गरी, तर बेला हुइँकिसकेको थियो । चन्द्रकलाले गर्भ बोक्नै परेको थियो । पेट देखिन थालेपछि अनिच्छापूर्वक भए पनि चन्द्रकला घरबाहिर हिँड्न छोडेकी थिई । त्यसपछि चन्द्रकलाका शयनकक्षमा एउटा अधबैंसेको आगमन सुरु भयो । चाकर केटाले मनजङ्गकी आमालाई सुनाएअनुसार त्यो मानिस मुसलमान व्यापारी थियो । मनजङ्गसँग बिहा हुनुभन्दा धेरै अघिदेखि चन्द्रकलाको त्यस पुरुषसँग सम्बन्ध रहेछ (पृ. ७९) ।"

यसरी समाजले महिलामाथि आफ्नो आधिपत्य जमाइ राख्ने पुरुषको दास प्रवृत्तिको विरुद्धमा यस उपन्यासमा ममता, चन्द्रकला तथा मनजङ्गकी आमा जस्ता पात्रहरू उभिएका छन् भने मातृसत्ताको शिरोपर गर्न मनजङ्ग दाइ उपस्थित भएको छ ।

### ४.१० उपन्यासमा प्रयुक्त भाषाको अध्ययन

**विश्वामित्र** उपन्यासमा विभिन्न किसिमका पात्रहरू हाँसो, खुसी, रोदन, पीडा र व्यथाहरूसहित उपस्थित भएका छन् । यस उपन्यासमा शिक्षित, अशिक्षित, अल्पशिक्षित, गाउँले, सहरिया पुरुष र महिलाको मानसिकता र व्यवहारको चित्रण गरिएको छ । उपन्यासमा सामन्त प्रवृत्तिका व्यक्तिहरूमा विश्वामित्र, दोग्ला पुरुष, मनजङ्ग दाइका पिता, मनजङ्गकी आमाको प्रेमी जस्ता पात्रहरू आएका छन् । नारीलाई खेलौनाको रूपमा

मात्र हेर्ने त्यस्ता पापी आँखाहरूका सामु सुरेन्द्र, मनजङ्गजस्ता पुरुषहरू नारी सहअस्तित्वका लागि खडा भएका छन् । कतिपय नारी पात्रहरू आफ्नो अस्तित्व रक्षाका लागि केही मात्रामा सचेत देखिन्छन् भने कतिपय नारी पात्रहरू पुरुषको अन्याय अत्याचार चुपचाप सहन विवश छन् । त्यस्तै कतिपय नारीपात्रहरू वेश्यावृत्तितर्फ लागेका छन् विवशतावश । तर पछि उनीहरूमा सकारात्मक सोचाइको विकास हुँदै गएको देखिन्छ । अपराधबोध भएको छ उनीहरूलाई आफ्नो अपराधप्रति । उपन्यासमा पात्र अनुकूल भाषाको प्रयोग भएको छ । जसमध्ये लैङ्गिक दृष्टिले पात्रहरूले भाषालाई कसरी प्रयोग गरेका छन् त्यसका केही नमुनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सौतेनी छोरीप्रति मेनकाले गरेको व्यवहारबाट कुनै विभेद भेटिँदैन । जस्तैः

"एकैछिन हिँड न, मैले आज गाजरको हलुवा बनाएकी छु, खाएर जौन है (पृ. १०) !"

त्यसैगरी ओजस्वीलाई दिएको गाजरको हलुवा सौतेनी भाइ मेनविले खान मन गर्दा मेनका र ओजस्वीबीचको कुराकानी यस्तो छ जसले कुनै लैङ्गिक भेद सिर्जना भएको देखिंदैन :

"होइन, तिमी खाऊ ओजस्वी, यसले गाजरको हलुवा खाँदैन, मैले भोजहरूमा कतिपटक खुवाएकी छु, जम्मै थुकिदिन्छ" मेनकाले भनी ।

"होइन सानो मम्मी, यसैबाट म भाइलाई खुवाएर खान्छु ।" ओजस्वीले हत्तपत्त अघि नै आफूले चम्चामा ठिक्क पारेको हलुवा मेनविका मुखा हाल्दिई । मेनविले टाउको हल्लाई हल्लाई त्यो मुखको हलुवा तुरुन्त खाएर फेरि मुख आँ गरेर ओजस्वीतिर फर्कियो (पृ. ११)

विवाह गरेर गएपछि मीठो पकाएर खुवाउनुपर्छ छोरीको जातले भन्ने सोच राखेको विश्वामित्रले छोरो मेनविलाई भने राजकुमार जस्तो जीवन दिन चाहन्छ तर छोरी ओजस्वीलाई भने विहे गरेर पठाउने विचारले लैङ्गिक विभेद देखिन्छ । आफूले बनाएको गाजरको हलुवा कस्तो छ भनेर बुबासँग सोधेको बेला विश्वामित्रले यस्तो प्रतिक्रिया दिएको छ जसले लैङ्गिक विभेद देखाएको छ :

"कत्ति मिठो, साह्रै मीठो पकाएकी छौ ओजु ! अब तिमी पास गाजरको हलुवा पकाउन । भोलिपर्सि विहे भएपछि पनि यसरी नै जम्छ तिम्रो सीप (पृ. ५८) ।"

मेनकाले गीतालाई काम गर्ने नोकर्नीको रूपमा तथानाम गाली गरेकी छ । कसैको मन नदुखाउने मेनकाले किन गीताको मन दुखाउने वचन बोली त ? यसबाट उसको सामन्त प्रवृत्ति झल्किएको देखिन्छ । जस्तैः

"कस्ती चण्डाल रहिछे, उसलाई खान लाउनको कुनै कमी गरेको छैन, त्यही पनि बालकको जुश चोरेर खाने कुजात रैछ यो (पृ. ११४) ।"

"गीता सानु राजाले जुश खाएन भनेको होइन ? छि ..... तँलाई लाज लाग्दैन ? गाउँबाट आउँदा कस्ती थिइस्, अहिले ऐनामा हेर्दा आफूलाई चिन्छेस्, हेर नानी, अलिकति पाप-धर्मको पनि विचार गर्नुपर्छ । तैँले यस बालकसँग दुष्ट्याइँ गरिस् भने तेरो भलो कसरी होला (पृ. ११६) !"

यसैगरी मेनविले लिटो राम्रोसँग खाएको खुसीयाली व्यक्त गर्दै गीताले व्यक्त गरेको प्रतिक्रिया मन नपरेर मेनकाले गीतालाई नराम्रा शब्द प्रयोग गरेकी छ । यसबाट उसको सामन्ती प्रवृत्ति बेजोड रूपले देखिएको छ :

"आज मज्जाले खाइस्यो !" गीताले खुसी भएर जानकारी दिई ।

"एइ बोक्सी, त्यसरी मज्जाले खाएको भन्नुहुन्न भनेको होइन ? अब तेरै आँखा लाग्छ, भोलिदेखि खाँदै खाँदैन (पृ. १२०) ।"

त्यसैगरी गीता दिदीलाई मेनकाले गाली गरेको देखेर गीताप्रति आत्मीय बन्दै आफ्नी आमालाई गाली गर्दै मेनविले बालबोलीमा यस्तो भनेको छ जसले गीता दिदी र आफ्नी आमालाई समान रूपमा हेरेको पाइन्छ :

"गीतादी ! मामु छुच्चो, तिमीलाई दाली तिन दरेको, छुच्चो मामु (पृ. ११६) !"

त्यसैगरी मनजङ्गले आफ्नी स्वास्नी चन्द्रकलाप्रति कुनै प्रेम दर्शन गर्न सक्दैन । चन्द्रकला भने मनजङ्गसँग आकर्षित हुन्छे । यसै क्रममा मनजङ्गले यो आइमाईलाई लाज लाग्दो रहेनछ ! भन्दै नारीप्रति घृणाको शब्द प्रयोग गरेको छ जसले लैङ्गिक विभेद सिर्जना भएको देखिन्छ ।

त्यसैगरी काम गर्ने केटा तथा केटीको रूपमा उपस्थित गीता, रमेश जस्ता पात्रहरूले पनि उच्चस्तरीय भाषा बोलेका छन् जसले कुनै भेद सिर्जना गरेको पाइँदैन । जस्तैः

“दुल्हैसाब ! उमा दिदी आउनुभएको थियो । हजुरले तेल मालिस गर्न बोलाइस्सेको थियो रे, धेरै बेर पर्खेर जानुभयो । भोलि दिउँसो आउने रे (पृ. १५) ।”

“उमेश ! भुजा तयार भयो ?” मेनकाले सोधी

“दुल्हैसाब ! सबै ठीक पारिसकेँ, ज्यूनार गरिस्सिने होइन ?” उमेशले जवाफ दियो (पृ. ८७) ।

मेनकाले आफूलाई गाली गरेको बेला माफी माग्दै गीताले यस्तो भाषा प्रयोग गरेकी छ :

“दुल्हैसाहेब, गल्ती भयो माफ गरिदिस्योस्, अब यस्तो कहिले हुने छैन (पृ. ११६) ।”

यसरी यस उपन्यासमा पात्रहरूले आफ्नो स्तर र भूमिका अनुसारको भाषा प्रयोग गरेको पाइन्छ । तर कतिपय पात्रहरू जस्तै गीता, उमादिदी  जस्ता अशिक्षित पात्रहरूले पनि शिक्षितले जस्तै सभ्य र उच्चस्तरीय भाषा प्रयोग गरेको पाइन्छ । लैङ्गिक रूपमा केही असमानता रहे पनि पछि गएर पात्रहरू अनुकूल हुँदै लैङ्गिक समतायुक्त भाषाको प्रयोग भएको पाइन्छ । कतिपय पुरुषपात्रहरू सुरुमा प्रतिकूल देखिएपनि पछि अनुकूल देखिएका छन् र भाषामा पनि त्यही स्थिति देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

इन्दिरा प्रसाईंको विश्वामित्र उपन्यासको मूल दृष्टिकोण नारीवादी रहेको छ । आफ्नो हक, अधिकार र अस्तित्वको रक्षाका लागि नारीहरू जीवन परित्याग गरेर होइन कि हरेक समस्यासँग सम्झौता गरेर अगाडि बढ्नुपर्ने दृष्टिकोण राखेको छ यो उपन्यासले । जतिसुकै नीच काम गरे पनि पुरुषहरू ठाडो शिर गरेर हिँड्न सक्छन् तर नारीहरूले परिस्थितिवश कुनै नराम्रा काम गरेछन् भने पनि समाजमा शिर झुकाएर हिँड्नुपर्ने विवशता रहेको छ हाम्रो नेपाली समाजमा । तसर्थ पितृसत्तात्मक समाजमा नारी जातिले पनि आफ्नो अस्तित्व जोगाउन तथा पुरुषसरह सम्मानित भएर यही समाजमा जिउन सक्नुपर्छ तर कायर भएर समस्यासँग डराएर आत्महत्याको बाटो रोज्ने होइन भन्दै सम्पूर्ण नारीहरूलाई सचेत हुनुपर्ने सन्देश दिएको छ यस उपन्यासले । नारीहरूले जतिसुकै स्वतन्त्रता चाहेपनि एकदिन उनीहरू घर परिवार तथा समाजबाट पलायन हुनुपर्ने विवशता रहेको देखाउँदै नारीको कारुणिक अवस्थाको चित्रण गरिएको यस उपन्यासमा पुरुषको छली, कपटी र धोकेबाज प्रवृत्तिलाई समयमै बुझेर त्यस्ता पुरुषको पापी पन्जाबाट मुक्त हुनुपर्छ भन्दै सम्पूर्ण नारीहरूलाई सन्देश दिइएको छ । आफ्नो सीपको सदुपयोग गरेर नारीहरूलाई अघि बढ्ने हौसला प्रदान गर्नुको सट्टा नारीलाई खेलौना र मनोरञ्जनको साधनको रूपमा मात्र हेर्ने पुरुष वर्गको तीतो यथार्थ प्रस्तुत गरिएको यस उपन्यासले नारी भएर पुरुषलाई खुसी पार्न घरभित्रै सजिएर मात्र बस्ने होइन, समाज अनि देशका लागि केही योगदान दिन सक्नुपर्छ भन्ने सन्देश दिएको छ । साथै नारी वर्गले पनि आफ्नै सहयात्री नारीको खुट्टा तान्नुको सट्टा उसको खुसी, स्वतन्त्रता, अधिकार र अस्तित्वका लागि लड्नुपर्छ भन्ने सन्देश दिएको छ । हतारमा गरिएको आफ्नो अविवेकी निर्णयको कारण जीवनभर पछुताएर अन्त्यमा आत्महत्यालाई अँगाल्ने कमजोर, निरीह नारीहरूलाई आवेशमा आएर निर्णय गर्न नहुने सन्देश दिइएको यस उपन्यासमा पति पत्नीले एक अर्काको भावना बुझेर सहयात्री बन्दै अगाडि बढ्नुपर्ने सन्देश दिइएको छ । आत्महत्या समस्याको समाधान होइन, यसले त झन् अपराधीहरूलाई अपराधतर्फ प्रेरित

गरिरहेको हुन्छ । तसर्थ समस्यासँग सम्झौता गरी जीवनलाई सुखी र खुसी बनाउनतर्फ अग्रसर हुनुपर्ने सन्देश सम्पूर्ण नारीजातिलाई दिएको छ यस उपन्यासले । यस उपन्यासको लैङ्गिक अध्ययनमा लैङ्गिक भूमिका, चारित्रिक भूमिका, वैचारिक पक्ष, लैङ्गिक चेतना, लैङ्गिक भाषा आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । **विश्वामित्र उपन्यासको लैङ्गिक अध्ययन** बाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

- उपन्यासमा लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक भूमिकामा महिला र पुरुषको समान सहभागिता रहेको पाइयो । पुनर्उत्पादक भूमिकामा भने पुरुष सहभागिता कम रहेको पाइयो ।
- पात्रगत दृष्टिबाट प्रस्तुत उपन्यासको अध्ययन गर्दा उपन्यासमा महिला र पुरुष पात्रको समान सहभागिता पाइन्छ । जसमा लैङ्गिक विभेद नरहेको पाइन्छ ।
- उपन्यासमा नारीहरू सुरुमा स्वतन्त्र भएर नराम्रो बाटोतर्फ लागेपनि पछि नराम्रो राम्रो बाटो परित्याग गरेका छन् । तर पुरुषहरू भने नराम्रो बाटोतर्फ लागिरहेको देखिन्छ ।
- नारीहरूलाई खराब बाटोतर्फ प्रेरित गर्ने हात पुरुषको नै भएको स्पष्ट पार्दै पुरुषमाथि दोषारोपण गरिएको छ ।
- समस्याको समाधान आत्महत्या होइन, बरु समस्यासँग सामना गरेर समाजमा प्रतिष्ठित भएर बाँच्न सक्नुपर्छ भन्दै पुरुषको शोषणका विरुद्धमा आवाज उठाउनुपर्ने सन्देश दिइएको छ ।
- समस्यासँग डराएर आत्महत्याको बाटो रोज्दै जाने हो भने कुनै दिन यो संसारमा नारीको अभाव हुने विचार व्यक्त गरिएको छ ।
- भाषिक दृष्टिकोणबाट हेर्दा उपन्यासमा प्रयुक्त भाषामा केही मात्रामा लैङ्गिक असमानता देखिएपनि समग्रमा समानता पाइन्छ ।
- पुरुषले नारीलाई भोग्य वस्तुका रूपमा मात्र लिने गरेको तीतो यथार्थ प्रस्तुत गरिएको यस उपन्यासमा पुरुषलाई यौन पिपासुको रूपमा प्रस्तुत गरिएको छ ।
- आफ्नो स्वार्थ पूरा गर्न पुरुषले जस्तोसुकै नीच र घृणित कार्य गर्न पनि अग्रसर हुने रहेछ भन्ने विचार व्यक्त भएको छ ।
- पितृसत्तात्मक समाजका कुसंस्कारलाई प्रतिकार गर्दै आत्मनिर्भरताको बाटो अँगाली विद्रोह गर्न सकिने कुरा उपन्यासमा पाइन्छ ।

- पुरुषसरह नारी पनि स्वतन्त्रपूर्वक आफ्ना इच्छाहरू पूरा गर्न पछि पर्नु हुँदैन भन्ने भाव बोकेर यस उपन्यासमा चन्द्रकलाको उपस्थिति देखाइएको छ ।
- हतारमा निर्णय गरेर फुर्सदमा पछुताउन नहुने भन्दै आफ्नो निर्णयमा अडिक हुन नसक्ने विश्वामित्र जस्ता धोकेवाज पुरुषले नारीको जीवन तहसनहस पार्दै मृत्युको मुखतर्फ धकेलेको तीतो यथार्थ प्रस्तुत गरिएको छ ।
- एकअर्काको प्रेम र भावना बुझेर पति-पत्नी सहयात्री भई अघि बढ्नुपर्ने विचार व्यक्त गरिएको छ ।
- नारीहरू एक आपसमा हातेमालो गर्दै एक अर्काको स्वतन्त्रता र अस्तित्व रक्षाका लागि अघि बढ्नुपर्ने सन्देश दिएको छ यस उपन्यासले ।
- पुरुषले नारीलाई उपभोग्य वस्तु वा यन्त्र बनाएको तीतो यथार्थ चित्रण गरिएको यस उपन्यासमा नारीहरूले कुनै प्रतिकार गर्न नसकेको देखिन्छ । बरु चुपचाप लोग्नेको शोषण भोग्न विवश छन् नारीहरू ।
- सम्पत्तिका लागि पुरुषले चरित्रहीन नारीलाई पनि विवाह गर्न मन्जुर हुने रहेछ भन्ने कुरा मनजङ्ग दाइको कथाले स्पष्ट पारेको छ ।
- घरबाहिरका काम, कार्यालयका काम, समाजसुधार जस्ता कामहरू पुरुषसरह नारीले पनि गर्न सक्छन् भन्ने कुराको चित्रण पाइन्छ । साथै पुरुषले जस्तै नारीले पनि कमाएर आफ्नो लोग्ने तथा छोराछोरीलाई पालनपोषण गर्न सक्छे भन्ने कुरा उमा दिदीको कथाबाट स्पष्ट हुन्छ ।
- पुरुषका छली, कपटी र नीच प्रवृत्तिका कारण आज हरेक नारीहरू जीवनदेखि हार खाएर मृत्युलाई अँगाल्न विवश छन् भन्ने कुरा उपन्यासमा दिइएको छ ।
- जिब्रामा पारिएको पोटासियम साइनाइडभन्दा मनमा रोपिएको पोटासियम साइनाइड बढी भयानक हुने कुरा उल्लेख गर्दै नारी जतिसुकै ठूला शारीरिक पीडा सहन सक्छे तर मनको पीडा सहन सक्दिन बरु मृत्युलाई अँगाल्न सक्छे भन्ने यथार्थ प्रस्तुत गरिएको छ ।
- नारीको हृदयलाई होइन उसको शरीरलाई मात्र प्रेम गर्ने पुरुषको नीच प्रवृत्तिलाई उदाङ्गो पारिएको छ ।
- तत्कालीन राणाहरूको भोग, विलासी प्रवृत्तिको उद्घाटन गर्नुका साथै नारीलाई खेलौना सम्झने नीच पुरुष प्रवृत्तिको उद्घाटन गरिएको छ ।

## ५.२ सुझावहरू

- लैङ्गिक भूमिकाका आधारमा पुरुषहरूले घरायसी काममा पनि सक्रियताका साथ लाग्नुपर्ने देखिन्छ ।
- नारीहरूलाई भोग्य वस्तुका रूपमा मात्र हेर्नु हुँदैन । उनीहरूको सीपको सही सदुपयोग हुनुपर्छ ।
- महिलाहरूलाई सामाजिक हक अधिकारको सुनिश्चित हुनुपर्ने देखिन्छ ।
- महिलाहरूले हटेर होइन डटेर आफ्नो स्वतन्त्रता र स्वाभिमानी जीवनको उपयोग गर्न पाउनुपर्छ ।
- पुरुषको छली, कपटी, स्वार्थी, नीच प्रवृत्तिप्रति नारीहरू एकतामा बाँधिएर प्रतिकार गर्न सक्नुपर्छ ।
- महिलाका चाहना र आवश्यकतालाई पुरुषले बुझ्नुपर्ने देखिन्छ ।
- महिलाहरू सजावटका साधन वा गोजीका सामान होइनन् । उनीहरू पनि पुरुष जत्तिकै क्षमता र दक्षता भएका छन् भन्ने कुरा बुझ्नु आवश्यक छ ।
- आवेशमा आएर कुनै पनि निर्णय गर्न नहुने देखिन्छ ।
- पति देवता होइन, आफू जस्तै व्यक्ति हो भन्ने भावना हरेक नारीमा विकसित हुनुपर्ने देखिन्छ ।
- समस्याको समाधान आत्महत्या होइन भन्ने चेतना हरेक नारीमा विकसित हुनुपर्ने देखिन्छ साथै शिर झुकाएर होइन, शिर ठाडो पारेर अगाडि बढ्नुपर्ने देखिन्छ ।
- घरभित्रको काम नारीले मात्र गर्नुपर्छ भन्ने मान्यताको अन्त्य गरी नारी र पुरुष दुवै मिलेर सबै काम गर्नुपर्ने देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

(क) **विश्वामित्र** उपन्यासको भाषिक विश्लेषण

(ख) **उसको लोग्ने र विरालो** उपन्यासको लैङ्गिक अध्ययन

(ग) **शिखा** उपन्यासको लैङ्गिक अध्ययन

## सन्दर्भसामग्रीसूची


आचार्य, बलराम (२०६८), **लैङ्गिक र महिलावादी अध्ययन**, काठमाडौं : नेसनल बुक सेन्टर ।

काफ्ले, सरिता (२०६८), **उपन्यासकार इन्दिरा प्रसाईं,** स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग ।

कुँवर, मीनबहादुर (२०६५), **कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक अवस्था** (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रि.वि. शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन केन्द्रीय विभाग, त्रि.वि. ।

के.सी., मीनबहादुर (२०६७), **प्राथमिक तहका नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रहरूको लैङ्गिक अध्ययन** (अप्र.) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

खनाल, राजेन्द्र (२०६६), 'पहेँलो गुलाफ कथामा लैङ्गिक चेतना', ***सम्प्रेषण*-६,** काठमाडौं : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

जोशी, भुवनराज (२०६६), **प्राथमिक तहको शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक समानताको अवस्था**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, जयन्ती (२०६८), **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन,** (अप्र.), स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, लीलाधर (२०६८), **एक चिहान उपन्यासको लैङ्गिक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, सन्दिप (२०६८), **समानान्तर आकाश उपन्यासको लैङ्गिक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

प्रसाईं, इन्दिरा (२०५५), **विश्वामित्र,** काठमाडौं : पिलग्रिम्स प्रकाशन ।

भट्टराई, सुरेन्द्र (२०५५), **इन्दिरा प्रसाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** स्नातकोत्तर शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : पिनाकल पब्लिकेसन ।

रिमाल, गोपालप्रसाद (२०१६), **यो प्रेम,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), **साधारण नेपाली,** काठमाडौँ : शुभकामना प्रकाशन ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६६), **शिक्षाका आधारहरू,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, श्यामप्रसाद (?) **आइमाई साथी,** काठमाडौँ : ललितपुर साझा प्रकाशन ।

श्रेष्ठ, तिलमाया (२०६७), **तीन घुम्ती उपन्यासको लैङ्गिक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

**सम्प्रेषण,** वार्षिक पत्रिका अङ्क ६ (२०६६), सम्प्रेषण परिवार, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, रामप्रसाद (२०६७), **लैङ्गिक विकास र दृष्टिकोण, लैङ्गिक समविकास शिक्षा,** वर्ष ११, अङ्क ११, भक्तपुर : शिक्षा विभाग ।